



# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA



नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्

कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं

सम्पर्क : ९८०१००३७३७, ०१-४२६११७९

एक्सटेन्सन: १११/११२ (९ बजेदेखि ६ बजेसम्म)



» बुधबार, पुस १९, २०७४ » Wednesday, January 3, 2018 » www.newsofnepal.com » नेसं ११३८ पोहेलागा २ » वर्ष २३, अंक ३४९ » पृष्ठ १२ » मूल्य रू. १०/–





# शीतलहरको कहर

## कठ्याङ्ग्रिएर एकको मृत्यु



टीका बन्धन, काठमाडौं

हरेक वर्षको मध्य हिउँदमा दोहोरिने शीतलहरको प्रभावले यसपटक पनि तराईको जनजीवन प्रभावित बनाएको छ। कठ्याङ्ग्रिँदो जाडोले अन्यत्रभन्दा भारतसँग सीमा जोडिएका दक्षिणी भेगका बस्तीको जनजीवन प्रत्यक्ष प्रभावित बनेको छ।

स्थानीय प्रशासनले जाडोबाट बच्न स्थानीयलाई बाक्लो लुगा लगाउन, आगो ताप्न र अत्यावश्यक कामबाहेक घरबाहिर ननिस्कन आह्वान गरे पनि राहतका कार्यक्रम अघि सारेको छैन। तर, गृह मन्त्रालय यो विषयमा गम्भीर रहेकाले आवश्यकताअनुसार तत्काल समस्या सम्बोधनमा जुट्ने सो मन्त्रालयका प्रवक्ता नारायणप्रसाद शर्मा दवाडीले बताउनुभयो।

यही महिनाको पहिलो साता कपिलवस्तुको चन्द्रौटामा जाडोले कठ्याङ्ग्रिएर एक अपरिचित व्यक्तिको निधन भएको थियो। अन्यत्रबाट यस्तो खबर नआएको दवाडीले बताउनुभयो। धेरै दिनसम्म घाम नलाग्नु, निरन्तर बाक्लो कुहिरो लाग्नु, पानी परेझैं शीतका थोपा खस्नु, कठ्याङ्ग्रिने गरी जाडो हुनु नै शीतलहरको संकेत हो। तर, जल तथा मौसम पूर्वानुमान महाशाखाले भने यस वर्ष अझै औपचारिकरूपमा शीतलहर शुरू भएको घोषणा गरेको छैन।

बाक्लो हुस्सु र कुहिरोले तराईका धेरै भू-भाग ढाके पनि धेरै ठाउँको मौसम अपराह्नको समयमा खुल्ने गरेकाले शीतलहर भन्न नमिल्ने महाशाखाका मौसमविद् वरुण पौडेलले बताउनुभयो। 'यो हप्ता केही बढी 'थिक फग' (बाक्लो कुहिरो) लागेको छ, तर गत साता खासै थिएन, मौसम धुम्मिने र खुल्ने क्रम जारी छ', उहाँले भन्नुभयो- 'निरन्तर ४८ घण्टा वा सोभन्दा बढी समयसम्म घाम नदेखिने अवस्था बन्यो भने मात्र शीतलहर मान्ने गरिन्छ।' पौडेलका अनुसार निरन्तरको बाक्लो हुस्सुसँगै औसत तापक्रमसमेत एकैदिनमा १० डिग्रीको हाराहारीमा झरेको अवस्थामा मात्रै शीतलहर घोषणा गर्ने गरिन्छ।

महाशाखाले हरेक वर्ष अंग्रेजी महिनाको डिसेम्बर पहिलो सातादेखि हरेक दिन बिहान हुस्सु र कुहिरोको अवस्था जानकारी गराउँदै आएको छ। सो निकायका अधिकारीहरूका अनुसार नेपाललगायतका अन्य विकसित मुलुकमा पनि शीतलहरको प्रभाव अध्ययन/अवलोकन गर्न स्याटेलाइट तस्वीरको सहयोग लिने प्रचलन छ। शीतलहरको प्रभाव कस्तो हुने, कति लामो अवधिसम्म रहन सक्छ भनेर पूर्वानुमान गर्ने उपकरण र संयन्त्र महाशाखामा छैन। त्यस्तो प्रविधि र यन्त्र विकसित मुलुकहरूमा अभ्यासमा नरहेको मौसमविद्हरू बताउँछन्।

तर, विगतको अवस्थालाई नियाल्दा सन् १९९८ र २००५ मा नेपालको तराई भेग निरन्तर ३ सातासम्म शीतलहरको प्रत्यक्ष प्रभावमा परेको मौसम पूर्वानुमान महाशाखाको तथ्यांक छ। यसपटकको मध्य हिउँदे अवधि अझै बाँकी रहेकाले शीतलहरको प्रभाव बल्झिने सम्भावना उच्च रहेको मौसमविद् पौडेलको अनुमान छ। उहाँले प्रस्ट्याउँदै भन्नुभयो- 'अहिले वायुमण्डलमा जलवाष्पयुक्त हावा न्यून भएकाले खासै ठूलो प्रभाव देखिएको छैन, तर पश्चिमी वायुले जलवाष्पयुक्त हावा भित्र्यायो भने बाक्लो हुस्सु र शीतलहर चल्न सक्छ।' तत्कालै त्यस्तो सम्भावना नरहे पनि माघ दोस्रो सातासम्ममा त्यस्तो संकेत विकास हुन सक्ने पौडेलको अनुमान छ।

भारतसँग सीमा जोडिएका तराईका भेगमा सन् १९९० पछि शीतलहरको प्रभाव देखिन थालेको हो। गंगा नदी र यसका सहायक नदी, सिँचाइ नहर, औद्योगिक करिडोर र आसपासमा बढ्दो प्रदूषणको कारणले शीतलहरको प्रभाव बढ्न थालेको विज्ञहरू बताउँछन्। नेपाल, भारत र बंगलादेशको 'इन्डोगङ्गेटिभ रेन्ज' मा शीतलहरको प्रभाव दोहोरिने गरेको उनीहरूको तर्क छ। भारतसँग सीमा जोडिएको तराईको भू-भाग, भारतको विहार, उत्तर प्रदेश, दिल्ली, हरियाणा र बंगलादेशसम्म हरेक वर्ष यस्तो प्रभाव दोहोरिने गर्छ।

# सिलवालविरुद्ध पक्राउ पुर्जी

दीपक रिजाल, काठमाडौं

प्रहरी महानिरीक्षक बढुवाका लागि नक्कली कागजात प्रयोग गरेको ठहर गर्दै कारबाही गर्न सर्वोच्च अदालतले निर्देशन दिएपछि महानगरीय प्रहरी परिसर काठमाडौंले पूर्वडीआईजी तथा एमाले सांसद नवराज सिलवाललाई पक्राउ गर्न पक्राउ पुर्जी जारी गरेको छ।

ललितपुर क्षेत्र नम्बर १ बाट निर्वाचित संसाद सिलवाललाई आईजीपी बढुवासम्बन्धी मुद्दामा कार्यसम्पादन मूल्यांकन कीर्ते गरेको भन्ने फैसालको आधारमा प्रहरीले पक्राउ पुर्जी जारी गरेको अनौपचारिक जानकारी आफूले पाएको महानगरीय आयुक्त कार्यालय प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक जयबहादुर चन्दले जानकारी दिनुभयो।

एआईजी चन्दले काठमाडौं प्रहरी प्रमुखले पक्राउ पुर्जी जारी गरेको मौखिक जानकारी आफूलाई दिएको तर अहिलेसम्म पत्र भने कार्यालयमा दर्ता नभएको जानकारी दिनुभयो।



प्रहरी परिसर काठमाडौंले पक्राउ पुर्जी जारी गर्न अघिल्लो दिन सोमबार नै सांसद सिलवाल मलेसिया गएको उहाँको पारिवारिक स्रोतले जानकारी दिएको छ।

प्रधानमन्त्री शेरबहादुर देउवाले प्रहरी महानिरीक्षक प्रकाश अर्याललाई टेलिफोन गरी सिलवाललाई किन अहिलेसम्म पक्राउ नगरेको अदालतले त्यत्रो आदेश दिँदा किन बेवास्ता गरेको भन्दै प्रश्न गरेपछि आईजीपी अर्यालले तत्काल पक्राउ पुर्जी जारी गर्न निर्देशन दिएको बताइएको छ।

प्रहरी महानिरीक्षक अर्यालले काठमाडौंका एसएसपी रवीन्द्र धानुकलाई सिलवालविरुद्ध तत्काल पक्राउ पुर्जी जारी गर्न निर्देशन दिएपछि पक्राउ पुर्जी जारी गरे पनि एसएसपी धानुक भने सञ्चारमाध्यमसँग तर्कनुभएको छ। उहाँसँग उपलब्ध भएका सबै फोन नम्बरमा सम्पर्क राख्दा उहाँले फोन उठाउनुभएको छैन। महानरीय प्रहरी परिसर काठमाडौंका प्रवक्ता प्रहरी उपरीक्षक रामदत्त जोशीसँग सम्पर्क राख्दा उहाँले आफू केही दिनदेखि बिदामा रहेकाले यसबारे आफूलाई केही जानकारी नभएको बताउनुभयो।

महान्यायाधिवक्ताको कार्यालयले प्रहरी परिसर काठमाडौंलाई पत्र लेखेर सिलवालविरुद्ध कारबाही अगाडि बढाउन निर्देशनसहितको उजुरी दर्ता गराएपछि परिसरले कारबाही प्रक्रिया अगाडि बढाएको थिएन। पुस ५ गते परिसरमा दर्ता भएको उजुरीलाई बेवास्ता गर्दै आएको परिसरलाई आईजीपी अर्यालले जुनसुकै हालतमा सिलवाललाई पक्राउ गरी कानुनी दायरमा ल्याउन निर्देशन दिएपछि परिसरले पक्राउ पुर्जी जारी गरेको परिसरका एक अधिकृतले नेपाल समाचारपत्रलाई जानकारी दिए।

(क्रमशः पृष्ठ ९ मा)

# 'छिटो मिति घोषणा गर'

सुनील महर्जन, काठमाडौं

» प्रमुख निर्वाचन आयुक्त-प्रम भेट

» माघ २५ को मिति प्रस्तावित

राष्ट्रिय सभा निर्वाचन

निर्वाचन आयोगले राष्ट्रिय सभाको निर्वाचनको मिति घोषणा गर्न सरकारसमक्ष आग्रह गरेको छ।

प्रमुख निर्वाचन आयुक्त डा. अयोधिप्रसाद यादवसहित आयुक्तहरूले मंगलबार साँझ प्रधानमन्त्री शेरबहादुर देउवालाई भेटेर सो आग्रह गरेका हुन्।

राष्ट्रिय सभाको निर्वाचनअघि नै प्रतिनिधिसभाको समानुपातिकतर्फको निर्वाचन सार्वजनिक गर्न वाम गठबन्धनले आयोगलाई दबाब दिइरहेको छ। यस्तो पृष्ठभूमिमा आयुक्तहरूले प्रधानमन्त्री देउवालाई चाँडै राष्ट्रिय सभाको मिति घोषणा गर्न आग्रह गरेका हुन्। प्रधानमन्त्री देउवासँगको भेटमा आयोगले राष्ट्रिय सभाको निर्वाचनका लागि माघ २५ गतेको दिन प्रस्तावित गरिएको बुझिएको छ।

'राष्ट्रिय सभाको निर्वाचनका लागि कम्तीमा ३० देखि ४० दिन चाहिन्छ। त्यसलाई आँकलन गर्दै माघ २५ को मिति प्रस्तावित गरिएको हो' -प्रमुख निर्वाचन आयुक्त डा. अयोधिप्रसाद यादवले नेपाल समाचारपत्रसँग भन्नुभयो। राष्ट्रिय सभाको निर्वाचन सम्पन्न नभइकन प्रतिनिधिसभाको समानुपातिकतर्फको परिणाम कानुनतः सार्वजनिक गर्न नमिल्ने स्थितिमा अहिले अलमलिएको राजनीतिलाई निकास दिन पनि राष्ट्रिय सभाको निर्वाचनको मिति चाँडोभन्दा चाँडो घोषणा गर्नुपर्ने आयोगको बुझाइ रहेको छ।

प्रमुख आयुक्त डा. यादवले प्रदेश प्रमुख नियुक्तिको सन्दर्भ उल्लेख गर्दै प्रदेशसभा सदस्यले शपथ ग्रहण नगरी राष्ट्रिय सभा सदस्यको निर्वाचनमा मतदाता हुन नसक्ने बताउनुभयो।

(क्रमशः पृष्ठ ९ मा)

# हलेसीको आगलागी नियन्त्रणमा

## ४ घर नष्ट, ३ घरमा क्षति

रामधन राई, खोटाङ

खोटाङको प्रसिद्ध धार्मिक तथा पर्यटकीयस्थल हलेसीमा भएको भीषण आगलागी नियन्त्रणमा आएको छ। हलेसी तुवाचुङ नगरपालिका-७ महादेवस्थानका व्यवसायी मगम राईको घरबाट



मंगलबार साँझ ७:३० बजे शुरू भएको आगो स्थानीय तथा प्रहरीको प्रयासमा तीन घण्टापछि नियन्त्रणमा आएको प्रहरीले जनाएको छ।

आगोले भीषण रूप लिँदा सोही स्थानका उचितबहादुर राई, प्रकाशचन्द्र गिरी र तम्बराज राईको घर पूर्णरूपमा जलेर नष्ट भएको छ भने अन्य ३ घरमा क्षति भएको जनाइएको छ। अन्य क्षतिको विवरण तथा आगालागीको कारण भने खुल्न सकेको छैन।

घरमा राखिएको ग्यास पड्किरहेकाले आगोलाई नियन्त्रणमा लिन मुस्किल परेको थियो। आगो नियन्त्रण बाहिर गएपछि बेलुकी ८:३० बजे रूपाकोट मझुवागढी नगरपालिका दिक्तेलबाट दुई घण्टा दूरीमा रहेको घटनास्थलतर्फ दमकल पठाइए पनि दमकल नपुगी नै आगो नियन्त्रणमा लिन सफल भएको स्थानीयले जनाएका छन्। बाक्लो बजारमै आगो लागेकाले हलेसीबासी त्रसित बनेका थिए।

## रानीपोखरीका अधिकांश संरचना मल्लकालीन

# रानीपोखरीको उत्खनन शुरू

ईश्वरराज ढकाल, काठमाडौं

रानीपोखरीमा पानी जम्मा गर्न निर्माण गरिएको पर्खाल मल्लकालीन भएको तथ्य फेला परेको छ। विज्ञ समूह गठन भएको ६ दिनपछि मंगलबारदेखि सो उत्खनन गर्ने क्रममा यस्तो तथ्य फेला परेको हो। रानीपोखरी पुनर्निर्माणसम्बन्धी विज्ञ समूहका संयोजक एवं पुरातत्त्व विभागका पूर्वमहानिर्देशक विष्णुराज कार्कीले उत्खननका क्रममा ९ किसिमका मल्लकालीन इँटा फेला परेको र पोखरीको मुख्य संरचना मल्लकालीन भएको बताउनुभयो।

अन्य विषयमा थप अनुसन्धान गर्न बाँकी रहेको जानकारी दिँदै संयोजक कार्कीले थप्नुभयो- 'यसलगत्तै पोखरीको चारै सीमाना, बालगोपालेश्वर मन्दिर, मन्दिरसम्म पुग्ने ब्रिजलगायत सम्पूर्ण क्षेत्रको उत्खनन गरिनेछ। काठमाडौं महानगरपालिकाले नयाँ संरचनाअनुसार रानीपोखरीको पुनर्निर्माण शुरू गरेको थियो।



रानीपोखरीको सम्पूर्ण संरचनाको अध्ययन गर्न यो उत्खनन शुरू गरिएको हो। पोखरीको सतहको वरिपरिको सम्पूर्ण भाग माटोको जोडाइ गरी पोखरीमा पानी जम्मा गरिएको थियो। पुरातत्त्व विभागका प्रमुख पुरातत्त्व अधिकृत रामबहादुर कुँवरसहितको प्राविधिक टोलीले उत्खनन गर्दा बालुवा र कालोमाटोपछि पानी निस्किएको थियो। टोलीले रानीपोखरीको पश्चिम र दक्षिणी भागबाट उत्खनन शुरू गरेको हो। दक्षिणी भागमा प्रताप मल्ल हात्तीमा चढेको मूर्ति छ। उत्खनन कार्यमा संस्कृतिविद् सुदर्शनराज तिवारीसहितको टोलीको उपस्थित रहेको थियो।

पानी जम्मा गर्न ९ तहमा पर्खाल लगाइएको छ। केही स्थानमा माटोको जोडाई गरिएको छ भने अन्य स्थानमा पानी जम्मा हुने गरी माटोबिनाकै जोडाई गरिएको फेला परेको छ। कामपाले सिमेन्टको पर्खाल लगाएर पुनर्निर्माण गर्न खोज्दा स्थानीयले विरोध जनाएपछि मन्त्रिपरिषद्को बैठकले पुरातत्त्व विभागको ड्इङ र डिजाइनको आधारमा रानीपोखरी अध्ययन गरी पुनर्निर्माण गर्न कामनपालाई निर्देशन दिएको थियो।

(क्रमशः पृष्ठ ९ मा)

# महानगर

2018, JAN
Wednesday
3

निर्माणको काम थालेको १५ वर्ष बितिसक्दासमेत धोबीखोला करिडोरको काममा सन्तोषजनक देखिँदैन। करिडोरमा सहज तरिकाले सवारी गुडाउन सकेको छैन। आयोजनाको सबैजसो काम धिमा गतिमा अघि बढिरहेको छ।

# कछुवा गतिमा तीन करिडोर

सुरेश तामाङ, काठमाडौं

राजधानी काठमाडौंमा बढ्दो जनसंख्याको चापलाई व्यवस्थापन गर्नका लागि निर्माण शुरू गरिएको ३ करिडोर कुछुवा गतिमा अगाडि बढेको छ। सरकारले द्रूत गतिमा निर्माण गर्ने भनेपछि स्थानीयको अवरोध, सरकार निकायको बेवास्था र ठेकेदारको ढिलासुस्तीका कारण करिडोर निर्माणको कामले गति लिन सकेको छैन। राजधानी काठमाडौंका साँघुरा सडकसँगै विभिन्न स्थानमा सडक विस्तारको कामले गर्दा ट्राफिक जाम अत्याधिक हुने गरेको छ। वैकल्पिक मार्गका रूपमा निर्माण शुरू गरिएको काठमाडौंको धोबी खोला, बागमती र विष्णुमती करिडोर निर्माणको काम अपेक्षाकृत रूपमा अगाडि बढन सकेको छैन।

सहरी विकास, सवारीको उच्च चापलगायतले गर्दा काठमाडौं उपत्यकाको यातायात सेवा नै अस्तव्यस्त बनेको छ। समयमा नै करिडोर निर्माण नहुँदा जामको चपेटाका कारण सर्वसाधारण हैरान हुँदै आएका छन्।

दैनिक घण्टौं जाममा बस्ने राजधानीबासीका लागि दैनिकी नै भइसकेको छ। करिडोर निर्माण कहिले सम्पन्न हुन्छ भन्ने ग्यारेन्टी अहिलेसम्म छैन। सरोकारवाला निकायले निर्माणमा ढिलासुस्ती हुनु स्थानीय अवरोध भएको बताएको छ। तर स्थानीयको अवरोध नभएको स्थानमा पनि कामले गति लिन सकेको छैन।

काठमाडौं उपत्यकाको यस्तो अवस्थालाई मध्यनजर गर्दै बढ्दो सवारी चापलाई व्यवस्थित गर्न विभिन्न समयमा गठित सरकारले ती कोरिडोरको परिकल्पना गरियो तर कार्यान्वयन पक्षमा फितलो देखिँदा यसको कामले कछुवाको गति लिइरहेको छ।

समयमै काम नसकिँदा यी कोरिडोरहरु सवारी बनाउने ग्यारेज, निर्माण सामग्री थुपार्ने थलो, फोहोरको डंगुर थुपार्ने डम्पिङ साइट बनेका छन्। ३ वटै कोरिडोरमा यस्ता दृश्य देख्न सकिन्छ। यति मात्रै होइन, यस कोरिडोरमा खाल्डा खुल्डी, पानी जम्ने र धुलो उड्ने कारणले समेत कोरिडोर हुँदै यात्रा गर्न कठिन भएर पनि बाध्यताले यात्रा गर्नुपरिरहेको छ।

निर्माणाधीन कोरिडोरको कामको ढिलाइले गर्दा यसको असर प्रत्यक्ष रूपमा काठमाडौंका यातायात सेवालाई परेको छ। निर्माणाधीन धोबीखोला, वागमती, विष्णुमतीलगायत करिडोर सडक सञ्चालनमा ल्याउन सके काठमाडौंको ३० देखि ४० प्रतिशतसम्म सवारी जाम स्वत: हट्ने जानकारहरु



बताउँछन्।

त्यस्तै गरी, शहरमा भएका खोला नदीको सदुपयोग गर्दै बैकल्पिक सडक बनाउने विदेशमा पनि सफल अभ्यास भएकाले यहाँ पनि सवारी व्यवस्थापनमा सफल हुने यातायात विज्ञ आशिष गजुरेलले बताउनुभयो।

'अरु देशहरुमा पनि यसतै खोला नदीलाई व्यवस्थापन गरी

> समयमै काम नसकिँदा यी कोरिडोरहरू सवारी बनाउने ग्यारेज, निर्माण सामग्री थुपार्ने थलो, फोहोरको डंगुर थुपार्ने डम्पिङ साइट बनेका छन्।३ वटै कोरिडोरमा यस्ता दृश्य देख्न सकिन्छ। यति मात्रै होइन, यस कोरिडोरमा खाल्डा खुल्डी, पानी जम्ने र धुलो उड्ने कारणले समेत कोरिडोर हुँदै यात्रा गर्न कठिन भएर पनि बाध्यताले यात्रा गर्नुपरिरहेको छ।

शहरमा बढेको सवारी चापलाई व्यवस्थापन गर्न सफल भएको छ।,' उहाँले भन्नुभयो -'बैकल्पिक सडकको रूपमा विकास हुने भएकाले गर्दा यसले सहरी सवारी चापलाई व्यवस्थापन गर्न टेवा दिन्छ।' तर विशेष प्राथमिकतामा राख्नुपर्ने यस्ता कोरिडोर ढिलासुस्तीका कारण झन् समस्या थपिएको उहाँको बुझाइ छ।

कपन भंगालपुलदेखि बागमती दोभान (खैरोपुल) सम्म ३ चरणमा धोबीखोलाको दुवै किनार गरी जम्मा २४ किमि सडकको ट्र्याक खोल्ने, कालोपत्रे गर्ने, ढल बिछ्याउने, फुटपाथ बनाउने काम भइरहेको धोबीखोला कोरिडोर सुधार आयोजनाले गरिरहेको छ।

हालसम्म यस आयोजनाले ३५ करोड निकासी गरेर २० करोड खर्च गरिसकेको यस आयोजनाले दिएको जानकारीअनुसार हालसम्म समग्र आयोजनाकै कामको प्रगति ४५ प्रतिशत सकेको छ।

निर्माणको काम थालेको १५ वर्ष बितिसक्दासमेत धोबीखोला करिडोरको काममा सन्तोषजनक देखिँदैन। करिडोरमा सहज तरिकाले सवारी गुडाउन सकेको छैन। आयोजनाको सबैजसो काम धिमा गतिमा अघि बढिरहेको छ।



समयमै बजेटको अभाव, स्थानीयको अवरोध, अन्तर निकायबीच समन्वयको अभाव, मुआब्जामा समस्या, सुकुम्बासी बस्ती समस्यालगायतले गर्दा यस कोरिडोरको निर्माणमा ढिलाइ भएको धोबीखोला कोरिडोर सुधार आयोजनाका प्रमुख दीपक श्रेष्ठले बताउनुभयो।

विसं.२०५९ देखि नै धोबीखोलाको निर्माण कार्य थालिएको थियो। तर बल्ल आर्थिक वर्ष २०६७/०६८ देखि मात्रै निर्माणको कामले केही गति लिन थाल्यो। काम उही कछुवा कै गतिमा हिँडिरह्यो।

विष्णुमती नदी किनारको सडकखण्ड कोरिडोरका रूपमा विकास भए पनि हालसम्म कुन निकायले बनाउने भन्नेमा अन्योल नै छ। जसको प्रत्यक्ष असर स्थानीयसहित पूरै यातायात सेवालाई परेको छ। कोरिडोर बन्न अन्यौल थपिँदा विष्णुमती कोरिडोरको सडक किनार फोहोर डंगुर थुपार्ने साइट बनेको छ।निर्माण सामग्री एत्रतत्र राखिएको छ, ढल फुटेर सडकमै एत्रतत्र फैलिएको पानीले गर्दा सवारी साधन आवागमनमा समेत समस्या थपिएको छ।

खोलाको किनारैकिनार टेकु पुलदेखि- शोभा भगवती मन्दिर जाने बाटोको अवस्था यस्तै छ। बाटोको अवस्थाका बारेमा वयान गर्नु साध्य छैन।३ वर्षदेखि यहाँका बासिन्दाले यस्तै समस्या भोगिरहेका छन्।

खोला किनारको सडकमा कतै हिलाम्मे छ भने कतै धुलाम्मे। कतै ढल फुटेर सडकमै पानी वालछ्याल भएको छ।कालोपत्रे पुरै उक्किएर खाल्डाखुल्डी बनेको देख्न सकिन्छ।

१ वर्षअघिसम्म यो सडक एसियाली विकास बैंक (एडीबी)को सहयोगमा काठमाडौं उपत्यका दिगो शहरी यातायात आयोजनाले हेरिरहेको थियो। तर विष्णुमती नदीको संरक्षण गरिरहेको अधिकार सम्पन्न बाग्मती सभ्यता एकीकृत विकास समितिले आफ्नो क्षेत्रधिकारभित्रको सडक भएकाले छोड्न आयोजनालाई सो सडक छोड्न पटक-पटक पत्रचार गरेपछि सडक छोड्दै योजना हटाउन लगाएको आयोजना प्रमुख बेलबहादुर नेपालीले बताउनुभयो।

समितिले बाग्मती दोभानदेखि महादेवखोला दोभानसम्म ६ किमिको भाग विष्णुमती खोलालाई संरक्षण र ढलमुक्त पार्ने काम गरिरहेको जनाएको छ। १ अर्ब लागतको अनुमान गरिएको यस खोलाको संरक्षण र ढल व्यवस्थापनका लागि हालसम्म समितिले ५७ करोड खर्च गरिसकेको छ।

नदी छेउमा सडक निर्माण गर्ने र हरियाली कायम राख्ने उद्देश्ये समितिले लिएको छ।तर यस सडकखण्ड निर्माण गर्ने जिम्मा समितिको नरहेको समितिले नै जनाएको छ। समितिको मुख्य उद्देश्य नदीको ढल व्यवस्थापन र संरक्षण भएको समितिका अधिकारीहरुको धारणा छ।

आव २०७४/०७५ भित्र सम्पन्न गर्ने लक्ष्य लिएर आव २०७१/०७२ का ९ महिनापछि मात्रै खोलामा समितिले काम थालेको हो। लक्ष्य सकिनै लाग्दा पनि यस खोलामा लक्ष्यअनुसारको काम हुन सकेको छैन। हालसम्म जम्मा ५० प्रतिशत काम खोलाको समग्रमा काम सम्पन्न भएको समितिले जनाएको छ।

खोलाको संरक्षण र ढल व्यवस्थापन गर्ने भनेर ३ वर्षदेखि काम गरे पनि खोलामा ढलको समेत अझै व्यवस्थापन हुन सकेको छैन। यस खोला आसपासका बस्तीबाट खोलामा सिधै ढल मिसाउने क्रम पनि रोकिएको छैन।

त्यसैगरी, कोरिडोरमध्ये सबैभन्दा लामो कोरिडोरका रूपमा बागमती कोरिडोरलाई लिइन्छ। गोकर्णेश्वर मन्दिरदेखि बल्खुसम्म साढे १७ किमि सडक यस कोरिडोरअन्तर्गत निर्माण हुँदै छ।

समितिले हालसम्म साढे ३ किमि सडकखण्ड निर्माण भएको जनाएको छ। समितिले गोकर्णेश्वर-गुहेश्वरी, तिलगंगा- सिनामंगल, सिनामंगल- मीनभवन, शंखमुल-थापाथली, थापाथली- बल्खु खण्ड गरी सडक निर्माणको काम भइरहेको जनाएको छ।


# ५६ हजार किलोमिटर सडक बन्यो, व्यवस्थित नहुँदा जोखिम

नेपाल समाचारपत्र

काठमाडौं

शान्ति प्रक्रियापछि गाउँघरमा सडक निर्माण गर्ने होडबाजी नै चलेको छ। तर निर्माण भएका अधिकाशं सडकमा गाडी गुडाउन मात्र होइन मानिस हिँडनसमेत लायकका छैनन्। स्थानीय तह निर्माण भएपछि सरकारले नगरपालिका र गाउँपालिकाहरुका लागि विनियोजन गरेको अधिकांश बजेट अहिले सडक निर्माणमा खर्च भइरहेका छन्। गाउँपालिकाले ७० प्रतिशत बजेट सडक निर्माणमा लगानी गरेका छन्। अधिकांश सडक प्राविधिकको परामर्शबिना नै उपभोक्ता समितिले हचुवाकै भरमा लगानी गर्दा करोडौंको लगानी बालुवामा पानीजस्तै भएको छ।

स्थानीय विकास मन्त्रालयअन्तर्गत रहेको स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (डोलीडार)ले ५६ हजार ६ सय ३२ किलोमिटर सडक निर्माण भएको बताएको छ। २०४७ सालबाट ग्रामीण क्षेत्रसँग सडकको पहुँच पुर्याउने उद्देश्यले शुरू भएको सडक निर्माणअर्न्तगत सो सडक निर्माण भएको हो। साढे ५६ हजार किलोमिटर सडक निर्माण भए पनि सडकको कालोपत्रे र ग्राबेल भने निकै न्यून रहेको छ।



ग्रामीण क्षेत्रमा सडक बिस्तारको कार्यले गति लिए पनि हालसम्म एक चौथाइ मात्र सडक कालोपत्रे भएको छ।

स्थानीय विकास मन्त्रालयअन्र्तगत रहेको पूर्वाधार विकास महाशाखाका प्रमुख रामकृष्ण सापकोटाले सडक निर्माण कार्यले गति लिए पनि अपेक्षाकृत रूपमा सडक निर्माण हुन नसकेको बताउनुभयो। सडक निर्माणसँगै ग्राबेल र कालोपत्रेका लागि करोडौं बजेट लाग्छ, उहाँले भन्नुभयो, 'बजेटअनुसार सडकको स्तरोन्नति गर्ने ग्राबेल गर्ने र कालोपत्रे गर्ने काम भएको छ।' हरेक गाउँबस्तीमा सडक पुगेपछि १२ महिना यातायात सहज रूपमा सञ्चालन गर्न भने कठिनाइ रहेको सापकोटाले बताउनुभयो। सरकारले अहिले हरेक गाउँपालिकाको केन्द्रदेखि सदरमुकामसँग जोडने सडकलाई प्राथमिकतामा राखेको बताए।

अधिकांश सडक पहाडमा निर्माण भएका छन्, दिगो रूपमा सञ्चालन गर्नका लागि धेरै कठिनाइ छ, सुरक्षित यात्रा गर्न लायकको बनाउन अझै धेर लगानी गर्नुपर्ने बताउँदै उहाँले योजना निर्माण गरेर नै तीव्र गतिमा सडकको स्तरोन्नति गर्ने कार्यमा सरकार लागेको बताउनुभयो।

## माघ १६ मा हुने भयो
# कामना अवार्डस्



नेपाल *समाचारपत्र*को सहप्रकाशन *कामना* सिने मासिकले आयोजना गर्दै आएको *लक्स कामना फिल्म अवार्ड्स* २०७४ आगामी माघ १६ गते, जनवरी ३० तारिख मंगलबारका दिन हुने भएको छ। यसअघि पुष २२ गते शनिबारका लागि तय गरिएको अवार्ड समारोह विशेष प्राविधिक कारणवश माघ १६ गतेका लागि सारिएको हो।

*कामना*ले प्रकाशनको ३ दशक बढी लामो यात्रा पार गरेको अवसरमा मनोरञ्जन क्षेत्रको बहुप्रतिष्ठित कम्पनी सीजी इन्टरटेनमेन्टसँगको सहकार्यमा २०७१ सालबाट थालनी गरेको *सीजी कामना फिल्म अवार्ड्स*को तेस्रो संस्करण शहीद दिवसको सार्वजनिक बिदाका दिन पारेर आयोजना गर्न लागिएको हो। कुल ३२ विधामा हुने अवार्ड समारोह राजधानीको भद्रकालीस्थित आर्मी अफिसर्स क्लबमा भव्यताका साथ आयोजना हुनेछ।

कामनाको आयोजना तथा सीजी इन्टरटेनमेन्टको प्रस्तुतिमा हुने लक्स *कामना फिल्म अवार्डस्* २०७४ मा गत वर्षबाट बहुराष्ट्रिय कम्पनी युनिलिभर नेपालको उत्कृष्ट सौन्दर्य साबुन लक्सको समेत सहकार्य थपिएको छ। तेस्रो संस्करणको *लक्स कामना फिल्म अवार्डस्* २०७४ समग्र फिल्म क्षेत्र र फिल्मकर्मीमा समर्पित हुनेछ।

*सम्मान चलचित्रको : उत्सव उत्कृष्टता*को भन्ने मान्यताबमोजिम नेपाली चलचित्र क्षेत्रको महोत्सवका रूपमा हुने अवार्ड समारोहमा चलचित्र क्षेत्रमा पुऱ्याएको योगदानको आधारमा कला र प्रविधि क्षेत्रबाट एक/एक जनालाई जनही १ लाख रुपियाँ नगदसहित *कीर्तिमय दीर्घ योगदान सम्मान* (लाइफ टाइम अचिभमेन्ट अवार्ड) अर्पण गरिनेछ। त्यसै गरी निर्णायक मण्डलको निर्णयका आधारमा प्रतियोगितामा रहेको एक फिल्म, कलाकार वा प्राविधिकलाई *जुरी अवार्ड* प्रदान गरिनेछ। संगीत, फेसन र नाट्य विधामा *सीजी क्रिटिक्स अवार्ड* पनि प्रदान गरिनेछ।

लक्सको सहभागीतासँगै गत वर्षबाट थप एक नयाँ विधा *लक्स पपुलर च्वाइस अवार्ड* पनि थपिएको छ। *लक्स पपुलर च्वाइस अवार्ड* थपिएसँगै दोस्रो संस्करणको यो अवार्ड समारोहमा यस वर्ष पनि ३२ विधामा अवार्ड प्रदान गरिनेछ। केवल एसएमएस भोटिङका आधारमा *लक्स ब्युटी स्टार* छनोट हुने अवार्डको यो विधामा वर्षा राउत, केकी अधिकारी, प्रियंका कार्की, ऋचा शर्मा र सृष्टी श्रेष्ठबीच प्रतिस्पर्धा हुनेछ। यो विधामा सर्वाधिक एसएमएस प्राप्त गर्ने सुन्दरीले नै अवार्ड हासिल गर्नेछिन्। अन्य ९ लोकप्रिय विधामा पनि एसएमएस भोटिङको व्यवस्था गरिएको छ। ती विधामा ९० प्रतिशत अंक निर्णायक मण्डल र १० प्रतिशत अंक एसएमएस भोटिङबाट मिलाई विजेता चयन गरिनेछ। लोकप्रिय १० विधामा एसएमएस भोटिङ गर्न सक्ने व्यवस्था मिलाइएअनुसार दर्शकहरूले आफूलाई मनपर्ने कलाकार र फिल्मलाई व्यापकरूपमा एसएमएस भोटिङ गरिरहेका छन्। अवार्ड समारोहका लागि तयारी चलिरहेको आयोजक कामना सिने मासिकको प्रकाशन गृह कामना न्युज पब्लिकेसन्स्ले जनाएको छ।




गत साल सम्पन्न *कामना फिल्म अवार्डस्*को फाइल तस्वीर।

## लिन्डसेको बक्यौदा कर
# ६४ लाख डलर

*फ्रिकी फ्राइडे, मीन गर्ल*जस्ता हलिउड फिल्ममा भूमिका निर्वाह गरेर चर्चा कमाएकी हलिउड नायिका लिन्डसे लोहान फेरि चर्चामा छिन्। तर मुद्दा भने फिल्मी होइन, उनी अर्कै विषयले चर्चामा छिन्।

एजेन्सीका अनुसार उनी ६४ लाख डलर ट्याक्स नतिरेका कारण चर्चामा आएकी हुन्। समाचारमा जनाइएअनुसार उनले सन् २०१०, २०१४ र २०१५ मा भएको कमाइको ट्याक्स तिरेकी छैनन्। प्ले ब्वाइ पत्रिकाका लागि न्युड फोटो सुट गराइसकेकी उनी *द केन्यन्स* नामक फिल्ममा अन्तरंग दृश्य दिएका कारण चर्चामा आएकी थिइन्।

उनले सन् २००४ मा *स्पिक* नामक एल्बम निकालेर सांगीतिक जीवनको शुरुआत गरेकी थिइन्। पछिल्लो समय उनी थाइल्यान्डमा बुर्किनीमा देखिएकी थिइन्। बुर्किनी महिलाहरूको एक प्रकारको लुगा हो। जसमा बुर्का र बिकिनीको कम्बिनेसन हुन्छ। बुर्किनीमा लिन्डसेको फोटो सुट र इस्लाम धर्मप्रति उनको रुचिबारे सोसल मिडियामा उनलाई मिश्रित प्रतिक्रिया मिलेको थियो।



# थपियो म्युजिक अवार्ड

मिडिया एन्ड इन्टरटेनमेन्ट प्रालिले नेसनल पावर न्युज म्युजिक अवार्ड २०१८ गर्ने भएको छ। विभिन्न १३ विधालाई समावेश गरी गर्न लागिएको अवार्डमा मूलधारका गीतसंगीतका अलावा विभिन्न भाषाभाषीका गीतको समेत सहभागिता रहने आयोजकले जनाएका छन्।



अवार्डमा सन् २०१५ जनवरी १ देखि २०१७ डिसेम्बर ३ सम्म रेकर्ड भएका वा बजारमा आएका नेवारी, देउडा, मैथली, भोजपुरी, शेर्पा, तामाङ, लिम्बु, राई, थारु, गुरुङ र मारवाडी भाषालाई अवार्डमा सहभागी गराइने भएको छ। चलचित्र, आधुनिक/पप र लोकदोहोरी गीतका लागि उत्कृष्ट गीतकार, संगीतकार र गायक/गायिका विधामा अवार्ड दिइने भएको छ। अवार्ड कार्यक्रम फागुनको दोस्रो साता हुने जनाइएको छ।

# लमजुङमा नृत्यको स्पर्धा



लमजुङ, (नेस)। लमजुङमा तमु ल्होछार पर्वका अवसरमा विविध कार्यक्रम गरिएको छ।

यस क्रममा जिल्ला सदरमुकाममा बेंसीशहरमा *टोलस्तरीय नृत्य प्रतियोगिता* गरिएको छ। प्रतियोगितामा प्रगतिटोल प्रथम भयो। तमु ल्होछार गुरुङ समुदायले चरा वर्गलाई बिदाई गरी कुकुर वर्गलाई स्वागत गरेर विशेष हर्षोल्लासका साथ मनाउने क्रममा सो प्रतियोगिता गरिएको हो। तमु छौंज धिँ गुरुङ राष्ट्रिय परिषद् बेंसीशहर एकाइको आयोजनामा ल्होछार विशेष कार्यक्रमसहित नृत्य प्रतियोगिता गरिएको हो। प्रतियोगितामा भाग लिनका लागि अनिवार्यरूपमा गुरुङ भाषाका गीत र पोसाकमा नृत्य गर्नुपर्ने शर्त राखिएको आयोजक समितिका संयोजक गरुङ भाषा संस्कृतिका अभियन्ता क्या. रणबहादुर गुरुङले बताए।

प्रतियोगीतामा मनाङेचौतारा टोल द्वितीय तथा सहजी टोल तृतीय भएका छन्। त्यस्तै शेरा र शान्ति टोलले सान्त्वना स्थान हासिल गरेका छन्। विजयीहरूलाई क्रमश: नगद ७, ५, ३ र १/१ हजार रुपियाँ नगद र प्रमाणपत्र प्रदान गरियो। कार्यक्रममा टोलस्तरीय आमा तथा बाबा समूहले मनोरञ्जनका लागि अप्रतियोगी नृत्य प्रस्तुत गरेका थिए।





सम्मान चलचित्रको
उत्सव उत्कृष्टताको

CG Entertainment
Presents
LUX Kamana Awards

LUX कामना फिल्म अवार्डस् २०७४
मन परेको फिल्म र फिल्मकर्मीलाई
SMS गर्नुहोस्, विजेता बनाउनुहोस्

CO-SPONSOR: Pashupati BISCUITS
RED CARPET: YETI PVC FLOORING Live with honour...
OFFICIAL DRINK: GRAND MASTER XXX RUM
OFFICIAL BANK: prabhu Bank

ASSOCIATE SPONSOR: NIC ASIA एन आई सी एशिया बैंक लि. | IME International Money Express Fast, Reliable And Secure Remittance | KILOMETER | राष्ट्रको संचार NEPAL TELECOM

मनपर्ने चलचित्र तथा सिनेकर्मीलाई जिताउनका लागि माथि उल्लेखित Short Keywords टाइप गरी ३२७२२ मा पठाउनुहोस् । जस्तै, सर्वोत्कृष्ट चलचित्र विधामा भोट गर्नका लागि KFA<space> र तपाईंलाई मन परेको चलचित्रको कोड नम्बर टाइप गरी ३२७२२ मा पठाउनुहोस् ।

**विधाः सर्वोत्कृष्ट चलचित्र**
छक्का पञ्जा
Type KFA space 1A & send to 32722
डाइङ क्यान्डल
Type KFA space 1B & send to 32722
गाजलु
Type KFA space 1C & send to 32722
जात्रा
Type KFA space 1D & send to 32722
के म तिम्रो होइन र
Type KFA space 1E & send to 32722

**विधाः सर्वोत्कृष्ट निर्देशक**
सुवर्ण थापा - बाटोमुनिको फूल-२
Type KFA space 2A & send to 32722
दीपेन्द्र के खनाल - चपली हाइट-२
Type KFA space 2B & send to 32722
हेमराज बीसी - गाजलु
Type KFA space 2C & send to 32722
आकाश अधिकारी - के म तिम्रो होइन र
Type KFA space 2D & send to 32722
निश्चल बस्नेत - लुट-२
Type KFA space 2E & send to 32722

**विधाः सर्वोत्कृष्ट अभिनेता**
दयाहाङ राई - वीरविक्रम
Type KFA space 3A & send to 32722
अनमोल केसी - गाजलु
Type KFA space 3B & send to 32722
विपीन कार्की - जात्रा
Type KFA space 3C & send to 32722
निखिल उप्रेती - निर्भय
Type KFA space 3D & send to 32722
सौगात मल्ल - शब्द
Type KFA space 3E & send to 32722

**विधाः सर्वोत्कृष्ट अभिनेत्री**
प्रियंका कार्की - छक्का पञ्जा
Type KFA space 4A & send to 32722
सृजना सुब्बा - डाइङ क्यान्डल
Type KFA space 4B & send to 32722
वर्षा राउत - जात्रा
Type KFA space 4C & send to 32722
केकी अधिकारी - लभ सासा
Type KFA space 4D & send to 32722
नीता ढुंगाना - निर्भय
Type KFA space 4E & send to 32722

**विधाः सर्वोत्कृष्ट खलपात्र**
ध्रुव कोइराला - बाजिगर
Type KFA space 5A & send to 32722
अर्पण थापा - वीरविक्रम
Type KFA space 5B & send to 32722
दीपकराज गिरी - छक्का पञ्जा
Type KFA space 5C & send to 32722
कमलमणि नेपाल - जात्रा
Type KFA space 5D & send to 32722
कामेश्वर चौरासिया - पलाँस
Type KFA space 5E & send to 32722

**विधाः सर्वोत्कृष्ट हास्य कलाकार**
केदार घिमिरे - छक्का पञ्जा
Type KFA space 6A & send to 32722
रवीन्द्र झा - जात्रा
Type KFA space 6B & send to 32722
दयाहाङ राई - लुट-२
Type KFA space 6C & send to 32722
सलोन बस्नेत - गाजलु
Type KFA space 6D & send to 32722
बुद्धि तामाङ - छक्का पञ्जा
Type KFA space 6E & send to 32722

**विधाः सर्वोत्कृष्ट संगीतकार**
ताराप्रकाश लिम्बु - वीरविक्रम/हारें हारें
Type KFA space 7A & send to 32722
राजनराज शिवाकोटी - छक्का पञ्जा/पूर्व-पश्चिम रेल
Type KFA space 7B & send to 32722
कालिप्रसाद बासकोटा - लुट-२/ठमेल बजार
Type KFA space 7C & send to 32722
अर्जुन पोखरेल - निर्भय/यो दुनियाँ
Type KFA space 7D & send to 32722
वसन्त सापकोटा - राधा/छपक्कै
Type KFA space 7E & send to 32722

**विधाः सर्वोत्कृष्ट पार्श्व गायक**
ताराप्रकाश लिम्बु - वीरविक्रम/हारें हारें
Type KFA space 11A & send to 32722
राजनराज शिवाकोटी - छक्का पञ्जा/पूर्व-पश्चिम रेल
Type KFA space 11B & send to 32722
कृष्ण काफ्ले - छक्का पञ्जा/सुन न चम्पा
Type KFA space 11C & send to 32722
प्रताप दास - के म तिम्रो होइन र/पागल
Type KFA space 11D & send to 32722
युवराज चौलागाईं - पलाँस/तिमी साथमा
Type KFA space 11E & send to 32722
स्वस्पराज आचार्य - शब्द/हरपल
Type KFA space 11F & send to 32722

**विधाः सर्वोत्कृष्ट पार्श्व गायिका**
जलजला परियार - बाटोमुनिको फूल-२/केही कदम
Type KFA space 10A & send to 32722
मिलन अमात्य - हाउ फन्नी/यो के हो
Type KFA space 10B & send to 32722
अञ्जु पन्त - किस्मत-२/यी आँखा लैजाउ
Type KFA space 10C & send to 32722
मीना निरौला - लुट-२/ठमेल बजार
Type KFA space 10D & send to 32722
मेलिना राई - राधा/छपक्कै
Type KFA space 10E & send to 32722

**विधाः लक्स पपुलर च्वाइस अवार्ड**
वर्षा राउत
Type KFA space 8A & send to 32722
केकी अधिकारी
Type KFA space 8B & send to 32722
प्रियंका कार्की
Type KFA space 8C & send to 32722
ऋचा शर्मा
Type KFA space 8D & send to 32722
सृष्टि श्रेष्ठ
Type KFA space 8E & send to 32722

# विचार

> सपना देख्नेहरु नै संसारका रक्षक हुन्।
> – जेम्स आलेन

> मलाई एकान्तभन्दा ठूलो साथी कहिल्यै मिलेन।
> – थोरो

## सम्पादकीय

नेपाल समाचारपत्र

# पेट्रोलियम पदार्थको मूल्य वृद्धि किन ?

सरकारले पेट्रोलियम पदार्थको मूल्य वृद्धि गरेको छ। बढ्दो महँगीसँगै सरकारले सर्वसाधारण नागरिकहरुलाई मर्का पर्ने गरी मूल्य वृद्धि गरेको छ। सरकारले एकै महिनामा दुईपटक मूल्य वृद्धि गरेको छ। नागरिकरुलाई सस्तो र सहजरुपमा सुविधा दिनुपर्ने सरकारले नै मूल्य वृद्धि गरेर उनीहरुलाई थप पीडित बनाएको आभास भएको छ। नागरिकहरुलाई सर्वसुलभ ढंगले सेवा दिनुको सट्टा सरकारले एक महिनाको अवधिमा नै दुईपटक मूल्य वृद्धि गर्नु उचित होइन। सरकारले नेपाल आयल निगममा हुने अनियमितता र चुहावट रोक्नतिर लाग्नुको सट्टा जनतालाई थप सास्ती दिने गरी पेट्रोलियम पदार्थको मूल्य वृद्धि गर्नु सरासर गलत कदम हो।

सरकारले मूल्य वृद्धि गर्नुमा नै आफ्नो महानता र बहादुरी ठानेको छ। पेट्रोलियम पदार्थको मूल्य वृद्धिले आमसर्वसाधारण उपभोक्ताहरुलाई मार परेको छ। किन यसरी पटक–पटक मूल्य वृद्धि हुन्छ ? उता भने नेपाल आयल निगमले जग्गा खरिद प्रकरणमा करोडौं रुपियाँ घोटाला गरेको विषय बाहिर आउँदासमेत दोषीलाई कारबाही अगाडि बढाएको देखिँदैन ? के सर्वसाधारणको ढाड सेक्ने गरी मूल्य वृद्धि भने गरिरहने हो ? समस्याको पहिचान गर्नतिर ध्यान नदिने तर नागरिकलाई मर्का पर्ने गरी मूल्य वृद्धि गर्ने जनताप्रतिको बेइमानी हो। हरेक पटक मूल्य वृद्धि हुँदा नेपाल आयल निगमले घाटालाई नै मुख्य कारण देखाउँदै आएको छ। आयल निगमले भारतबाट खरिद गरेर ल्याउने पेट्रोलिम पदार्थ पैसा लिएर नै खरिद गर्छ। तर आयल निगम भन्छ– सधैँ घाटा छ। आयल निगमले मूल्य समायोजन गरेको भन्दै महिनैपिच्छे मूल्य वृद्धि गर्दा सर्वसाधारण मारमा परेका छन्।

सर्वसाधारणको जनजीवन नै प्रभावित हुने गरी सरकारले मूल्य वृद्धि गर्दा त्यसको विरोध हुँदै आएको छ। तर अपवादमा मात्र सरकारले मूल्य वृद्धि फिर्ता लिने गरेको छ। नागरिकहरुको करबाट पालिने सरकारको काम के जनतालाई मर्का पर्ने गरी मूल्य वृद्धि गर्नु मात्र हो ? सरकारले आयल निगमभित्र हुने अनियमितता, कमिसनखोर र भ्रष्टाचार नियन्त्रण गर्न ध्यान दिनुपर्छ। सधैँ नागरिकलाई बोझ पर्ने गरी मूल्य वृद्धि गर्ने काम रोक्नुपर्छ।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।
email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# राष्ट्रिय पोशाकविहीन अवस्थामा टोपी दिवस



ज्ञानमणि नेपाल 'कालोटोपी'

> बहुसंख्यक नागरिकको साझा पोशाकको रुपमा वर्षौंदेखि जरा गाडेको नेपाली पोशाक दौरा, सुरुवाल, ढाकाटोपी र गुन्युचोलीलाई एकाएक हटाएर हाम्रा राजनीतिक दलका नेताहरुले कुन फाइदा लुटे ? त्यो त उनीहरु नै जानून्, तर उनीहरुले हामीलाई राष्ट्रिय पोशाकविहीन बनाएरै छोडे। त्यसैले जन्म भयो नेपाली टोपी दिवसको।

नेपाल विविध भेषभूषा लगाउनेहरुको साझा चौतारी हो। यहाँ बसोबास गर्ने सबै नागरिकका आ-आफ्नै जातीय पहिचान झल्किने पहिरन छन्। अर्को अर्थमा भन्नुपर्दा, कुनै व्यक्तिको पहिरनले नै ऊ कुन समुदायको हो भनेर सहजै अनुमान लगाउन सकिन्छ। यसर्थ पनि सबैको पहिचान झल्कने पोशाक हुनु जरुरी एकातिर छँदै छ भने अर्कातिर नेपालमा गणतन्त्रको शुरुवातपछिका केही वर्षमै नेपालीको राष्ट्रिय पोशाकलाई अनिवार्य नगरी हटाइएको अवस्था छ। विनाकारण कुनै पनि देशको राष्ट्रिय पोशाक हट्नु भनेको त्यो देशको मौलिक संस्कृति हट्नु हो, पहिचान हट्नु हो अनि बहुसंख्यक नेपालीको आत्मसम्मानमा चोट पुग्नु पनि हो। बहुसंख्यक नागरिकको साझा पोशाकको रुपमा वर्षौंदेखि जरा गाडेको नेपाली पोशाक दौरा, सुरुवाल, ढाकाटोपी र गुन्युचोलीलाई एकाएक हटाएर हाम्रा राजनीतिक दलका नेताहरुले कुन फाइदा लुटे ? त्यो त उनीहरु नै जानून्, तर उनीहरुले हामीलाई राष्ट्रिय पोशाकविहीन बनाएरै छोडे। त्यसैले जन्म भयो नेपाली टोपी दिवसको। अनि त्यसको साइत जुर्‍यो अंग्रेजी वर्षको पहिलो दिन अर्थात् जनवरी १। किन जनवरी १ मा नै नेपाली टोपी दिवस त ? किन वैशाख १ गतेचाहिँ गरिएन त भनेर पनि प्रश्न उठ्ने गरेको छ। यसको पनि आफ्नै कारण छ। पछिल्ला दिनहरुमा नेपाली युवाहरुले नेपाली चार्डपर्वहरुलाई भुसुक्कै विर्सिएका छन्। उनीहरु पश्चिमा संस्कृतिको अनुशरण गर्दै गर्दा नेपालीपन भुल्न पुगेको यथार्थ छर्लङ्गै छ। हामी अंग्रेजी नयाँ वर्षमा 'ह्याप्पी न्यू एयर' भन्न लजाउँदैनौं। बरु नेपाली नयाँ वर्षको शुभकामना भन्नचाहिँ धक मान्छौं। त्यसैले पनि हामी आज हरेक कुरामा पछि मात्रै परेका छैनौं, आफ्नै कारणले अरुबाट हेपिएका पनि छौं। यो हेपाइको अन्त्यका लागि र पश्चिमा संस्कृतिको पालना गरिरहेका बहुसंख्यक हाम्रा युवाहरुलाई जनवरी १ मा नेपाली पहिचान झल्किने खालका कार्यक्रमहरु पनि गर्न सकिन्छ है भनेर सन्देश दिने उद्देश्यले हामीले जनवरी १ लाई नै नेपाली टोपी दिवसका रुपमा छनौट गरेका हौं।

विश्वमा हरेक मुलुकहरुको आ-आफ्नो मौलिक पहिचान छ। पहिचानको मुख्य आधार मानिने पोशाकलाई अधिकांश मुलुकले आफ्नो पहिचानका रुपमा सूचीकृत गरेका छन्। तर नेपाल र आमनेपालीलाई विश्व समुदायमाझ चिनाउँदै आएको एउटै मात्र पोशाक दौरा, सुरुवाल, टोपी र गुन्युचोलोलाई गणतन्त्रपछिको तत्कालीन सरकारले राष्ट्रिय पोशाकको सूचीबाट हटाएको छ। मुलुकमा जातीय पहिचानको आवाज बुलन्द बनिरहँदा हामी अहिले राष्ट्रिय पहिचानविहीनताको अवस्थामा छौं। जातीय पहिचानको महत्व जति छ राष्ट्रिय पहिचानको महत्व पनि उत्तिकै छ। पहिलो कुरा मुलुक हो, तब मात्र क्षेत्र, धर्म, जाति हुन्छ। तसर्थ हामी जातीय पहिचानसँगसँगै राष्ट्रिय पहिचानको खोजीमा छौं।

त्यसका लागि हामीले विगत ४ वर्षदेखि विभिन्न अभियानहरु सञ्चालन गर्दै आयौं। जसमध्ये हरेक अंग्रेजी नयाँ वर्षका दिनलाई नेपाली टोपी दिवसका रुपमा मनाउने हाम्रो मुख्य अभियान हो। यो वर्ष 'नेपाली टोपी, नेपालको पहिचान' भन्ने नारासहित पाँचौं नेपाली टोपी दिवसका रुपमा मनाउन लागिएको छ। सम्भव भएसम्म दौरा, सुरुवाल, टोपी र गुन्युचोली सधैँ लगाऔं, नभए नेपाली टोपी अवश्य लगाऔं भन्ने कुरालाई आत्मसात् गर्दै विगतदेखि नै नेपालीलाई चिनाउँदै आएको ढाकाटोपी र भादगाउँले कालोटोपीलाई राष्ट्रिय पहिचानका रुपमा घोषणा गर्न हामी सरकारसँग जोडदार माग गर्दछौं। नेपाल बहुजातीय र बहुसांस्कृतिक मुलुक भएकाले यहाँ थुप्रै जातीय टोपीहरु पनि छन्। त्यसैले ती टोपीहरुको पनि संरक्षण र प्रवर्द्धन गर्ने हाम्रो अर्को मूल लक्ष्य हो।

अभियानअन्तर्गत जागरुक युवाहरुले अहिले नेपाली टोपीलाई राष्ट्रिय पहिचानका रुपमा घोषणा गर्न दबाब दिने उद्देश्यले विभिन्न कार्यक्रमहरु गर्ने, कार्यक्रममा सहभागि हुन नसक्नेले नेपाली टोपीमा सजिएर सामाजिक सञ्जालमा आफ्नो तस्वीर सार्वजनिक गर्ने र अभियानका बारेमा सक्दो प्रचारप्रचार गर्ने गरिरहेका छन्। सकेसम्म हामीले सबै किसिमका नेपाली पहिचान झल्किने पोशाक सधैँ लगाउनुपर्छ। यदि त्यो सम्भव भएन भने नेपाली टोपी मात्र भए पनि लगाऊँ भन्ने जागरुक युवा अभियान नेपालको मुख्य उद्देश्य हो। यस दिनलाई धेरै साथीहरुले पोशाक दिवसको रुपमा पनि मनाउँदै आएका छन्। आखिर जे-जसरी मनाए पनि नेपालीत्व झल्किने गरी अभियान चलाउनुलाई हामीले स्वाभाविक रुपमा लिएका छौं।

हुन त यस दिन धेरै संस्था, क्लब र व्यक्तिहरुले आ-आफ्नै तरिकाले राष्ट्रियता झल्किने खालका कार्यक्रमहरु गर्ने गरेको पाइएको छ। कसैले राष्ट्रिय पोशाक दिवस भनेर पनि मनाइरहेका छन् भने कसैले ढाकाटोपी दिवस अथवा कसैले नेपाली टोपी दिवस भनेर मनाउँदै आएका छन्। जो जुन बाटोबाट हिँडेर गए पनि आखिर गन्तव्य भने एउटै हो। सबैको चाहना सरकारलाई राष्ट्रिय पोशाक र राष्ट्रिय पोशाक दिवस चाहियो भनेर दबाब दिने नै हो। यसर्थ पनि यसमा धेरैको साथ र सहयोग त एकातिर आवश्यक छँदै छ भने अर्कातिर दिन-प्रतिदिन राष्ट्रिय ओतप्रोतले भरिएका युवा जमातहरुको संख्या पनि बढिरहेको छ। हाम्रो दबाबले नै हाम्रा नेताहरुको चेत खुल्नेछ भन्ने हामीले आशा गरेका छौं।

नेपाली टोपीकै कुरा गर्ने हो भने, यसअन्तर्गत ढाकाटोपी र भादगाउँले कालोटोपी मात्र पर्छ कि भनेर पनि धेरैमा भ्रम परिरहेको छ। मुख्यतया यी दुई खालका टोपीहरुले नेपाली टोपीको प्रतिनिधित्व गरे पनि यसभित्र अन्य समुदायले लगाउने टोपीहरु पनि पर्छन् भनेरचाहिँ हामीले भुल्नुहुँदैन। जे भए पनि ढाकाटोपी र कालोटोपीले भने पूरै नेपालको मौलिक संस्कृतिको प्रतिनिधित्व गरेका छन्। ढाकाटोपीको चुच्चो परेको माथिल्लो भागले हिमाली भेगको प्रतिनिधित्व गरेको छ। बीचको भिरालो भागले पहाड र तलको भागले समथर तराईलाई चिनाएको छ। यसर्थ पनि यी टोपीहरुको महत्व धेरै छ। यसो भनिरहँदा अरु टोपीहरुको महत्व छैन भनेर भन्न खोजेकोचाहिँ पक्कै होइन।

नेपाली टोपी दिवस कहिले मनाउन थालियो भनेर पनि धेरै जनाले सोधेको प्रश्न हो। धेरै जनालाई त थाहा भएकै हुनुपर्छ। नेपाल र नेपालबाहिर रहेका नेपालीहरुले विगत ५ वर्षदेखि जनवरी १ लाई नेपाली टोपी दिवसको रुपमा मनाउँदै आइरहेका छन्। शुरुका २ वर्ष यो दिवस सामाजिक सञ्जालमा मात्र सीमित भयो। तर विगत ३ वर्षदेखि भने यसलाई औपचारिकता दिने गरी सार्वजनिक कार्यक्रम गर्दै धेरै संघसंस्थाहरुले नेपाली टोपी दिवसको विधिवत् शुरुवात गरेका छन्। यसै क्रममा जागरुक युवा अभियान नेपालले पनि यसलाई निरन्तरता दिन थालेको छ। यस संस्थाले विगत ३ वर्षदेखि औपचारिक कार्यक्रम गरी नेपाली टोपी दिवसलाई भव्यताका साथ मनाउँदै आइरहेको छ। यस वर्ष पनि उसले जनवरी १ लाई नेपाली टोपी दिवसको रुपमा मनाउँदै छ।

यति भनिरहँदा पनि हामीले यो बिर्सनुहुँदैन कि हामी अहिले पनि राष्ट्रिय पोशाकविहीनताकै अवस्थामा छौं। जहाँ जाँदा जति ठूला भाषण गरे पनि हाम्रा नेतृत्वहरुले अहिलेसम्म नेपाली पहिचान झल्किने कुनै पनि पोशाकको आवश्यकता नै देखेका छैनन्। तर पनि कुनै जाति विशेषका चाडपर्वहरुमा जाँदा हाम्रा नेताहरु उनीहरुका टोपी लगाएर राष्ट्रियताको झल्को दिने नाटक भने अहिले पनि गरिरहेका छन्। जागरुक युवा अभियानको मुख्य उद्देश्य भनेको जसले हाम्रो मौलिक पहिरनलाई पररर ताली ठोकेर संसद्बाट हटाए, संविधानबाट हटाए, तिनै नेताहरुले त्यसरी नै ताली ठोकेर हाम्रो पहिचानलाई पहिले जसरी नै संविधानमा अटाउने वातावरण बनाउनु नै हो। यसर्थ पनि हाम्रो यो अभियान चली नै रहन्छ। तपाईं-हामी जुन ठाउँमा छौं, जे गरिरहेका छौं, त्यो काम निरन्तर गरेरै पनि सकेसम्म सबै पहिचान झल्किने पोशाक सधैँ लगाऊँ, सधैँ सकिँदैन भने एकदिन मात्र भए पनि लगाएर राष्ट्रियतालाई बचाइराखौं भनेर नै नेपाली टोपी दिवसको थालनी गरिएको हो। तर यस दिनलाई औपचारिकरुपमा नेपाली टोपी वा राष्ट्रिय पोशाक दिवस भनेर अझै पनि हामीले मनाउन पाएका छैनौं। जागरुक युवा अभियान नेपालको उद्देश्य नेपाली टोपीलाई बचाउँदै जनवरी १ लाई नै टोपी दिवसको रुपमा सधैँ मनाउने वातावरण मिलाउन सकियोस् भन्नु नै हो। यसर्थ यसमा सबैको साथ र सहयोगको उत्तिकै जरुरी छ।

## पाठक पत्र

### मुलुकको समृद्धि र मान्छेको जीवन

मुलुकको समृद्धि र मान्छेको जीवन यी दुवै हेर्दा सहज तर व्यवहारमा निकै चुनौतीका विषय हुन्। समाज परिवर्तन र मान्छेको सोच परिवर्तन एक-आपसमा सम्बन्धित विषय बनिसकेका छन्। २१ औं शताब्दीको मानव र अहिलेको भौतिक विकास एक-आपसका परिपूरक र सम्बन्धित भइसकेका छन्। मुलुकको समृद्धि त्यति सजिलो हुँदैन, जीवनको जति गीत गाउन। सजिलो हुँदैन जीवनको गीत लेख्न। नगाएर पनि नहुने। नलेखेर पनि नहुने। सजिलो छैन जीवनको महिमा जोगाइराख्न।

हुन त आफ्नै जीवन हो। हुन त आफ्नै बारेमा हो। तर पनि मान्छेलाई सहज हुँदैन आफ्नो जीवनको बारेमा अरुलाई सुनाउन। आफ्नै जीवनको बारेमा अरुसँग चर्चा गर्न। न चासो दिएर आफ्नो बारेमा अरुले सुन्न चाहन्छ। न ध्यान दिएर अरुले आफ्नो जीवनको गीत सुन्न चाहन्छ। व्यथा धेरै। कथा धेरै। कतै खुशीका क्षण। कतै विरहका घडी। आफ्नो बारेमा अरुले चाख दिएर सुनिदेओस्। यस्तो चाहना सबैमा हुन्छ। आफूलाई राम्रो देखाउने र राम्रो भनाउने ध्येय सबैमा हुन्छ। आफूलाई सबैले मानिदिऊन्। यस्तो सोच सबैले आ-आफ्ना मनभित्र पालिरहेका हुन्छन्। सुख बाँड्न सकिन्छ। दु:ख बाँड्न सकिन्न। मान्छेले दु:ख-सुखको समयमा आफ्ना मनका भावना अरुसमक्ष राख्न चाहन्छ। मान्छे रोगी हुनुका धेरै कारणमध्ये मान्छेले मान्छेसँग आफ्ना मनका भावना बाँड्ने अवसरबाट वञ्चित हुनु नै हो। मान्छेलाई रुँदाको अवस्थामा पनि साथी चाहिन्छ। मान्छेलाई हाँस्दाको समयमा त साथी नभइहुँदैन।

आफ्ना पीडा, खुशी र विरह वेदनालाई मनभित्रै दबाएर राख्नुपर्ने अवस्था आएको खण्डमा मान्छे रोगी हुन्छ। मान्छे दु:खी हुन्छ र मान्छे हीनताबोधले पिल्सिँदै जान्छ। त्यस्तो परिवेशमा मान्छे उमेर नपुग्दै बूढो हुँदै जान्छ। मान्छे रोग नलागेर पनि थला पर्दै जान्छ र मान्छे समूहमा भएर पनि सबैबाट एक्लिँदै जान्छ। मान्छेका मनभित्र खिन्नता र दिक्दारीले बास माग्न थाले भने मान्छे बैंसमा पनि ख्याउटे र दुब्लो बन्दै जान्छ। रोगी र मरन्च्याँसे हुँदै जान्छ। यस्तो स्वभावको मान्छेले न आफूलाई बनाउँछ, न घरपरिवार बनाउँछ। त्यति मात्र होइन उसले गाउँ, छिमेक समाज र राष्ट्रको उत्थानमा सिन्कोसमेत भाँच्न सक्दैन। मान्छेले अरुका कुरा सुन्न सक्नुपर्छ। मान्छेले अरुका भावना बुझ्नुपर्छ। संसारको भौतिक विकास हुने मान्छेको जीवन छउन्जेल हो। यसर्थ यति एकले अर्कालाई सम्मान गर्न सिकौं। सहमति, असहमति जे हुन्छ सहज ढंगले राख्ने बानीको विकास गरौं। मान्छेले मान्छेलाई सिध्याएर प्राप्त गर्ने सत्ताको आयु कति हुन्छ, त्यो पनि हामीले देखेका छौं।

शत्रु जति सबैलाई सखाप पारेर स्थापना गरेको शासन व्यवस्थाको अवस्था कस्तो हुन्छ ? त्यो पनि हामीले भोगेका छौं। अन्याय गर्नेले सजाय र न्याय गर्नेले पुरस्कार पाउने शासन प्रणाली स्थापना भएपछि मात्र मान्छेको जीवन सहज हुन्छ। मान्छेको जीवनको महत्व बढ्दै जान्छ र मान्छेले आफ्ना मनका भावना व्यक्त गर्ने अवसर पाउँदै जान्छ। मान्छेले मान्छेलाई सम्मान गर्दै जाँदा मान्छेले गाउने मान्छेका जीवनका गीतहरु पनि सरल हुँदै जान्छन्। सहज हुँदै जान्छन् र मान्छेको जीवन झन्-झन् सुन्दर बन्दै जान्छ। मान्छेको जीवन सुन्दर बन्नु भनेकै मुलुकको समृद्धि हुँदै जानु हो।

*- सुदर्शन पार्थे, रुकुम खलंगा,*
*हाल : काठमाडौं*

### जीवनको लक्ष्य

मानिस जन्मेपछि मर्नुपर्ने त्यो अकाट्य छ। विज्ञानले प्रमाणित गरेको कुरा संसारका सबै वस्तु नाशवान् छन्। पहिलेका र पुराना वस्तु नाशिदै जाने र नयाँ-नयाँ वस्तुको सिर्जना हुँदै जाने यो वैज्ञानिक नियम हो। यसलाई मार्क्सवादले पनि प्रमाणित गरिसकेको छ। संसारमा कुनै पनि वस्तु स्थायी हुँदैन। सबै वस्तुको अन्त्य अनिवार्य छ। तर ती सबै नाश भएपछि अर्को रुपमा अस्तित्वमा आउने गरेका छन्। उदाहरणका लागि काठ जलेर नाश हुन्छ तर त्यसको अर्को रुप खरानी अस्तित्वमा आउँछ। खेतबारीमा राखेको मल गलेर जान्छ तर त्यसको सार तत्व बिरुवाले लिने गरेका हुन्छन्। एवं रीतले यो विश्वमा सबै भौतिक पदार्थको जीवनचक्र लाखौं वर्षपहिलेदेखि यसै गरी चलिरहेको छ।

एउटा पदार्थको नाश भएर त्यसको अर्को रुप अस्तित्वमा आउने यही मान्यताका कारण कतिपय मान्छेले मरेपछि अर्को जुनी फेरिएर जन्म लिन्छ भनेका होलान्। वास्तवमा मान्छे मरेपछि फेरि मान्छे भएर जन्मनु असम्भव कुरा हो। मान्छे मरिसकेपछि उसको शरीर नाश हुन्छ। त्यो शरीर जलिसकेपछिको अवस्थामा खरानी पो अस्तित्वमा आउँछ। मान्छे अस्तित्वमा आउने भन्ने कुरा हुँदैन। यो त मान्छेको कल्पनाको विषय मात्र हो।

जन्मेपछि म मर्छु भन्ने चिन्तन अरु प्राणीले गर्न सक्दैनन्। यस्तो चिन्तन गर्ने प्राणी मान्छे मात्रै हो। मान्छेको जीवनमा जन्म, विवाह र मृत्यु निश्चित भएर पनि अनिश्चित हुँदै आइरहेका छन्। गर्भावस्थाको समय पूरा भएपछि बच्चा जन्मन्छ। जन्मनुअघि त्यो जन्मने बच्चा यस्तै अनुहारको हुन्छ र यस्तै रुपरंगको हुन्छ भनेर पहिले नै भन्न सकिँदैन। यसै गरी कोसँग बिहे हुने र कुन दिन हुने भनेर अनुमान लगाउन सकिँदैन। मृत्युका बारेमा त झनै अनुमान लगाउन सकिँदैन।

मान्छेले जन्मदै आफूसँग मृत्यु लिएर आएको हुन्छ। तर कहिले, कुन दिन र कसरी मृत्यु हुन्छ ? उसलाई थाहा हुँदैन। मृत्युलाई साथमा लिएर बाँचिरहेको उसले सबैभन्दा बढ्ता माया जीवनसँग गरिरहेको हुन्छ। उसलाई मृत्युसँग कुनै भय हुँदैन। कुनै त्रास हुँदैन र कुनै शंका हुँदैन। तर त्यही मृत्युका बारेमा अरु कसैले सुनाइदियो भने त्यस बखत मान्छे सबैभन्दा बढ्ता डराउने गर्छ। सबैभन्दा धेरै तर्सिने गर्छ र सबैभन्दा बढी कहालिने गर्छ। जीवन आफूले भोगेर रमाउने। मृत्यु अरु कसैले भनेर तर्सने। यस्तो हुँदै आएको छ मान्छेको जीवनमा। कुनै मान्छे बिरामी भयो। उसको स्वाथ्य परीक्षण गरिसकेपछि डाक्टरलाई थाहा भयो- अब यो बिरामीलाई सन्चो हुँदैन भन्ने। डाक्टरले यो कुरा सीधै बिरामीलाई नसुनाएर बिरामीका आफन्त वा बिरामी कुरुवालाई सुनाउने गर्छन्। यसको कारण के पनि हो भने, मान्छेले आफ्नो मृत्युको कुरो सुन्न चाहँदैन। जन्मेपछि मृत्यु स्वाभाविक छ। आफूले आफैंलाई नसम्झाई अर्को उपाय छैन भनेर आफन्तको मृत्युमा शोकमग्न भएका परिवारजनलाई सम्झाउने त्यही मान्छे आफ्नो मृत्युको बारेमा सुनेपछि निकै अत्तालिने गर्छ। यसको अर्थ हो- मान्छेको जीवन नै सबै थोक हो र सर्वश्व हो। जीवन छँदै समाज र देशको हितमा उल्लेखनीय काम गर्नु हरेक मान्छेको दायित्व हो। यही नै मान्छेको जीवनको लक्ष्य हो।

*- सरस्वती चलाउने, कपिलवस्तु*
*हाल : नयाँ बानेश्वर, काठमाडौं*

## सामाजिक सञ्जाल



गरिब नेपालीलाई बिहान-बेलुकाको छाक टार्न गाह्रो छ तर जोसुकै प्र.म. भए पनि ठूलाबडाहरूलाई राज्यकोषबाट करोडौं आर्थिक सहायता वितरण गर्ने कस्तो विडम्बना ! दरिद्र मानसिकताबाट लोककल्याणकारी राज्यको परिकल्पना गर्न सकिँदैन।

**Dhan Raj Gurung**
**@dhanrgrg**



पद आलोपालो हुँदा पदले निर्वाह गर्ने भूमिका, तर्जुमा/कार्वान्ययन गर्ने नीति/कार्यक्रम पनि आलोपालो हुने हो कि के हो ? उत्तर/दक्षिण पनि आलोपालो ?

**Devendra Raj Panday**
**@DRP39**



हामी किन पैसाको महत्व बुझ्दैनौं ? फजुल खर्च गरेर अरूलाई किन देखाउने ? त्योभन्दा त गरिब, दु:खी, अपांगलाई थोरै सहयोग गरे कति खुशी र आनन्द मिल्छ। कम खर्च गर्ने बानी बसालौं।

**aayushma**
**@aayushmasharma2**

फेस्टिबलमा नेपाल समाचारपत्र, राजधानीलगायत विविध ब्रोडसिट पत्रिकासहित विविध भाषाबाट प्रकाशन हुँदै आएका पत्रपत्रिका, विशेषतः नेपाल भाषाबाट प्रकाशित पत्रपत्रिका, बन्द भइसकेका पुराना पत्रिकाहरु, टेलिभिजन, एफएम गरी करिब ३५ वटा स्टल रहनेछन्।

# नेपाल

## देउवा–प्रचण्ड भेट

काठमाडौं, (नेस)

सरकार गठन प्रक्रियाप्रति ढिलाइ भइरहेको भन्दै वाम गठबन्धनले असन्तुष्टि जनाएका बेला प्रधानमन्त्री शेरबहादुर देउवा र नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' बीच भेटवार्ता भएको छ। उहाँहरूबीच मुलुकको पछिल्लो राजनीतिक अवस्था र राष्ट्रियसभाको निर्वाचनलगायतका विषयमा छलफल भएको हो।

प्रधानमन्त्री निवास बालुवाटारमा मंगलबार भएको भेटवार्तामा प्रचण्डले राष्ट्रियसभा निर्वाचनको मिति तत्काल तोक्न र प्रदेश प्रमुखको नियुक्ति राजनीतिक सहमतिका आधारमा मात्र गर्न प्रधानमन्त्री देउवासँग आग्रह गर्नुभएको प्रचण्डका प्रेस संयोजक मनहरि तिमल्सिनाले बताउनुभयो। सरकार र निर्वाचन आयोगले विलम्ब गर्दा नयाँ सरकार गठनमा ढिलाइ भएको भन्दै छिटोभन्दा छिटो राष्ट्रियसभाको निर्वाचन गर्न र राजनीतिक सहमति गरेर मात्र प्रदेश प्रमुख नियुक्त गर्नुपर्नेमा प्रचण्डले जोड दिनुभएको थियो।

जवाफमा प्रधानमन्त्री देउवाले छिट्टै राष्ट्रियसभाको निर्वाचन गर्न निर्वाचन आयोगसँग परामर्श गरिरहेको जानकारी गराउँदै आफू राजनीतिक सहमतिकै आधारमा अघि बढ्ने प्रतिबद्धता जनाउनुभएको थियो।

### प्रधानमन्त्रीलाई कांग्रेसका शीर्ष नेताको सुझाव

## प्रदेश प्रमुखको नियुक्ति र राष्ट्रियसभा निर्वाचनको मिति तोकौं

नेपाल समाचारपत्र

काठमाडौं

नेपाली कांग्रेसका शीर्ष नेताहरूले निर्वाचन आयोगको सुझावलाई ध्यानमा राख्दै प्रमुख दलहरूसँग परामर्श गरी प्रदेश प्रमुखको नियुक्ति र राष्ट्रियसभा निर्वाचनको मिति तोक्न सरकारलाई आग्रह गरेका छन्।

प्रधानमन्त्री निवास बालुवाटारमा मंगलबार बसेको कांग्रेसका शीर्ष नेताहरूले प्रधानमन्त्री शेरवहादुर देउवालाई यस्तो सुझाव दिएका हुन्। कांग्रेस शीर्ष नेताहरूको बैठकमा निर्वाचनको समीक्षा गर्न केन्द्रीय समिति बैठक बोलाउने बारेमा पनि छलफल भएको थियो।

बैठकमा सहभागी कांग्रेस नेता डा. प्रकाशशरण महतले नेपाल समाचारपत्रलाई जानकारी दिएअनुसार बैठकमा प्रदेश प्रमुखको नियुक्ति, राष्ट्रियसभाको निर्वाचन, पार्टीको केन्द्रीय समिति बैठक बोलाउने बारेमा छलफल भएको थियो। 'राष्ट्रियसभा निर्वाचनको मिति तोक्ने बारेमा निर्वाचन आयोगले समेत सरकारलाई सल्लाह दिएको छ' नेता महतले भन्नुभयो- 'सरकारले प्रमुख दलहरूसँग पनि परामर्श गरेर छिट्टै प्रदेश प्रमुख र निर्वाचनको मिति तय गर्नेछ।'

बैठकमा कांग्रेस शीर्ष नेताहरूसँगको परामर्शपछि प्रधानमन्त्री देउवाले प्रदेश प्रमुख र निर्वाचनको मिति तोक्ने बारेमा नेकपा एमाले, माओवादी केन्द्र, राष्ट्रिय जनता पार्टी र संघीय समाजवादी फोरमका नेतृत्वसँग परामर्श गर्ने बताउनुभएको थियो। पार्टीको आन्तरिक विषय केन्द्रीय समिति बैठक बोलाउने विषयमा भने जिल्लाहरूबाट समीक्षा प्रतिवेदन आएपछि मात्र बस्ने सभापति देउवाले बताउनुभएको डा. महतले जानकारी दिनुभएको छ।

हालै सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा लज्जासपद हार व्यहोरेपछि कांग्रेसभित्र नेतृत्वको चर्को आलोचना गर्दै समीक्षा गर्न केन्द्रीय समितिको बैठक बोलाउन सभापति देउवालाई दबाब आइरहेको छ। नेतृत्वकै कारण कांग्रेसले निर्वाचन हारेको भन्दै कांग्रेस नेताहरूले सभापति देउवा नेतृत्वबाट हट्नुपर्ने आवाजसमेत उठाइरहेका छन्।

## गोखले भारतीय विदेश सचिव

काठमाडौं, (नेस)

भारतीय विदेश मन्त्रालयको सचिवमा विजय केशव गोखले नियुक्त हुनुभएको छ। वर्तमान विदेश सचिव एस जयशंकरको कार्यकाल यही महिनामा सकिने भएसँगै गोखले सो पदमा नियुक्त हुनुभएको हो।

गोखले आगामी २ वर्षका लागि विदेश सचिव नियुक्त भएका हुन्। उहाँ सो जिम्मेवारीमा नियुक्त हुनुअघि भारतीय विदेश मन्त्रालयको आर्थिक सम्बन्धतर्फका सचिव रहनुभएको थियो। संविधान जारी गर्नु ३ दिनअघि भारतीय विशेष दूतका रुपमा नेपाल आउनुभएका जयशंकर तत्काल संविधान जारी नगर्न राजनीतिक लबिङमा जुटेपछि निकै चर्चामा आउनुभएको थियो।

## बुद्ध जन्मथलोको भ्रम चिर्दै विश्व कीर्तिमान राखिने

नेपाल समाचारपत्र

काठमाडौं

बुद्ध जन्मस्थल बारे पटक-पटक दोहोरी रहने भ्रम चिर्ने उद्देश्यका साथ काठमाडौंमा विशाल जमघट हुने भएको छ। करिब ७५ हजार व्यक्तिको जमघटका बीच विश्व कीर्तिमानसमेत राख्ने योजना अघि सारिएको छ।

विश्व कीर्तिमानी परिषद् नेपालको पहलमा आगामी माघ २७ गते टुडिखेल मैदानमा बुद्धको उपदेश र वचन 'धम्मपद' सामुहिक रूपमा वाचन गरेर कीर्तिमान राख्ने लक्ष्य अघि सारिएको हो। धम्मपदलाई नेपाली अनुवाद गरेर आम नेपालीले बुझ्ने गरी सामुहिक रूपमा वाचन गरिने परिषद्ले जनाएको छ।

इसाइ धर्मावलम्बीहरूको मुख्य धार्मिक ग्रन्थ बाइबलपछि धम्मपद सबैभन्दा बढी भाषामा अनुवाद गरेर बिक्री भएको बताइन्छ। बुद्धमार्गीहरूको मुख्य धार्मिक ग्रन्थ त्रिपिटकका विभिन्न ३ अंगमध्ये सबैभन्दा महत्त्वपूर्ण अंगका रूपमा धम्मपदलाई लिइने गरिन्छ। पाली लिपीको धम्मपद यसअघि नै नेपालीमा अनुवाद भइसकेकाले आयोजकलाई सहज हुनेछ। धम्मपद नेपालभित्र नेपाली, नेपाल भाषा, मैथली र थारु भाषामा अनुवाद भइसकेको छ।

बुद्ध जन्मस्थल बारेको भ्रम चिर्ने कार्यक्रमको नाम 'बुद्ध वर्न इन नेपाल' राखिएको छ। यो कार्यक्रमको तयारीमा जुटेको परिषद् विभिन्न विधा र शीर्षकमा विश्व कीर्तिमान राखेका नेपालीहरूको संस्था हो। नेपालका पूर्वप्रधानमन्त्रीहरू केपी ओली, पुष्पकमल दाहाल, झलनाथ खनाल, माधवकुमार नेपाल, डा. बाबुराम भट्टराई, लोकेन्द्रबहादुर चन्द र खिलराज रेग्मी यो कार्यक्रमका संरक्षक रहनुभएको छ। सो कार्यक्रममा ७५ हजार व्यक्ति सहभागी हुनसक्ने गरी सिट क्षमताको व्यवस्था गरिने परिषद्ले दाबी गरेको छ।

यही कार्यक्रमका लागि गिनिज बुक अफ वल्ड रेकड्स मुख्यालय बेलायतको लन्डनबाट २ जना प्रतिनिधि र निर्णायक नेपाल आउने कार्यक्रम आयोजक समितिका अध्यक्ष दीपक शर्मा बजगाईंले जानकारी दिनुभयो। 'हाम्रो तयारीअनुसार यो कार्यक्रमबाट नेपालले विश्व कीर्तिमानको रेकर्ड राख्नेछ, बुद्ध जन्मस्थल बारेको भ्रम चिर्न सघाउ पुग्नेछ' -उहाँले भन्नुभयो।

कार्यक्रमलाई सफल बनाउन आवश्यक आर्थिक र प्राविधिक सहयोग जुटाउन सररकारसहित विभिन्न संघ/संस्था र आम सर्वसाधारणलाई अपिल गरिएको बजगाईंले बताउनुभयो। यसअघि ठूलो जमघट र सामूहिक सहभागिताको विश्व कीर्तिमान भारतले राखेको छ। सन् २०१४को फेब्रुअरी २ तारिखमा ४६ हजार ६ सय ६० जनाको सहभागितामा १६औं शताब्दिका कवि पोथानमद्वारा रचित 'जानपना' नामक कविता सामुहिक रूपमा वाचन गरेर भारतले यस्तो कीर्तिमान राखेको थियो।

## पहिलो प्राथमिकता पार्टी एकता : माओवादी केन्द्र

काठमाडौं, (नेस)

नेकपा माओवादी केन्द्रले नयाँ सरकार गठनअघि नै २ पार्टीको बीचमा एकीकरण हुनुपर्ने निर्णय गरेको छ। माओवादी केन्द्र र नेकपा एमालेबीच मूलभूत मुद्दाको टुंगो लगाएर जनमतअनुसार पार्टी एकीकरण हुनुपर्ने निर्णय गरेको हो।

पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' निवास खुमलटारमा मंगलबार बसेको बैठकमा पार्टी एकताको बारेमा भइरहेको विकसित परिस्थितिका बारेमा सचिवालयका सदस्यहरूलाई जानकारी गराउनुभएको थियो। प्रचण्डले सरकार गठन ढिलो हुने देखिएकाले एमाले अध्यक्ष केपी ओलीले पार्टी एकता प्रक्रियालाई तत्काल टुंगो लगाउनुपर्ने प्रस्ताव गरेको 'बिफ्रिङ' गर्नुभएको छ।

माओवादी केन्द्रका नेता मणि थापाले प्रचण्डको भनाइ उद्धृत गर्दै नेपाल समाचारपत्रसँग भन्नुभयो- 'पार्टी एकताको वातावरण बन्दै गएको छ, अनौपचारिक छलफल भइरहेका छन्, ओलीजी पनि सरकार गठनअघि नै एकताको विषय टुंगो लगाउनुपर्ने पक्षमा हुनुहुन्छ।'

३ दिनदेखि एमाले अध्यक्ष ओलीको स्वास्थ्यमा समस्या आएपछि बैठक बस्न नसकिएको उल्लेख गर्दै अध्यक्ष प्रचण्डले ओलीको स्वास्थ्यमा सुधार आएसँगै बैठक बस्ने जानकारी गराउनुभएको नेता थापाले बताउनभुयो। थापाले भन्नुभयो- 'पदको बाँडफाँड अझै टुंगो लागेको छैन, टुंगो लाग्ने अन्तिम चरणमा छ।'

बैठकमा नेताहरूले प्रचण्डलाई पार्टीदेखि जनवर्गीय संगठनसम्मको खाका बनाएर व्यवस्थापन गर्ने गरी छलफल अगाडि बढाउनुपर्नेमा जोड दिएका थिए।

## 'जेसिज न्यानो अभियान' शुरू



काठमाडौं, (नेस)

पाटन जेसिजले नयाँ वर्ष सन् २०१८ को अवसरमा 'जेसिज न्यानो अभियान'को शुरूआत गरेको छ। जेसिसले १५ जना वृद्धवृद्धालाई स्वेटर र टोपी वितरण गरेर अभियानको शुरूआत गरेको हो।

'मानवसेवा नै जीवनको सर्वोत्तम कार्य हो' भन्ने जेसिजको मूल नाराअनुसार खुमलटारस्थित मञ्जुश्री वृद्धाश्रमका वृद्धवृद्धाहरूलाई न्यानो कपडाको वितरण गरिएको उक्त कार्यक्रमका संयोजक तथा पाटन जेसिजका उपाध्यक्ष जेसी रोजिना थापाले बताइन्।

जेसिजका पूर्वराष्ट्रिय अध्यक्ष जेसीआई सिनेटर राजेश न्याछ्यौ, जेसिज क्षेत्र 'ग' का राष्ट्रिय निरोपित कार्यकारी उपाध्यक्ष जेसी पद्मविक्रम सिंह, पाटन जेसिजका पूर्वअध्यक्ष जेसी सम्राटमान जोशीको उपस्थितिमा न्यानो कपडा वितरण गरिएको हो। उक्त कार्यक्रममा पाटन जेसिजका वर्ष २०१८ का सम्पूर्ण पदाधिकारी उपस्थित थिए।

चिसोमा न्यानो कपडा अत्यावश्यक चिज भएकाले अशक्त वृद्धवृद्धाहरूलाई सहयोग गर्नु नै अभियानको उद्देश्य भएको बताउँदै पाटन जेसिजका अध्यक्ष जेसी सुमन श्रेष्ठले भने, 'यो अभियानलाई नेपाल जेसिजका देशभरि रहेका ४ वटै क्षेत्रमा पुऱ्याउनेछौं।'

## मिडिया फेस्टिवलको तयारी अन्तिम चरणमा

नेपाल समाचारपत्र

काठमाडौं



यही पुस २२ गते शनिबार आयोजना गर्न लागेको मिडिया फेस्टिवलको तयारी अन्तिम चरणमा पुगेको छ।

व्यावसायिक पत्रकारिताको आधार समावेशी सञ्चार भन्ने मूल नाराका साथ नेवाः पत्रकार राष्ट्रिय दबूले पाटन दरबार क्षेत्रको भण्डारखाल बगैंचामा सो फेस्टिवल गर्न लागेको हो। मिडिया फेस्टिवलको नेपालमा नै पहिलोपटक हुन लागेको आयोजकहरूको दाबी रहेको छ।

नेपाली सञ्चार क्षेत्रमा क्रियाशील व्यक्तिहरू, पत्रकारिता क्षेत्रका विज्ञ, समावेशी सञ्चारसँगै प्रत्यक्ष सरोकार राख्ने विविध सामुदायिक संघसस्थाका प्रतिनिधिहरू सम्मिलित गराएर समावेशी सञ्चारको विषयमा बहस र छलफल गर्ने उद्देश्यले यस फेस्टिवलको परिकल्पना गरिएको नेवाः पत्रकार राष्ट्रिय दबूका केन्द्रीय अध्यक्ष श्रीकृष्ण महर्जनले मंगलबार राजधानीमा आयोजित पत्रकार भेटघाटमा बताउनुभयो।

अध्यक्ष महर्जनले मिडिया फेस्टिवल नेपालको सञ्चार क्षेत्रमा नौलो र महत्त्वपूर्ण प्रयोग रहेकाले यसलाई सफल बनाउने जिम्मेवारी पनि सञ्चार जगत्कै रहेको धारणा राख्नुभयो।

सो अवसरमा मिडिया फेस्टिवल-११३८ का संयोजक सुरेन्द्रभक्त श्रेष्ठले नेपालको सञ्चारमाध्यम समावेशी हुनुपर्ने मान्यताले प्रेरित भएर फेस्टिवल आयोजना गर्न लागेको बताउनुभयो। संयोजक श्रेष्ठले भन्नुभयो 'भिन्न विचार र सोचलाई निषेध नगरीकन सबै खाले विचार अटाउनुपर्ने सन्देश प्रवाह गर्नेछ।'

महोत्सवको उद्घाटन २००९ सालमा कलाकार नामक पत्रिकामा नेपाल भाषा, नेपाली र अंग्रेजी भाषामा पत्रकारिता गरेर समावेशी पत्रकारिताको उदाहरण पेश गर्नुभएका वाङमय शताब्दी पुरुष एवं वरिष्ठ संस्कृतिविद् सत्यमोहन जोशीबाट हुने छ। उद्घाटन समारोहमा विशेष अतिथिका रुपमा परिकारिताका प्राज्ञ रामकृष्ण रेग्मीले समावेशी सञ्चार र मातृभाषाको पत्रकारिताको विषयलाई आफ्नो मन्तव्य दिनुहुनेछ।

फेस्टिवलको दोस्रो सत्रमा डबली बहस हुनेछ। पहिलो चरणमा देश संघीयतामा प्रवेश गरिसकेको सन्दर्भमा मातृभाषाको पत्रकारिता र स्थानीय पत्रकारिताको विकासका लागि स्थानीय तह वा प्रदेशको भूमिका के हुने भन्ने विषयमा स्थानीय तहका प्रमुखहरूसँग अन्तरक्रिया हुनेछ।

दोस्रो चरणमा समावेशी सञ्चार क्षेत्रको अवधारणा के हो र नेपालको सञ्चार क्षेत्र समावेशी बनाउन के गर्नुपर्ला भन्ने विषयमा केन्द्रित भएर अध्येता सीकेलाल, वरिष्ठ पत्रकार युवराज घिमिरे र नेपाल भाषा दैनिकका सम्पादक एवं वरिष्ठ पत्रकार सुरेशकिरण मानन्धरसँग अन्तरक्रिया हुनेछ।

नेपाल पत्रकार महासंघको संस्थापक अध्यक्ष सत्यनारायणबहादुर श्रेष्ठलाई औपचारिक मान्यता दिनुपर्ने उद्देश्यले एकातर्फ उहाँको तस्वीर अर्कोतर्फ धर्मादित्य धर्माचार्यको तस्वीर अंकित क्यालेन्डरको लोकार्पण गरिनेछ। फेस्टिवलमा नेपाल समाचारपत्र, राजधानीलगायत विविध ब्रोडसिट पत्रिकासहित विविध भाषाबाट प्रकाशन हुँदै आएका पत्रपत्रिका, विशेषतः नेपाल भाषाबाट प्रकाशित पत्रपत्रिका, बन्द भइसकेका पुराना पत्रिकाहरू, टेलिभिजन, एफएम गरी करिब ३५ वटा स्टल रहनेछन्।

धर्मादित्य धर्माचार्यले (जगत्मान वैद्य) ९० वर्षअघि भारतको कलकत्ताबाट नेपाल भाषामा पत्रिका प्रकाशन गरेको इतिहास स्मरण गर्दै उहाँलाई मातृभाषाको पहिलो पत्रकार घोषणा गर्नुपर्ने पक्षमा फेस्टिवल एउटा पैरवीको माध्यम बन्ने सो अवसरमा मिडिया फेस्टिवल ११३८ का सह-संयोजक राजेश वज्राचार्यले बताउनुभयो। सह-संयोजक वज्राचार्यले भन्नुभयो- 'समावेशी सञ्चार दिशामा फेस्टिबलले एउटा महत्त्वपूर्ण पदचाप छोड्ने विश्वास रहेको छ।'

सोही समारोहमा डायरी प्रकाशन र नेपाल भाषाको पुराना पत्रकारहरूको जीवनी रहेको बुलेटिनको पनि लोकार्पण गरिने बताइएको छ। फेस्टिवलमा नेपाल पत्रकार महासंघ, आदिवासी जनजाति पत्रकार महासंघ, मधेशी पत्रकार समाज, नेपाल प्रेस काउन्सिललगायत सञ्चार क्षेत्र सम्बद्ध संघसंस्थाहरूको पनि सहभागी रहनेछ।

सिनेमा कर्नर










अग्नि यातायात प्रा. लि.
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-४२८५६३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )

माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ४२७७५५२, ४२७९६१३

### आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : साथीभाइ, इष्टमित्रमा विवाद, निरर्थक दौडधुप, लखतरान।
**वृष** : पैसा प्राप्ति, जागिर, पढाइ, व्यापारमा सफलता, मान बढ्ने।
**मिथुन** : धननाश, मानसिक अस्थिरता, असन्तोष, नेत्र विकार, दौडधुप।
**कर्कट** : उपहारादि वस्तु प्राप्ति, बोली बिक्ने, कार्य सफल हुनेछ।
**सिंह** : साथीभाइसँग विवाद, धनहानि, दुर्घटनाको सम्भावना।
**कन्या** : साथीभाइबाट सहयोग, पारिवारिक सुख, मिष्ठान्न भोजन।
**तुला** : उपहारादि वस्तु प्राप्ति, कार्य सफल, शारीरिक स्वस्थता।
**वृश्चिक** : राज्यभय, अपयश, व्यर्थको यात्रा, पेसा-व्यवसायमा बाधा।
**धनु** : रोगको भय, काममा बाधा, आर्थिक नोक्सानी, शारीरिक कष्ट।
**मकर** : धनलाभ, मान-सम्मान, समस्या समाधान, बाहन-सुख।
**कुम्भ** : आर्थिक लाभ, प्रतिस्पर्धी वा शत्रुमाथि विजय हासिल हुनेछ।
**मीन** : कार्यनाश, शोक-सन्ताप, सन्तान कष्ट, वायुजन्य रोगको भय।

# नेपाल

> आकाश खुलेर वरिपरिका दृश्यावलोकन गर्नका लागि उपयुक्त सिजन असोज, कात्तिक र मंसिरसम्म बढी उपयुक्त हुने र अर्को सिजन चैत, वैशाख र जेष्ठमा उपयुक्त रहेको मनाङ जिल्ला पर्यटन विकास संघका अध्यक्षले बताएका छन्।

## दिपायल राजधानी माग्दै आन्दोलन शुरू

**विमल विष्ट, डोटी**




७ नम्बर प्रदेशको राजधानी दिपायल तोकिनुपर्ने माग गर्दै डोटीमा आन्दोलन शुरू भएको छ। आन्दोलकारीको एक समूहले दिपायलको प्रमुख व्यापारीक केन्द्र पिपल्ला बजारमा टायरसमेत बालेको छ। राजधानी माग गर्दै यहाँको संघर्ष समितिले एक हप्तादेखि शान्तिपूर्ण ऱ्यालीको आयोजना गर्दै आएको छ।

प्रदेशको राजधानी दिपायल घोषणा गर भन्दै दिपायलको प्रमुख व्यापारीक केन्द्र दिपाय, पिपल्ला, एयरपोर्ट र राजपुरलगायतका ठाउँमा आज मंगलबार सयौंको संख्यामा महिलासहितको ऱ्याली निकालिएको छ। गएको बुधबारदेखि ७ नम्बर प्रदेशको राजधानी दिपायल नै हुनुपर्ने माग गर्दै साताव्यापी दबाबका कार्यक्रम चलिरहेका छन्।

उक्त संघर्ष समितिले दैनिक २ घण्टा रिले चक्काजामको कार्यक्रमसमेत गर्दै आएको उक्त ऱ्यालीमा सहभागीमध्येकी एक स्थानीय तुलसी शाहीले बताउनुभयो। उहाँले भन्नुभयो- 'राजधानी दिपायल तोक्नका लागि अहिले हामीले शान्तिपूर्ण ऱ्याली गर्दै आएका छौं। यदि दिपायललाई राजधानी नतोकिए हामी कडा आन्दोलमा पनि उत्रिन तयार हुनेछौं।'

त्यस्तै आज मंगलबार दिउँसोबाट यहाँका बजार पनि पूर्णरूपमा बन्द गरिएका छन् भने सडकमा टायर बालिएको छ। माओवादी केन्द्रका तेजबहादुर डुम्रेल तथा डबल साउदको नेतृत्वमा सडकमा टायर बालिएको हो। ७ नम्बर प्रदेशका ९ वटै जिल्लाको पायक पर्ने स्थान दिपायल रहेको र सुरक्षा सम्वेदनशीलताका आधारले पनि सुरक्षित, पुरानो डोटी गौणाका रूपमा स्थापित, ऐतिहासिक आधाहरू, भौतिक संरचनाहरू प्रयाप्त, सामाजिक सांस्कृतिक पहिचान, पहुँचको सुगमता, साविकको सुदूरपश्चिमको क्षेत्रीय सदरमुकाम, ३६ करोडको सभाहल दिपायलमा मात्र भएको, तराईमा हुने जनसंख्याको चाप कम गर्न तथा पहाडको बसाइँसराइलाई न्यून गर्नजस्ता प्रयाप्त आधार भएकाले दिपायललाई नै राजधानी कायम गरिनुपर्ने मागसहित आफूहरू आन्दोलनमा उत्रिएको आन्दोलनको नेतृत्व गरिरहेका डोटी उघोग वाणिज्य संघको अध्यक्ष नरेन्द्र खड्काले बताउनुभयो।

### बाँदरलाई हानेको गोली लाग्दा वृद्धको मृत्यु

पाल्पा, (नेस)

तिनाउ गाउँपालिका-६ मस्याममा एक वृद्धको गोली लागी मृत्यु भएको छ। भरुवा बन्दुकले बाँदरलाई ताकेर हान्दा सो गाविसका ६२ वर्षीय धनबहादुर थापाको मृत्यु भएको हो। जंगलमा बाख्रा चराइरहेका थापालाई सोही ठाउँका बालबहादुर लम्तरीले हानेको गोली लागेको हो।

जिल्ला प्रहरी कार्यालय पाल्पाका अनुसार सोमबार अपराह्न सो घटना भएको हो। घटनाको विषयमा प्रहरीले राति अबेरमात्र थाहा पाई बन्दुक हान्ने लम्तरीलाई नियन्त्रणमा लिएको छ। सो विषयमा अनुसन्धान भइरहेको जिप्रका पाल्पाका प्रहरी उपरीक्षक दिल्लीराज पन्तले जानकारी दिनुभयो। मृतक थापा अभियुक्त लम्तरीका नाताले भिनाजु पर्दछन्।

## दृष्टिविहीनलाई सेतो छडी

**नेपाल समाचारपत्र**

पोखरा

लायन्स क्लब अफ पोखरा गोल्डेन सोसाइटीले नेत्रहीन संघ कास्कीमा सेतो छडी वितरण गरेको छ। क्लबका संस्थापक अध्यक्ष सीता बराल र क्लबका सचिव सविता आचार्यको जन्मदिनको अवसर पारी २५ थान सेतो छडी वितरण गरेको हो।

सेतो छडी वितरण कार्यक्रममा नेत्रहीन संघ कास्कीका अध्यक्ष लक्ष्मण सुवेदीले दृष्टिविहीनलाई सेतो छडीको अभाव झेल्नु नपरोस् भन्ने उद्देश्यका साथ सेतो छडी वितरण गर्दै आएको बताए। उनले जिल्लामा दृष्टिविहीनलाई सेतो छडीविहीन नबनाउने र किन्न पनि नलगाउने नीति लिएको बताए।

'सेतो छडी दृष्टिविहीनका लागि आँखा, आत्मबल र परिवार सबै हो', उनले भने- 'जसरी एउटा बच्चाका लागि आमाको दूध अपरिहार्य आवश्यकता हो, दृष्टिविहीनका लागि सेतो छडी त्यस्तै आवश्यकता हो।'

एउटा सेतो छडी नियमित प्रयोग गर्ने दृष्टिविहीनलाई ३ महिनाका लागि मात्र प्रयोगमा आउने बताउँदै उनले संघले कार्यालयबाट सेतो छडी उपलब्ध गराउँदै आएको सो अवसरमा जानकारी दिए। सुवेदीका अनुसार कास्की जिल्लामा मात्र दृष्टिविहीनको संख्या १ हजार ४ सय ४५ रहेको छ।




लायन्स क्लब अन्तर्राष्ट्रिय डिस्ट्रिक ३२५ बी वान नेपालका सिनियर एड्भाइजर रामबहादुर बसेलले लायन्सले सामाजिक सेवाका विभिन्न क्षेत्रमा काम गर्दै आएको बताउँदै यस किसिमका कार्यक्रमलाई प्राथमिकताका साथ अघि बढाउन आवश्यक भएको उल्लेख गरे।

सेतो छडी वितरण कार्यक्रममा लायन्स क्लब अफ पोखरा गोल्डेन सोसाइटीकी अध्यक्ष विष्णु पराजुलीले दृष्टिविहीनलाई केही मात्रामा भए पनि सहयोग पुगोस् भन्ने हेतुले सेतो छडी वितरण गरिएको बताइन्।

कार्यक्रममा डिस्ट्रिक ब्लड डोनेसन कमिट चेयरपर्सन चूडामणि बराल, क्लबका संस्थापक अध्यक्ष सीता बराल, प्रथम उपाध्यक्ष निर्मला आचार्य, सचिव सविता आचार्यलगायतले दृष्टिविहीनका लागि सेतो छडी प्रदान गरिनु सराहनीय काम भएको उल्लेख गरेका थिए।

## जिल्ला कारागारलाई पुस्तक प्रदान

लमजुङ, (नेस)

जिल्ला कारागार शाखामा रहेका कैदी तथा बन्दीका लागि सयभन्दा बढी पुस्तक प्रदान गरिएको छ। दि एसिया फाउन्डेसन नेपालको सहयोगमा रोट्र्याक्ट क्लब अफ लमजुङले विभिन्न प्रकारका १ सय ३२ थान पुस्तक प्रदान गरेको हो।

बेंसीशहर नगरपालिका प्रमुख गुमानसिंह अर्यालले एक कार्यक्रमबीच कारागार प्रशासनलाई सो पुस्तक हस्तान्तरण गर्नुभएको हो। उहाँले पछिल्लो समय कारागारलाई सुधारगृहको रूपमा लिइएको भन्दै जीवन परिवर्तन तथा आचरण सुधारका लागि पुस्तकको अध्ययन महत्त्वपूर्ण हुने बताउनुभयो।

कारागारभित्र रहेर बन्दी जीवन बिताइरहेकामा पठन संस्कृतिको विकासका लागि रोट्र्याक्ट क्लब अफ लमजुङका अध्यक्ष झमप्रसाद गुरुङले बताउनुभयो। उहाँका अनुसार कारागारको पुस्तकालयमा रहने गरी पुस्तक प्रदान गरिएको हो।

पुस्तकालयका लागि बजेट नहुने हुँदा पुस्तक खरिद गर्न नपाएको अवस्थामा एक सयभन्दा बढी पुस्तक प्राप्त गरेपछि कारागारभित्रका बन्दीले खुसी व्यक्त गरेका छन्। कारागारभित्र समय बिताउन कठिन भइरहेका बेला प्राप्त पुस्तकले ज्ञान आर्जनसहित समय बिताउनसमेत सहज हुने थुनुवा राजन पोखेलले बताउनुभयो।

यसअघि पत्रकार महासंघको पहलमा जिल्लाबाट प्रकाशित हुने पत्रिकाहरू उक्त कारागारभित्र बन्दीका लागि निःशुल्क प्रदान गरिँदै आएको पत्रकार महासंघका जिल्ला अध्यक्ष आश गुरुङले बताउनुभयो।

कार्यक्रममा सहायक प्रमुख जिल्ला अधिकारी एवं कारागार प्रमुख काजीमान सुनार, रोटरी क्लब अफ लमजुङका अध्यक्ष दीपक पौडेल, पत्रकार महासंघका केन्द्रीय सदस्य नवीनराज कुइँकेलसहितले आ-आफ्ना धारणा राख्नुभएको थियो।

सो अवसरमा जिल्ला कारागारमा ७ जना महिला र ६९ जना पुरुष गरी ७६ जना बन्दी रहेका कारागार प्रमुख काजीमान सुनारले जानकारी दिनुभयो।

### बेवारिसे बालिकाको उद्धार

बैतडी, (नेस)

प्रहरीले बैतडीको दोगडाकेदार गाउँपालिका-३ श्रीकोटबाट आज एक बेवारिसे बालिकाको उद्धार गरेको छ। मानसिक सन्तुलन गुमाएकी गीता भट्ट नाम बताउने अन्दाजी १५ वर्षीया बालिकाको उद्धार गरिएको खोचलेक प्रहरी चौकीका इन्चार्ज प्रहरी सहायक निरीक्षक श्यामसिंह महराले जानकारी दिनुभयो। 'महाकाली राजमार्गअन्तर्गत खोचलेक बजार नजिकै भेटिएकी बालिकाको मानसिक सन्तुलन ठीक छैन', प्रहरी सहायक निरीक्षक महराले भन्नुभयो-

'कपडा च्यातिएको अवस्थामा छ, आफ्नो नाम, ठेगानासमेत एकिन बताउँदिनन्। कुनै बेला महेन्द्रनगर कुनै बेला दार्चुला घर बताउँछिन्।'

उद्धार गरिएकी बालिकालाई महिला तथा बालबालिका कार्यालय बैतडीको सेफ हाउस पाटनमा राखिएको जिल्ला प्रहरी कार्यालय बैतडीका निमित्त प्रहरी प्रमुख प्रहरी निरीक्षक कमल विष्टले जानकारी दिनुभयो।

## तिलिचो ताल जाने उचित सिजन कहिले ?

**नवीन लामिछाने, मनाङ**

विश्वको सबैभन्दा अग्लो स्थानमा रहेको तिलिचो ताल घुम्नका लागि उचित सिजन कुन हो त ? कहिले जाँदा सहज हुन्छ भन्ने कौतुहलता आम मानिसको चासो रहेको छ। वर्षाको सिजनमा लेकाली फूल फुल्ने र तिनको गन्धले हाई लाग्ने गर्छ। त्यसका साथै आकाश बादलिएर नखुल्ने हुन्छ भने हिउँदको सिजनमा हिउँ पर्ने र बढी चिसोका कारण जान सकिदैन।

आकाश खुलेर वरिपरिका दृश्य अवलोकन गर्नका लागि उपयुक्त सिजन असोज, कात्तिक र मंसिरसम्म बढी उपयुक्त हुने र अर्को सिजन चैत, वैशाख र जेष्ठमा उपयुक्त रहेको मनाङ जिल्ला पर्यटन विकास संघका अध्यक्ष विनोद गुरुङले बताएका छन्। यस ताल आन्तरिक पर्यटकको आकर्षणको केन्द्र बन्दै गएको छ। ४ हजार ९ सय १९ मिटर उचाइमा रहेको यस तालको लम्बाइ ३.९ किलो मिटर रहेको छ भने चौडाइ



१.६ किलो मिटर फराकिलो छ। ४.८ वर्ग मिटरभन्दा बढी क्षेत्रफलमा फैलिएको यस तालवरिपरि सेता टल्किने तिलिचो हिमाल अन्नपूर्ण रेन्ज र नीलगिरी हिमाल रहेका छन्। हिमालको काखमा रहेको नीलो सङ्ग्लो पानी टलपलाइरहेको दृश्यले सबैको मन लोभिने गर्छ।

विश्वको मानचित्रमा महत्त्वपूर्ण मानिएको यस ताल हेर्नका लागि जुनसुकै समयमा जान सकिँदैन। अक्सर गरेर बढी अग्लो स्थानमा रहेको र नजिकै रहेका हिमालले गर्दा बढी चिसो र लेक लाग्ने सम्भावना बढी मात्रामा देखिन्छ। हिजो-आज यस ताल घुम्नका लागि बाह्य पर्यटकभन्दा आन्तरिक पर्यटक बढी आउने गरेका छन्। यस तालमा पुग्नका लागि दुई सिजनमध्ये गत असोज र कात्तिकमा मात्रै करिब १२ हजारदेखि १५ हजार नेपाली पर्यटकले तिलिचो तालको अवलोकन गरेका अन्नपूर्ण संरक्षण क्षेत्र मनाङका प्रमुख बताउँछन्।

### 'शिक्षा क्षेत्रमा व्याप्त भ्रष्टाचार रोक्न जरुरी'

पर्वत, (नेस)

शिक्षा क्षेत्रमा व्याप्त भ्रष्टाचार रोक्न कुस्मा नगरपालिकाले अभियान चलाउने भएको छ।

कुस्मा नगरपालिका-३ दुर्लुङमा रहेको सूर्यप्रकाश माविको ३८औं वार्षिकोत्सव तथा अभिभावक दिवसको अवसरमा बोल्दै नगरप्रमुख रामचन्द्र जोशीले विकास र समृद्धको बाधकका रूपमा रहेको शिक्षा क्षेत्रको भ्रष्टाचारलाई समाप्त पार्ने विषयमा अभियानै चलाएर लागेको बताएका हुन्। उनले समृद्ध नगरका लागि गुणस्तरीय शिक्षामा जोड दिनुपर्ने धारण राख्दै त्यसका लागि भ्रष्टाचार अन्त्य हुन जरुरी भएको बताए।

शिक्षामा धेरै राजनीतिक र आर्थिक चलखेल हुने गरेको भन्दै यसको रोकथामका लागि सबैले सहयोग गर्नुपर्ने बताए।

जोशीले शैक्षिक गुणस्तर वृद्धिका लागि शिक्षक, विद्यार्थी र अभिभावकबीच त्रिकोणत्मक सम्बन्ध हुनुपर्ने बताए। कार्यक्रममा कुस्मा नगरपालिका-३ दुर्लुङका वडा अध्यक्ष तेजप्रसाद पाध्यले दुर्लुङका सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर वृद्धिका लागि शैक्षिक, भौतिक तथा नैतिक सहयोग गर्ने बताए।

## साँदनी-ब्रह्मदेव सडक निर्माण अघि बढाउन माग

**राम धामी, डडेल्धुरा**

डडेल्धुरा जिल्लाको भित्रिमधेस भएर कञ्चनपुर पुग्ने अत्यन्तै महत्त्वको साँदनी-ब्रह्मदेव सडक निर्माण कार्य अघि बढाउन स्थानीयले माग गरेका छन्।

भित्रिमधेस क्षेत्रको परशुराम नगरपालिका-७ साँदनीबाट कञ्चनपुरको ब्रह्मदेव जोड्ने सो सडकको ट्र्याक खोल्न तत्कालीन जिल्ला विकास समितिको कार्यालय डडेल्धुराले आर्थिक वर्ष २०६८/०६९ मा ५० लाख बजेट विनियोजन गरेको थियो।

डोजर लगाएर काम गर्दा डडेल्धुरा र कञ्चनपुरको सीमावर्ती कौवानी डाँडासम्म ट्र्याक खोलिएको सो सडकमा त्यसपछि बजेट विनियोजन हुन नसकेको स्थानीय अगुवा भरत धानुक 'पुकार' ले बताए। माओवादी केन्द्रका तत्कालीन इन्चार्ज पुकारको अगुवाइमा जिविसको राजनीतिक संयन्त्रले दुई जिल्ला जोड्ने महत्त्वपूर्ण सडकका रूपमा साँदनी-ब्रह्मदेव सडकको निर्माण कार्य अघि बढाएको हो।



विनियोजित बजेटमा प्राविधिक कर्मचारीसमेतको मिलेमतोमा आर्थिक अनियमितता भएपछि स्थानीयस्तरबाट विरोध गरेको र त्यसपछि सो सडकमा बजेट विनियोजन हुन छाडेको साँदनी-ब्रह्मदेव सडक निर्माण उपभोक्ता समितिका सदस्य बिसनसिंह बोहराले बताए।

साँदनी-ब्रह्मदेव सडक निर्माण हुन सकेमा भित्रिमधेसमात्र होइन, प्रदेश नं. ७ का सबै पहाडी जिल्लाबासी लाभान्वित हुने परशुराम नगरपालिकाका नगरप्रमुख भीमबहादुर साउदले बताए। 'डडेल्धुराबाट जोगबुडा भएर कञ्चनपुरको ब्रह्मदेव पुग्ने सडक बन्न सकेमा ७ वटै पहाडी जिल्लाका लागि द्रुतमार्गको रूपमा यसले काम गर्ने छ', नगरप्रमुख साउदले भने- 'डडेल्धुरा-निङ्लाडी-जोगबुडा सडक बन्नसके सो सडकलाई साँदनी-ब्रह्मदेव सडकमा जोड्न सकिन्छ, जसबाट ७६ किलोमिटर यात्रा गर्दा टनकपुर पुग्न सकिनेछ।'

भारतीय बजार टनकपुरबाट ब्रह्मदेव हुँदै सोझै जोगबुडासम्म सडक निर्माण हुन सकेमा भित्रिमधेसले आर्थिकरूपमा सुदृढ हुने अवसर प्राप्त गर्ने स्थानीय अगुवाहरू बताउँछन्। सो सडक निर्माणका लागि बजेट माग्न पटक-पटक पहल गरिए पनि सुनवाइ नभएको स्थानीय अगुवा वीरेन्द्र भण्डारीले बताए।

महाकाली राजमार्गअन्तर्गत ब्रह्मदेवदेखि साँदनी हुँदै जोगबुडा जोड्ने सडक निर्माण हुने हल्लाका कारण परशुराम नगरपालिकाबाट बजेट विनियोजन नगरिएको नगरपालिकाकी उपप्रमुख कलावती बोहराले बताइन्। परशुराम-७ का वडा अध्यक्ष केशव बोहरा निकै महत्त्वपूर्ण मानिएको साँदनी-ब्रह्मदेव सडक निर्माणका लागि नगरपालिकाबाट बजेट विनियोजन गर्न आफूले पहल गर्ने बताउँछन्। केन्द्रीय योजनाबाट सडक निर्माण हुने नदेखिएकाले स्थानीयस्तरबाटै ट्र्याक खोल्ने तयारी गरिने उनले जानकारी दिए।

### मोटरसाइकल दुर्घटनामा दुईको मृत्यु

राजविराज, (नेस)

सप्तरीको कठौना पातो सडकखण्डमा दुई मोटरसाइकल एक-आपसमा ठोक्किँदा दुई जनाको ज्यान गएको छ। सोमबार राति ९ बजेतिर स४प १२१९ नं को मोटरसाइकल चढेर घरबाट कठौना बजार आउँदै गरेको डाकनेश्वरी नपा-१ कविलासा बस्ने २५ वर्षीय दीपेश चौधरी र २३ वर्षीय दीपक चौधरीको मृत्यु भएको हो।

सोही दिशाबाट आएको बा२४प २८६१ नं को मोटरसाइकले ओबरटेक गर्ने क्रममा ठोक्किएर दुर्घटना भएको प्रहरीले जनाएको छ। तीव्र गतिमा रहेका दुवै मोटरसाइकल ठोक्किएर दुर्घटना हुँदा गम्भीर घाइते भएका चौधरीद्वयलाई तत्कालै स्थानीयबासी र प्रहरीले उद्धार गरी लहानस्थित सप्तऋषि अस्पतालमा उपचारका लागि भर्ना गराएका थिए।

उपचारकै क्रममा राति १२ बजेतिर उनीहरूको मृत्यु भएको इलाका प्रहरी कार्यालय कल्याणपुरले जनाएको छ। ठक्कर दिने बा२४प २८६१ नं को मोटरसाइकलसहित चालक डाक्नेश्वरी नपा-३ का १९ वर्षीय गयानन्द चौधरीलाई नियन्त्रणमा लिई कारबाही शुरू गरिएको सप्तरीका डीएसपी ध्रुवकुमार श्रेष्ठले जानकारी दिए।

२०७४, पुस
बुधबार
१९

भूकम्पबाट पीडित भएका ९० हजार ४ सय ९७ भूकम्पपीडितमध्ये मंसिर मसान्तसम्म २ हजार ८ सय ९३ भूकम्पपीडितले मात्रै तेस्रो किस्ता प्राप्त गरेका छन्। लाभग्राहीको सूचीमा रहेकामध्ये अधिकांश प्रक्रियामै रहेको राष्ट्रिय पुनर्निर्माण प्राधिकरण जिल्ला शाखा काभ्रेपलाञ्चोकले जानकारी दिएको छ।

# नेपाल

## ४ सय ४१ भूकम्पपीडितलाई घर

**सन्तोष अधिकारी, गोरखा**

२०७२ वैशाख १२ को विनाशकारी भूकम्पले गोरखाका करिब ६० हजार घर पूर्णरूपमा ध्वस्त भए। तीमध्ये अहिलेसम्म करिब ६ हजार घरले मात्रै तेस्रो किस्ता लिएका छन्। भूकम्पपछि गोरखामा थुप्रै संघ-संस्था पनि क्रियाशील छन्। केही राहतका नाममा विभिन्न सामग्री वितरण गरेर फर्किए भने केही भूकम्पपीडितको घाउमा मल्हम लगाउँदै छन्। यस्तै एउटा संस्था हो, स्वाँरा सघन गाउँ विकास केन्द्र र सेभ द चिल्ड्रेन। यी दुई संस्थाको साझेदारीमा ४ सय ४१ जना भूकम्पपीडितको घर पुनर्निर्माण गरी दिएका छन्।



जिल्ला दैवी प्रकोप उद्धार समितिसँगको समन्वयमा सेभ द चिल्ड्रेनको आर्थिक सहयोग र स्वाँरा सघन गाउँ विकास केन्द्रको सहकार्यमा उक्त घर पुनर्निर्माण सम्पन्न भएको स्वाँरा सघनका सीताराम श्रेष्ठले जानकारी दिए।

'हामीले अनुमति पाएको ९ महिनामा ४ सय ४१ घर बनाएर स्थानीयलाई बुझायौं', स्वाँरा सघन गाउँ विकास केन्द्रका कार्यकारी निर्देशकसमेत रहेका श्रेष्ठले भने- 'हामीले जिल्लाको साविकको मसेल गाविसमा १ सय ९५ घर र पन्द्रुङमा २ सय ४६ घर निर्माणमा सहयोग गरेका हौं।' सरकारी अनुदानको ३ लाख रुपियाँ नलिने गरी संस्थाको सहयोगमा स्थानीयको घर बनेको हो। संस्थाले स्थानीयलाई ३ लाख रुपियाँमा थप ४५ हजार रुपियाँ ढुवानी खर्च भनेरसमेत सहयोग गरेको मसेलका स्थानीय ललितबाबु गुभाजुले जानकारी दिए।

संस्थाले घर निर्माण प्रभावकारी होस् भनेर साविकका दुवै गाविसमा इन्जिनियर वीरेन्द्र श्रेष्ठ प्रमुख रहने गरी प्राविधिक, इन्जिनियर, ओभरसियरहरूलाई पनि खटाएको थियो। त्यस्तै यी दुई संस्थाको सहयोगमा भूकम्पबाट क्षति पुऱ्याएको जिल्लाका ७ वटा विद्यालय, ११ वटा स्वास्थ्य चौकी, ८ वटा गाउँ घर क्लिनिक र १८ वटा खानेपानी परियोजनासमेत निर्माण गरी हस्तान्तरण गरिसकेको श्रेष्ठले जानकारी दिए।

## एम्बुलेन्सको चरम दुरुपयोग

**सञ्जय कार्की, गौर, रौतहट**

सर्लाही जिल्लामा एम्बुलेन्सको चरम दुरुपयोग हुने गरेको छ। बिरामी बोक्न प्रयोग हुने एम्बुलेन्समा वनभोज, पार्टी र आफन्तमात्र हैन मालवाहकको रूपमा सामान ओसार्न प्रयोग हुने गरेको पाइएको छ।

शतप्रतिशत भन्सार राजस्व छुटमा ल्याइएका एम्बुलेन्स पछिल्लो समयमा व्यावसायिकरूपमा प्रयोग हुने गरेको खुलेको छ। यसको निगरानी र नियन्त्रण हुन नसक्दा एम्बुलेन्समा बिरामी बोक्न छाडेर आफन्त, डाक्टर, अस्पतालका कर्मचारी बोक्ने गरेकोसमेत पाइएको छ। अंग्रेजी नयाँ वर्ष मनाउन सर्लाहीको मातृत्व सेवा नेपालको ज१च १५७८ नम्बरको एम्बुलेन्सले रौतहटको चन्द्रपुर नगरपालिका-१ नुनथरमा वनभोजको लागि मदिरा, मासु, र आफन्तलाई ओसारेको पाइएको छ।



भन्सार छुटमा ल्याइएका एम्बुलेन्सले बिरामी बोक्दा भाडासमेत मनपरीरूपमा लिने गरेका छन्। बिरामी बोक्दा महँगो भाडा असुल्ने गरे पनि एम्बुलेन्सको दुरुपयोग उत्तिकै बढेको छ। ट्राफिक प्रहरीले सवारीसाधनको दुरुपयोग हुन नदिन चेकिङ गर्ने गरेको भए तापनि एम्बुलेन्सको दुरुपयोग रोक्न ध्यान पुगेको देखिँदैन। एम्बुलेन्सको दुरुपयोगले समयमै एम्बुलेन्स सेवा नपाएर बिरामी उपचार अभावमा पीडित हुने गरेकोसमेत पाइएको छ।

आकस्मिक सेवाका दमकल, शव वाहन, ट्राफिक प्रहरीसमेतको समन्वयमा सेवालाई सहज, सरल र प्रभावकारी बनाइनुपर्नेमा त्यसो नहुने गरेको गुनासो स्थानीयको रहेको छ। यस विषयमा जिल्ला ट्राफिक प्रहरी कार्यालय सर्लाहीका ट्राफिक प्रहरी निरीक्षक पाचु चौधरीसँग सम्पर्क गर्दा उनी सम्पर्कमा आउन चाहेनन्। गैरसरकारी संस्था दर्ता गर्ने र यसैको नाममा भन्सार छुटमा एम्बुलेन्स खरिद-बिक्री गर्ने चलनसमेत पछिल्ला दिनमा बढेर गएको पाइएको छ। मातृत्व सेवा नेपाल गैरसरकारी संस्था हो। सहुलियत दरमा बिरामी बोक्ने प्रतिबद्धतासहित निकालिएको एम्बुलेन्सको चरम दुरुपयोग हुँदासमेत नियन्त्रण गर्ने निकायको ध्यान पुग्न सकेको छैन।

निर्देशिकाअनुरूप एम्बुलेन्स सेवालाई सञ्चालन गराउने जिम्मा लिएको जिल्ला एम्बुलेन्स सेवा समितिको भूमिका गौण रहँदा यसको दुरुपयोग बढेको आरोप छ। प्रमुख जिल्ला अधिकारी अध्यक्ष, जिल्ला स्वास्थ्य कार्यालयका प्रतिनिधि सदस्य-सचिव, जिल्ला समन्वय समिति र जिल्ला रेडक्रस सोसाइटी, जिल्ला प्रहरी कार्यालयका प्रतिनिधि सदस्य रहेको सो समितिले एम्बुलेन्स सेवा प्रदायकसँग यस विषयमा अन्तरक्रियासमेत गरेको पाइँदैन जसका कारण पछिल्लो समयमा जिल्लामा सञ्चालित एम्बुलेन्सलाई सञ्चालकले तस्करीका रूपमा समेत प्रयोग गर्दै आएको पाइएको छ।

## कर्णाली करिडोरको ७० किलोमिटरमा गाडी गुड्दै

कालिकोट, (नेस)

कर्णाली करिडोर खुलालु-सिमीकोट खण्डको करिब ७० किलोमिटरसम्मको सडक गाडी सञ्चालन गर्न सकिने अवस्थामा पुगेको छ। हाल लालीघाटदेखि घाटपारिचौरसम्मको ३३ किलोमिटरमा गाडी सञ्चालनमा रहेको अन्य ठाउँमा निर्माण कार्य पूरा भएको छ। भुक्काखोलाको भीर फोडेमा ७० किलोमिटरसम्मको सडक गाडी गुड्ने भएको हो।

कर्णाली करिडोरअन्तर्गत खुलालु-सिमीकोट सडकखण्डको ६६ किलोमिटर निर्माण कार्य पूरा भएको नेपाली सेना निर्माण कार्यदलका इन्दिवर गुरुङले बताएका छन्। उनकाअनुसार कालिकोटको लालीघाटदेखि घाटपारिचौरसम्म ३३ किलोमिटर र बाजुराको राताडाँडादेखि अर्थुगेचौरसम्म ३३ किलोमिटर सडक निर्माण भएको छ। कर्णाली करिडोरअन्तर्गतको १ सय ९६ किलोमिटर सडकखण्डमध्ये खुलालु-सिमीकोट ६६ किलोमिटरमा गाडी सञ्चालन गर्न सकिनेछ। भुक्काखोलादेखि तोलीभीरसम्म ४ किलोमिटर भीर फोड्न बाँकी रहेको छ। अहिलेसम्म ६६ किलोमिटर कार्य पूरा भएको छ। कर्णाली करिडोर निर्माण नेपाल सरकारले १ अर्ब ४८ करोड ११ लाख १६ हजार बजेट रहेको छ। कर्णाली करिडोरको १ सय ४५ किलोमिटर खुलालुदेखि हुम्लाको सलिसल्लासम्म नेपाली सेनालाई निर्माण जिम्मा दिइएको छ भने सलिसल्लादेखि हुम्लाको सिमीकोटसम्म ५१ किलोमिटर सिमीकोट-हिल्सा सडक आयोजनाको जिम्मा दिइएको छ। हिल्सा-सिमीकोट सडकखण्ड पनि छोटिँदै कर्णाली करिडोरअन्तर्गतको हिल्सा-सिमकोट खण्ड छोटिँदै गएको छ। ९५ किलोमिटर लम्बाइ भएको यो खण्डमा हिल्सादेखि दक्षिण नाम्खा गाउँपालिकाको ओखरथलासम्म १५ किलोमिटर सडकमा ट्र्याक खुलेपछि गाडी आवत-जावत गर्न थालेका छन्।

सडक आयोजना प्रमुख विजयकुमार थापाका अनुसार तुम्कोटस्थित कर्णाली नदीमा यो वर्ष 'बेलिब्रिज' निर्माण भएपछि हिल्सादेखि ओखरथलासम्म गाडी चल्न सहज भएको हो। ओखरथलामा गतवर्षमै ट्र्याक खुलिसकेको थियो।

## गाउँपालिका केन्द्र विवादमा

प्यूठान, (नेस)

जिल्लाको गौमुखी गाउँपालिकामा केन्द्रको विषयमा विवाद उत्पन्न भएको छ। केन्द्र निर्धारण कहाँ गर्ने भन्ने विषयमा गाउँपालिकाबासी नै दुई धारमा विभाजित भएका छन्।

एक पक्षले केन्द्र निर्धारण गाउँसभाले निर्णय गरेको ठाउँमा हुनुपर्ने अडान लिएको छ भने अर्को पक्षले भने गाउँसभाले निर्णय गरेको स्थानमा सिंगो गाउँपालिकाबासीका लागि पायक नपर्ने हुँदा ठूलाबेंसी केन्द्र निर्धारण गर्नुपर्ने माग राख्दै आएका छन्। सोमबार गाउँसभाको बैठकले ठूलाबेंसीबाट केन्द्र परिवर्तन गरी वडा नम्बर ४ स्थित पूजा लिवासेमा सार्ने निर्णय गरेपछि विरोध शुरू भएको छ। केन्द्र परिवर्तनको विरोधमा गौमुखी-५ ठूलाबेंसी बजारका स्थानीय आन्दोलित भएका हुन्।

यहाँका स्थानीयले मंगलबार बिहानैदेखि यातायात, बजार र विद्यालय ठप्प पारेका छन्। गाउँपालिकाको कार्यालयमा ताला लगाइएको छ। साविकका अर्खा, रजवारा, पूजा, खुङ, लिवाङ (१-६) र नारीकोट गाविस गौमुखी गाउँपालिकामा समावेश भएका छन्। यसअघि केन्द्र तोक्न अध्ययनका लागि खटिएको प्राविधिक टोलीलेसमेत ठूलाबेंसीलाई उपयुक्त स्थान छनोट गरेको स्थानीयले बताए। ठूलाबेंसीका स्थानीयले ७ रोपनी जग्गासमेत नि:शुल्करूपमा पालिकालाई उपलब्ध गराएका थिए।

आफ्नो माग पूरा नभएसम्म आन्दोलन नरोकिने स्थानीयले बताए। स्थानीयले मित्र थापाले बताएअनुसार ठूलाबेंसी बजार बिहानैदेखि पूर्णरूपमा ठप्प छ। प्राविधिक टोलीले तोकेकै स्थानमा केन्द्र हुनुपर्ने स्थानीयको माग छ। उता गाउँपालिका अध्यक्ष विष्णुकुमार गिरीले लिवासेमा केन्द्र राख्न गाउँसभाबाट बहुमत आएको बताए। उनले भने- 'बहुमतले तोकेको स्थानमा केन्द्र रहन्छ।'

गाउँसभामा गरिएको मतदानअनुसार गाउँपालिकाको हाल सञ्चालन भएको कार्यालय ठूलाबेंसी बजारमा २० मत र लिवासेका लागि १७ मत प्राप्त भएको अध्यक्ष गिरीले जनाए। ठूलाबेंसीमा बजार विस्तार भइसकेको छ। लिवासेमा हाल पूजा हेल्थपोस्ट र प्रहरी चौकी मात्र सञ्चालनमा रहेका छन्। लिवासे र ठूलाबेंसी करिब डेढ किलोमिटर दूरीको अन्तरमा छ।

## न्यायाधीश पुग्दा कैदीबन्दी दंग

लमजुङ, (नेस)

लमजुङको जिल्ला कारागारभित्र अनयासै जिल्ला न्यायाधीशसहित जिल्ला अदालतमा मुद्दासम्बन्धी काम गर्ने व्यक्तित्वसहित पत्रकारको लर्कन पुगेको देख्दा त्यहाँ रहेका थुनुवा तथा कैदीबन्दीहरू दंग परे। जिल्ला अदालतबाट कारागारमा रहेको कैदीबन्दीका लागि 'न्यायीक संवाद' कार्यक्रम सञ्चालन गर्न पुग्दा त्यहाँ रहेको थुनुवा तथा कैदीबन्दी आश्चर्यचकित भएका हुन्।

जिल्ला न्यायाधीश कोमलप्रसाद आचार्यको प्रमुख आतिथ्यतामा भएको उक्त न्यायीक संवाद कार्यक्रममा उहाँले अदालतलाई हाउगुजीका रूपमा लिने तथा न्यायाधीशलाई खोपाको देउताजस्तो ठान्ने सोच तथा जमाना अब नरहेको बताउनुभयो। उहाँले न्यायको पहुँच सर्वसाधारणमा सहजरूपमा पुऱ्याउनका लागि सर्वोच्च अदालतबाट घोषित नीति तथा योजनाअनुसार यो कार्यक्रम गरिएको बताउनुभयो। 'जनस्तरका विभिन्न क्षेत्रमा गरिने यस्ता कार्यक्रम १ वर्षमा ४ वटा हुने र यो दोस्रो कार्यक्रम हो' -उहाँले भन्नुभयो। उहाँले कारागारका सहभागीहरूले मुद्दा ढिला फैसला भयो भन्नेबारेमा राखेका जिज्ञासाको जवाफ दिँदै विगतका दिनमा स्थानीय तहका साथै प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनका कार्यक्रममा व्यस्त हुनुपरेका कारणले गर्दा केही मुद्दाको टुंगो लाग्ने काममा ढिला हुन गएको अनुभूति भएको छ तर अब त्यसले निकट भविष्यमै गति लिन्छ भन्नुभयो।

जिल्ला अदालतका स्रेस्तेदार भूमिप्रसाद शर्माले उक्त कार्यक्रमको उद्देश्य तथा औचित्यमा प्रकाश पार्नुभएको थियो। उहाँले न्यायीक संरचना, न्यायीक प्रकृति तथा न्यायीक प्रणालीका बारेमा जानकारी दिनुभएको थियो। उहाँले कार्यक्रममा जातीय, लैंगिक तथा समाजमा द्वैष बढाउने विषयवस्तु, कुनै विचाराधीन मुद्दा, व्यक्तिगत आक्षेप तथा राजनीतिक विषयवस्तुमा छलफल नहुने बताउनुभयो।

सो अवसरमा जिल्ला न्यायाधिवक्ता पदमप्रसाद पौडेलले के-कस्ता मुद्दा सरकारवादी हुन्छन् ? भन्ने जानकारी दिनुहुँदै ती मुद्दाको अनुसन्धान, अभियोजन आदिका बारेमा प्रकाश पार्नुभएको थियो। यसै गरी, वैतनिक वकिलसमेत रहनुभएका वरिष्ठ अधिवक्ता यज्ञप्रसाद पौडेलले वैतनिक वकिलको काम, कर्तव्य तथा जिम्मेवारी र दायित्वका बारेमा प्रकाश पार्नुभएको थियो। उहाँले सरकारले सर्वसाधारणसम्म न्यायको पहुँच पुऱ्याउनका लागि वकिलकामार्फत मुद्दा गर्न नसक्ने दीनदु:खी अन्याय नपरुन् भनेर सरकारले वैतनिक वकिलको व्यवस्था गरेको जानकारी दिनुभयो।


## पुनर्निर्माणको किस्ता पाउनै सास्ती

**मोतीराम तिमल्सिना, काभ्रे**

भूकम्प गएको ३३ महिना बितिसक्दासमेत पुनर्निर्माणले गति लिन सकेको छैन। पुनर्निर्माण गर्ने पीडितहरूले पनि राज्यले निर्धारण गरेको अनुदान रकमको किस्ता पाउनै सकेका छैनन्।

भूकम्पबाट पीडित भएका ९० हजार ४ सय ९७ भूकम्पपीडितमध्ये मंसिर मसान्तसम्म २ हजार ८ सय ९३ भूकम्पपीडितले मात्रै तेस्रो किस्ता प्राप्त गरेका छन्। लाभग्राहीको सूचीमा रहेकामध्ये अधिकांश प्रक्रियामै रहेको राष्ट्रिय पुनर्निर्माण प्राधिकरण जिल्ला शाखा काभ्रेपलाञ्चोकले जानकारी दिएको छ। भूकम्प गएको ३२ महिनामा देखिएको यो प्रगतिले पुनर्निर्माण गति सुस्त देखाएको छ।

निजी आवासतर्फको मात्रै नभई सामुदायिक विद्यालय, गुठी, मठ-मन्दिरसमेत पुनर्निर्माण हुन सकेको छैन। राष्ट्रिय गौरव बोकेका सम्पदाहरूको समेत पुनर्निर्माण हुन नसकेको हो। सर्वेक्षण गरिएका ९० हजार ४ सय ९७ घर परिवारमध्ये ७२ हजार ४ सय १७ घर-परिवारको पहिचान भएको छ। पहिचान भएका लाभग्राही परिवारमध्ये प्राधिकरणले ६५ हजार ७ सय ७३ घर-परिवारसँग सम्झौता सम्पन्न गरेको छ। मंसिर महिनामा मात्रै ३ सय ४५ घर-परिवारसँग सम्झौता भएको



प्राधिकरणका प्रमुख ध्रुव गैडाले जानकारी दिए। अझै प्राधिकरणले सम्झौताका लागि योग्य भनेर लाभग्राहीको सूचीमा परेका ६ हजार ६ सय ४४ घर परिवारसँग सम्झौता हुन सकेको छैन।

सम्झौता हुन नसक्नुका थुप्रै कारण रहेको प्रमुख गैडाले बताए। आफ्नै नाममा जग्गा नहुनु, सुकुम्बासी, गुठी तथा विस्थापितले सम्झौता गर्न सकेका छैनन्। सम्झौता भएकामध्ये ६५ हजार ७ सय ७३ घर-परिवारले पहिलो किस्ताबापतको ५० हजार रकम भुक्तानी लिइसकेका छन्। पहिलो किस्ता लिएर घर बनाउन शुरू गर्ने परिवारको संख्या ११ हजार ६ सय २७ पुगेको छ। स्थानीय तहको पुन:संरचनाका कारण धेरै घरहरू पुनर्निर्माण हुन सकेका छैनन्। नक्सापासको झण्झटिलो व्यवस्थालगायतका कारण देखाउँदै पीडितले अझै घर निर्माण शुरू गरेका छैनन्। राजनीतिक दलहरूले निर्वाचनका बेला स्थानीय, प्रदेश र प्रतिनिधिसभाको समयमा भूकम्पपीडितलाई टहराबाट पक्की छानामा ल्याउने वाचालाई पनि विस्तारै कार्यान्वयन गर्दै लैजानुपर्छ।

पहिलो किस्ता लिएर दोस्रो किस्ताका लागि आवेदन दिने लाभग्राहीको संख्या १० हजार १ सय ३८ रहेको छ। आवेदन दिएर दोस्रो किस्ता प्राप्त नगर्नेको संख्या ४ सय ८३ रहेको छ। ९ हजार २ सय ६९ जनाले दोस्रो किस्ताबापतको रकमसमेत प्राप्त गरिसकेका छन्। तेस्रो किस्ताका लागि ४ हजार ४ सय ८६ ले निवेदन दिएका छन्। निवेदन दिएकामध्ये ३ हजार ७ सय ८ मात्रै प्रमाणीकरणमा परेका छन्। प्रमाणीकरण भए पनि तेस्रो किस्ता २ हजार ८ सय ९३ ले मात्रै प्राप्त गरेका छन्।

मंसिर महिनामा मात्रै १ हजार ३ सय ६३ ले तेस्रो किस्ता प्राप्त गरे। त्यसअघि कात्तिक मसान्तसम्म १ हजार ५ सय ३० जनाले मात्रै तेस्रो किस्ताबापतको रकम प्राप्त गरेका छन्।

नेपाल सरकार
जनसंख्या तथा वातावरण मन्त्रालय
**बैकल्पिक ऊर्जा प्रबर्द्धन केन्द्र (AEPC)**
खुमलटार हाईट, ललितपुर, नेपाल
फोन नम्बर: ९७७-१-५५३९३९० / फ्याक्स नम्बर:+९७७-१-५५४२३९७
इमेल: info@aepc.gov.np , वेभसाइट: www.aepc.gov.np

**प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशित मिति: २०७४।०९।१९ (तदनुसार मिति ०३ जनवरी २०१८)

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रको कार्यक्रम कार्यान्वयनका लागि मिति २०७४।०५।१० मा नेपाल समाचारपत्र राष्ट्रिय दैनिक मार्फत क्षेत्रीय प्राविधिक सेवा प्रदायक संस्था (Regional Technical Service Provider -RTSP) र राष्ट्रिय सेवाप्रदायक संस्था (National Service Provider -NSP) को रुपमा कार्य गर्न इच्छुक संस्थाहरुवाट आशय पत्र (EOI) माग गरिएको र सोही अनुसार मिति २०७४।०५।२३ मा (Regional Technical Service Provider -RTSP) का लागी र मिति २०७४।०६।०९ मा (National Service Provider -NSP) सो कार्यको लागि (Request For Proposal- RFP) माग गर्दा निर्धारित समय र मिति भित्र प्राप्त हुन आएका प्रस्तावहरु (आर्थिक र प्राविधिक) को मूल्याङ्कन बाट निम्न उल्लेखीत संस्थाहरु छनौट भएकोले सार्वजनिक खरिद ऐन को दफा ३८ को उपदफा २ को प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ।

**छनौट भएका संस्थाहरू**

| क्रम संख्या | विषय | छनौट भएका संस्थाको नाम |
|---|---|---|
| १. | RTSP प्रदेश नं १ | नामसालिङ्ग सामुदायीक विकास केन्द्र (NCDC) ईलाम |
| २. | RTSP प्रदेश नं २ | नवीकरणीय ऊर्जा खानेपानी तथा सरसफाई प्रर्वद्धन केन्द्र (REWSSPC) रौतहट |
| ३. | RTSP प्रदेश नं ३ | स्रोत व्यवस्थापन तथा ग्रामीण सशक्तिकरण केन्द, (REMREC) काभ्रे |
| ४. | RTSP प्रदेश नं ४ | धौलागिरी सामुदायीक श्रोत विकास केन्द्र (DCRDC) बाग्लुङ्ग |
| ५. | RTSP प्रदेश नं ५ | ग्रामीण आर्थिक विकास संघ (REDA), पाल्पा |
| ६. | RTSP प्रदेश नं ६ | सामाजिक रुपान्तरण तथा मानविय सहायता संघ (ASTHA) नेपाल, बिरेन्द्रनगर, सुर्खेत |
| ७ | RTSP प्रदेश नं ७ | ग्रामीण विकास सेवा केन्द्र (RDSC) राजपुर, डोटी |
| ८. | NSP | गोबरग्याँस क्षेत्र साझेदारी नेपाल (BSP-N) काठमाण्डौं। |

# विश्व

## मदिरा सेवन

न्युजिल्यान्डको कोरोमन्डल प्रायद्विपमा नयाँ वर्षमा सार्वजनिक स्थानमा मदिरा सेवनमाथि रोक लगाएपछि नजिकै अन्तर्राष्ट्रिय जल क्षेत्रमा सानो टापु बनाइ मज्जाले मदिरा सेवन गरिरहेका एक समूह।



## प्राचीन हतियार

१० लाख वर्षभन्दा धेरै पुरानो भारतको तमिलनाडुमा फेला परेको ढुंगाको बन्चरो। उक्त हतियार सबैभन्दा प्राचीन ढुंगाबाट बनेको हतियारमध्येको एक भएको जनाइएको छ।



2018, JAN
Wednesday
3

विश्व २ मिनेट

### बेलायत

## पार्किङमा भीषण आगलागी

लन्डन, (एजेन्सी)

इंग्ल्यान्डको लिभरपुल इको एरेनामा नयाँ वर्षको पूर्वसन्ध्यामा खुसियाली मनाइरहँदा त्यहाँको गाडी पार्किङमा भीषण आगलागी भएको जनाइएको छ। इको एरेनाको बहुतल्ले कार पार्किङमा लागेको उक्त भीषण आगलागीमा १ हजार ४ गाडी जलेर नष्ट भएको प्रहरीले जानकारी दिए। उक्त दुर्घटनामा कसैलाई चोटपटक नलागेको बताइएको छ। तर कयौंले नयाँ वर्षको पूर्वसंध्या अस्थायी शिविरमा बिताउनुपरेको प्रहरीले बताए। आगलागीका कारण त्यहाँ वरपरका बासिन्दालाई त्यहाँबाट अन्यत्र सारिएको थियो। राति आगो निभाउन २१ वटा दमकल परिचालन गरिएको स्थानीय प्रहरीले बताए।

### पाकिस्तान

## नवाज साउदी अरेबियामा

इस्लामाबाद, (एजेन्सी)

पाकिस्तानका पूर्वप्रधानमन्त्री नवाज सरिफ र पन्जाब प्रान्तका मुख्य मन्त्री सेहबाज सरिफले सउदी युवराज मोहम्मद बिन सलमानसँग सोमबार राति करिब डेढ घन्टा लामो बैठक गरेको सरिफ परिवारका प्रवक्ताले पुष्टि गरेका छन्। उक्त बैठकपछि नवाज मदिनाबाट रोजा इल रसुलतर्फ प्रस्थान गरेको र अहिले उनी उमराहका लागि मक्कामा पुगेको बताइएको छ। देशमा सरिफले आफू र उनका परिवार विरुद्ध उठिरहेको भ्रष्टाचारको मुद्दाबाट बच्न साउदी अरेबियामा शरण लिने विकल्प चयन गर्न सक्ने सञ्चार माध्यमहरूले अनुमान गरेका छन्। यसअघि सैनिक विद्रोहमा सत्ताच्युत हुँदा पनि उनले साउदी अरेबियामा शरण लिएका थिए।

### दक्षिण कोरिया

## दुई कोरियाबीच वार्ता

सोल, (एजेन्सी)

दक्षिण कोरियाले २०१८ को हिउँदे ओलम्पिक्स गेम्समा उत्तर कोरियाको सहभागिता बारे छलफल गर्न आगामी मंगलबार १ उच्च स्तरीय वार्ताका लागि हिजो प्योङ्याङसमक्ष प्रस्ताव राखेको छ। अघिल्लो दिन उत्तरका सर्वोच्च नेता किम जोङ उनले आगामी फेब्रुअरीमा दक्षिण कोरियाको पेओङचाङमा आयोजना हुने ओलम्पिक्समा आफ्नो टोली पठाउने बारे सोचिरहेको बताएका थिए। उनले यसको संभावना बारे दुवै पक्षले तत्काल छलफल गर्नुपर्ने बताएका थिए। दक्षिण कोरियाली राष्ट्रपति मून जाय इनले यो प्रस्ताव २ मुलुकबीचको सम्बन्ध सुधार्ने अति उत्तम उपाय भएको बताएका छन्।

### नाइजेरिया

## चर्चमा आक्रमण

अबुजा, (एजेन्सी)

दक्षिणी नाइजेरियामा नयाँ वर्षको चर्च सर्भिसको दौरान बन्दुकधारीहरूले आक्रमण गर्दा कम्तिमा १६ जना मानिसको मृत्यु भएको मंगलबार प्रहरीले जनाएको छ। मध्यरातिको सर्भिसमा सहभागी भएका भक्तजनलाई सोमबार बिहान सबेरै एम्बुसमा पारेर मारिएको प्रहरीले बताएको छ। तेलका लागि निकै धनी मानिने रिभर्स राज्यमा भएको यो आक्रमण प्रतिद्वन्द्वी गिरोहहरूबीचको आपसी तनावसँग सम्बन्धित भएको स्थानीय सञ्चार माध्यमले जनाएको छ। ती बन्दुकधारीले नजिकबाट ताकीताकी तिनीहरूको हत्या गरेका थिए। ओमुकु शहरमा नयाँ वर्षको उपलक्ष्यमा पडकाइएको पटाकाका कारण सो आक्रमण तत्काल थाहा हुन सकेको थिएन।

# मोची खाएर दुई जापानी मरे

टोकियो, (एजेन्सी)

नयाँ वर्ष मनाउने क्रममा खाइएको परम्परागत राइस केक घाँटीमा अड्केर जापानमा २ व्यक्तिको मृत्यु हुनाका साथै अर्को १ जना सिकिस्त हुन पुगेको प्रहरीले मंगलबार जनाएको छ।

यसो हेर्दा कुनै हानिकारक नदेखिए तापनि प्रत्येक वर्ष उक्त खान गाह्रो स्नयाक्सका कारण थुप्रैको ज्यान जाने गरेको छ। सरकारी अधिकारीहरूले यसबारे सर्वसाधारणलाई सावधान रहन चेतावनी पनि दिँदै आएका छन्। स्थानीय जापानी भाषामा 'मोची' भनिने यो गोलो केक नरम र चपाउन मिल्ने चामलबाट बनाइने गरिन्छ।

उसिनिएको चामललाई पिटेर डल्लो पार्ने गरिन्छ। त्यसपछि त्यसलाई गोलो मोची आकारमा ढालेर उमाल्ने वा पकाउने गरिन्छ। जापानीहरू मोचीलाई सागको तरकारीको झोलमा राखेर खाने गर्दछन्।

राम्ररी चपाउन नसक्ने बालबालिका र वुढावुढीका लागि मोची खान निकै गाह्रो हुन्छ। नचपाइकन खाँदा यो घाँटीमा अड्किने हुन्छ। कम्तिमा ६५ वा सोभन्दा बढी उमेरका व्यक्तिहरूलाई मोचीका कारण अस्पताल पुर्‍याइने गरिएको छ।


## रामग्राम नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
परासी, नवलपरासी

### शिलबन्दी बोलपत्र आव्हानको सूचना ।

(प्रथम पटक सूचना प्रकाशित मिति ०७४।९।१९ गते)

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत यस नगरपालिकालाई प्राप्त हूने आ.व. २०७४।०७५ को बजेट अनूसार तल उल्लेखित स्थानमा तोकिए वमोजिमको निर्माण कार्य गराउनू पर्ने भएकाले नेपाल सरकारवाट सम्वन्धित कामका लागि इजाजत प्राप्त इच्छूक निर्माण व्यवसायीहरुवाट निम्न सर्तहरुको अधिनमा रहि रितपुर्वक शिलवन्दी बोलपत्र आव्हान गरिएको छ ।

१. बोलपत्र फाराम खरीद गर्न इच्छूक निर्माण व्यवसायीहरुले सम्वन्धित फर्मको लेटर प्याडमा अधिकार प्राप्त व्यक्तिले दस्तखत गरेको लिखित निवेदन पत्रसाथ आ.व. २०७४।०७५ को लागि नविकरण भएको फर्म वा कम्पनीको प्रमाण पत्र, व्यवसाय इजाजत पत्र, स्थायी लेखा दर्ता नं. एवं आयकर तथा मू.अ. कर दर्ता प्रमाण पत्र (भ्याट), न.पा. भित्रका निर्माण व्यवसायिकको हकमा न.पा. वाट प्राप्त व्यवसाय नविकरण प्रमाण पत्र तथा न.पा. वाहिरका व्यवसायिहरुको हकमा वार्षिक पटके निर्माण व्यवसाय कर यस न.पा.मा वूझाएको रसिद, आ.व. २०७३।०७४ सम्मको कर चूक्ता गरेको प्रमाण पत्रको कागजात, सम्वन्धितको नागरिकताको प्रमाण पत्र र फर्म सम्वन्धि अन्य कूनै कागजात भए सो समेतको प्रमाणित प्रतिलिपि (जो बोलपत्र खरिद प्रयोजनको लागि मात्र मान्य हूनेछ) को साथ तल उल्लेखित नगद रकम (पछि फिर्ता नहूने गरी यस कार्यालयको राजस्व शाखामा बूझाई यो सूचना प्रथम पटक प्रकाशित मितिले ३० दिन सम्म कार्यालय समय भित्र यस कार्यालयको योजना शाखावाट बोलपत्र फाराम खरीद गर्न सकिने छ ।
२. खरीद गरिएको बोलपत्रहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिनको दिउंसो १२:०० बजे भित्र यस नगरपालिका कार्यालयको नाममा सम्वोधन गरी ठेक्का नं. ,बोलपत्रवालाको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खूलाई फर्मको छाप लगाई सिलवन्दी लाहाछाप गरि यस कार्यालयको योजना शाखामा दर्ता गर्नु पर्ने छ ।
३. बोलपत्र सम्वन्धि कागजात दाखिला गर्दा बोलपत्र पूस्तिकामा उल्लेख भए वमोजिमका कूराहरु खूलेको प्रमाण बोलपत्र साथ अनिवार्य रुपमा पेश गर्नू पर्ने छ ।
४. बोलपत्र पूस्तिका तथा सूचनामा उल्लेखित न्युनतम मूल्यांकनका आधारहरु पूरा नगर्ने बोलपत्रदाताहरुको बोलपत्र स्वीकृत गरिने छैन ।
५. बोलपत्रदाताले प्राविधिक योग्यताको कागजातहरु पेश गर्दा बोलपत्र सूचना तथा बोलपत्र पूस्तिकामा उल्लेख भएका कागजातहरु मात्र क्रमबद्ध रुपमा राखी प्राविधिक तथा आर्थिक प्रस्ताव एउटै खाम भित्र शिलवन्दी गरि पेश गर्नू पर्ने छ ।
६. दर्ता भएको बोलपत्र सोही दिनको १४:०० वजे बोलपत्र दर्ता गर्ने फर्महरुको सम्वन्धित व्यक्ति वा निजको अधिकार प्राप्त प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र दर्ता तथा खोलिने दिन सार्वजनिक विदा पर्न गएमा कार्यालय खूलेको दिनको सोही अनूसारको समयमा दर्ता गर्ने र खोल्ने काम हूने छ । फर्मको प्रतिनिधिको रुपमा कूनै व्यक्ति पठाउनू पर्ने भएमा रीतपूर्वकको मन्जूरीनामा सहित पठाउनू पर्नेछ ।
७. बोलपत्र फारम भर्दा अंक अक्षर दूवैमा स्पष्ट लेख्नू पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको दर मान्य हूनेछ । केरमेट भएमा सो ठाउंमा सही छाप हूनू पर्नेछ ।
८. शिलवन्दी बोलपत्र साथ जमानत वापत तोकिएको रकम नघटाई रा.बा. बैक परासी शाखाको खाता नं. ३१००३०३००२३०३ग ३ मा नगद जम्मा गरेको सक्कल बैक भौचर वा नेपाल राष्ट्र बैक वाट मान्यता प्राप्त बैकवाट यस कार्यालयको नाममा जारी भएको घटीमा बोलपत्र पेश गर्ने अन्तिम मिति बाट ९० दिन सम्म म्याद भएको जमानीपत्र (Bidbond) समावेश भएको हूनू पर्ने छ । अन्यथा बोलपत्र अयोग्य मानिने छ ।
९. बोलपत्र दर्ता गर्ने फर्महरुले बोलपत्र पूस्तिका राम्रो संग अध्ययन गरि सम्पन्न गर्नू पर्ने कामको विवरण ,लोकेशन, भौगोलिक अवस्था आदि सवै पक्षमा राम्ररी वूझी बोलपत्र भरेको मानिने छ । बोलपत्र जून फर्मको नामवाट खरीद भएको हो सोही फर्मको नामवाट दर्ता गराउनूपर्ने र यस कार्यालयवाट बिकी भएको बोलपत्र फाराममा भरी प्रत्येक पृष्ठमा सही छाप गरी पेश गर्नू पर्नेछ । शिलवन्दी बोलपत्र दाताको ग्राहयता (Eligibility) प्रमाणित गर्ने कागजातहरु शिलवन्दी बोलपत्र साथ (शिलवन्दी खामभित्रै) संलग्न हून पर्ने छ ।
१०. संयूक्त उपकम (Joint Venture) मा काम गर्न चाहने व्यवसायीहरुले संयूक्त लगानी सम्वन्धि सम्झौताको सक्कल प्रति पेश गर्नू पर्ने छ । र संयूक्त उपकममा साझेदारहरुको संख्या २ भन्दा बढि भएमा स्वीकार गरिने छैन तर संयूक्त उपक्रममा भाग लिने हिस्सेदारहरुको समेत दफा ३ र बोलपत्र पूस्तिकामा उल्लेख भए अनूसारको योग्यता हूनू पर्ने छ ।
११. दर्ता भएको बोलपत्रको मान्य अवधि बोलपत्र दर्ता गर्ने अन्तिम मितिवाट १२० दिनको हूनेछ ।
१२. कूनै पनि कारण जनाइ वा नजनाइ बोलपत्र स्वीकृत गर्ने ,नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने वा अस्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।
१३. कामको गूणस्तरलाई कडाइका साथ नियन्त्रण गरिनेछ । तोकिएको गूणस्तर कायम गर्नको लागि प्रयोगशाला परीक्षण समेत गरिने छ र सो सम्वन्धि लाग्ने खर्च निर्माण व्यवसायी स्वयंले व्यहोर्नू पर्ने छ । योग्यताको लागि नक्कली कागजात पेश गरिएको पाईएमा निज बोलपत्रदाताको बोलपत्र रद्द गरी कालोसूचीमा समावेश गरिनेछ ।
१४. बोलपत्र फाराम र यस सूचनामा लेखिएका कूराहरुको हकमा यसै अनूसार र यसमा उल्लेख नभएका व्यहोराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनूसार हूनेछ ।
१५. रित नपूगी वा म्याद नाघि आएको बोलपत्र उपर कूनै किसिमको कारवाही हूनेछैन । बोलपत्र सम्वन्धि अन्य कूरा बूझ्नू पर्ने भएमा कार्यालय समय भित्र यस कार्यालयको योजना शाखामा सम्पर्क राखी बूझ्न सकिनेछ ।
१६. बोलपत्र स्वीकृत नभएका बोलपत्र दाताहरुको अर्नेष्टमनीको रकम ठेक्का सम्झौता भए पछि मात्र फिर्ता वा फूकूवा दिइनेछ ।
१७. ठेक्का अवधि भर मूल्य बृद्धि भएमा मुल्यबृद्धि दिइनेछैन् ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | निमार्ण स्थल | कूल ल.ई. रकम कन्टिनजेन्सी र भ्याट बाहेक | बोलपत्र जमानत वापतको रकम | बोलपत्र फारम दस्तूर |
|---|---|---|---|---|---|---|
| १ | ०१।०७४।०७५ | अधुरो सडक कालोपत्रे गर्ने कार्य | रामग्राम ८, हुलाकी देखी उनवछ जाने बाटो | ४३,१०,३१४।१७ | १,४६,११९।६५ | रु.३०००।०० |
| २ | ०२।०७४।०७५ | सडक कालोपत्रे गर्ने कार्य | रामग्राम ९, क्याम्पस देखी जोकवार जाने बाटो | ८५,८३,५४७।१४ | २९०९८२।२५ | रु.३०००।०० |
| ३ | ०३।०७४।०७५ | सडक कालोपत्रे तथा नाला निर्माण गर्ने कार्य | रामग्राम १०, मन्झरिया देखी जमुनिया जाने बाटो | ८६,२०,१४९।०३ | २९२२२३।०५ | रु.३०००।०० |
| ४ | ०४।०७४।०७५ | सडक कालोपत्रे तथा नाला निर्माण गर्ने कार्य | रामग्राम १४, अमरौट देखी परसावल जाने बाटो | ८६,२०,६०१।६६ | २,९२,२३८।३९ | रु.३०००।०० |
| ५ | ०५।०७४।०७५ | सडक कालोपत्रे तथा नाला निर्माण गर्ने कार्य | रामग्राम १७, बरारी देखी पिपरहीया जाने बाटो | ८६७८३८३।४० | २९४१९७।१९ | रु.३०००।०० |
| ६ | ०६।०७४।०७५ | सडक कालोपत्रे गर्ने कार्य | रामग्राम १८, सुकवारे बजार देखी बंजरिया जाने बाटो | ८६२०६१९।७० | २९२२३९।०० | रु.३०००।०० |

प्रमुख प्रशासकिय अधिकृत


### ट्रम्पको ट्विटलाई लिएर पाकिस्तानीमा आक्रोश

# 'सत्य तथ्य बाहिर ल्याउने'

वासिङटन, (एजेन्सी)


पाकिस्तानलाई दिइने अमेरिकी सहायताका विषयमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दिएको बयानलाई इस्लामाबादले लिएर कडा विरोध गरेको छ। पाकिस्तानका नागरिकहरूले पनि सामाजिक सञ्जालमा आक्रोश व्यक्त गरेका छन्।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सोमबार पाकिस्तानलाई दिने भनिएको सहायता एक मुर्खतापूर्ण फैसला भएको बताएका थिए। उनले पाकिस्तानले त्यसको बदलामा झुठ र छल मात्र गरेको आरोप लगाएका थिए।

ट्रम्पको पछिल्लो बयानलाई लिएर सामाजिक सञ्जालहरूमा केहिले पाकिस्तान आफैं पीडित भएको बताइरहेका छन् भने कसैले अमेरिकालाई लुटेरा भनिरहेका छन्।

एक युजर लफ्टिनेन्ट जनरल अमजद सोएबले टिवट गरेका छन्- 'पाकिस्तानले आतंकवादलाई हराउनमा जो कसैले भन्दा धेरै प्रयास गरेको छ। हामीलाई दोषी ठहर्‍याउनुअगाडि डोनाल्ड ट्रम्पले अफगानिस्तानप्रति आफ्नो नीतिमा पुनर्विचार गर्नुपर्छ।'

मेन्डिलिसियस नामका एक युजरले लेखे- 'डोनाल्ड ट्रम्प इतिहासमा सबैभन्दा ठुलो कार्टुन हो र हामी पाकिस्तानलाई लिएर गरिएको उनको बकंफुसे ट्विटमा हाँस्न मात्र सकिन्छ।'




एक अर्को युजरले ट्विटमा भनेको छ- 'पाकिस्तानले त्यो युद्धमा भाग लियो, जुन कहिले पनि हाम्रो थिएन। यसबाट हामीमाथि १ सय अर्ब डलरको भार पर्‍यो र ७० हजारभन्दा धेरैले ज्यान गुमाए। अमेरिका आफ्ना सम्पूर्ण सेनासहित अफगानिस्तानमा तालिबानलाई हराउन असफल रह्यो र यसका लागि पाकिस्तानलाई जिम्मेदार ठहर्‍याएको छ।'

ट्रम्पको उक्त बयानलाई लिएर भारतमा सामाजिक सञ्जालमा भारतीयहरूले डोनाल्ड ट्रम्पको उक्त ट्विटलाई भारत सरकारको प्रयासको नतिजा भएको बताएका छन्।

अनमोल कटियार नामका एक युजरले ट्विटमा लेखेका छन्- 'नरेन्द्र मोदी सरकारको लगातार प्रयासपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पाकिस्तान विरुद्ध कडा कदम उठाउने संकेत दिएको छ। यो पहिला नै हुनुपर्थ्यो।'

ट्रम्पले सोमबार ट्विटमा भनेका थिए- 'अमेरिकाले विगत १५ वर्षमा पाकिस्तानलाई ३३ अर्ब डलरभन्दा धेरै मद्दत दिए र उसले बदलामा झुठ र छलबाहेक केही दिएन। उसले सोचेको छ, अमेरिकी नेता मुर्ख हुन्। हामी अफगानिस्तानमा जुन आतंकवादीहरूलाई खोजिरहेका छौं, उनीहरूले उसलाई आश्रय दिएका छन्। अब त्यस्तो हुनेछैन।'

ट्रम्पको उक्त ट्विटपछि पाकिस्तानका विदेश मन्त्री ख्वाजा आसिफले ट्विटमा जवाफ दिएका थिए।'हामी चाँडै राष्ट्रपति ट्रम्पलाई जवाफ दिनेछौं। हामी विश्वलाई साँचो बताउनेछौं। तथ्य र कल्पनाबीचको फरक देखाउनेछौं।

त्यसको लगत्तै पाकिस्तानका विदेश मन्त्रालयले पाकिस्तानका लागि अमेरिकी राजदूतलाई बोलाएर ट्रम्पको ट्विटलाई लिएर विरोध जनाएको थियो।


## टोखा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
काठमाण्डौं
३ नं प्रदेश, नेपाल

### IT Officer भर्ना सम्बन्धी टोखा नगरपालिकाको सूचना

(सूचना प्रकाशित भएको मिति २०७४।०९।१९)

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP कार्यक्रम) सम्बन्धमा ईकाई, सिंहदरबार, काठमाण्डौंको प. सं.०७४/०७५ च.नं. १२७ मिति २०७४।७।१७ गतेको सूचना प्रविधि अधिकृतको करार सेवा सम्बन्धको पत्रानुसार यस नगरपालिकाको लागि देहाय बमोजिमको शर्तहरुको अधिनमा सही सूचना प्रविधि अधिकृत (IT Officer) सेवा करारमा नियुक्ति गर्नुपर्ने भएकोले इच्छुक उम्मेदवारले यस नगर कार्यपालिकाको कार्यालयमा रितपूर्वक दरखास्त दिनु हुन यो सूचना प्रकाशन गरिएको छ।

१) आवेदन दिने अन्तिम मिति :यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समय भित्र ।
२) आवश्यक संख्या : १ (एक)
३) शैक्षिक योग्यता : लोक सेवा आयोगले लिने "कम्प्युटर अधिकृत" पदको न्यूनतम शैक्षिक योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Infomaton and Communications Technologics वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक (BIT, BIM, BBIS, BCA, BCIS, BEIF, B.Ed. ICT, Bsc. IT, Bsc.CSIT) को उपाधि हासिल गरेको । साथै उमेरको हकमा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा ४० वर्ष ननाघेको ।
४) कार्य शर्तको विवरण (TOR) : स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम ( LGCDP) को वेवसाईट lgcdp.gov.np को गृहपृष्ठमा उल्लेख भएको सूचना बमोजिम हुने ।
५) संलग्न गर्नुपर्ने कागजातहरु : व्यक्तिगत विवरण, नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, कार्य अनुभव भए कार्य अनुभवका प्रमाणपत्रहरु तथा अन्य कागजातहरु ।
६) आवेदन दिने तरिका : बुँदा नं. ५ मा उल्लेख भएका कागजातहरु एव बुँदा नं. ७ मा तोकिएको शुल्क यस कार्यालयको लेखा शाखामा नगद जम्मा गरी नगदी रसिद संलग्न राखि हुलाक, ईमेल वा स्वयम् उपस्थित भई आवेदन दिने ।
७) आवेदन शुल्क : रू. १०००।- (एक हजार रुपैया मात्र)

**८) उम्मेदवार छनौटका आधारहरु देहाय बमोजिम हुनेछन ।**

| क.स. | सूचकहरु | पूर्णाङ्क |
|---|---|---|
| १. | शैक्षिक योग्यता | ३० |
| २. | कार्य अनुभव (सूचना अनुसार न्युनतम शैक्षिक योग्यता हासिल गरे पश्चात) | ४० |
| ३. | उम्मेदवारको स्थायी ठेगाना | २० |
| ४. | २ वर्ष भन्दा माथि स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रममा ICT Volunter वा Expert वा अन्य कुनै सामुदायिक विकास कार्यक्रममा सूचना प्रविधि अधिकृतको रुपमा कार्य गरेको । | १० |

९) पारिश्रमिक : स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम LGCDP ले तोके बमोजिम मासिक रु. ४०,०००।- (रुपैया चालिस हजार मात्र)
१०) करार अवधि : २०७५ असार मसान्त सम्म ।
११) थप जानकारीका लागि सम्पर्क नं. ९८४१५४४९८७ इमेल ठेगाना : hellotokha@gmail.com
१२) सूचनामा उल्लेख भए बाहेकका अन्य कुराहरु प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा रहेको उम्मेदवार छनौट तथा सिफारिश समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत


# आमालाई हुर्काएको खर्च दिन आदेश

ताइपेइ, (एजेन्सी)

ताइवानको एक उच्च अदालतले एकजना व्यक्तिलाई उनको पालनपोषण गरी उनको दन्त चिकित्सा तालिमका लागि खर्च जुटाइदिएबापत् आफ्नी आमालाई १० लाख अमेरिकी डलर तिर्न आदेश दिएको छ।

ती आमाले आफ्नो छोरोसँग सन् १९९७ मा उनी २० वर्षको छँदा कमाउन थालेपछि उनको मासिक आयको ६० प्रतिशत रकम आफूले लिने सम्झौता गरेकी थिइन्। वर्षौंदेखि सो सम्झौतामुताविक आफूलाई पैसा नदिएकाले उनी अदालतको शरणमा पुगेकी थिइन्।

ती पुत्रले यसरी कुनै पनि आमाले छोरो हुर्काएवबापत् पैसा माग्नु गलत हो भनी आवाज उठाए पनि अदालतले आमाकै पक्षमा निर्णय दिएको छ। उनलाई अदालतले आफ्नी आमालाई ब्याजसहित सम्पूर्ण रकम भुक्तान गर्न आदेश दिएको छ।

आफ्नो लोग्नेसँग पारपाचुके गरेकी लुओ नामकी उनले लाखौं डलर खर्च गरेर २ छोरा हुर्काएकी थिइन्। तर बुढेशकालमा आफूलाई पाल्न अस्वीकार गर्ने डरले उनले सो सम्झौता गरेकी थिइन्। उनले ती दुवै छोरोसँग सो सम्झौता गरेको र तिनीहरूका लागि १७ लाख डलर खर्च गरेको बताइएको छ।

> १ नम्बर प्रदेशको विराटनगर, २ नम्बर प्रदेशको जनकपुर, ३ नम्बर प्रदेशको भक्तपुर ठिमी, ४ नम्बर प्रदेशको पोखरा, ५ नम्बर प्रदेशको दाङ, ६ नम्बर प्रदेशको सुर्खेत र ७ नम्बर प्रदेशको धनगढी अस्थायी मुकाम प्रस्ताव गरिएको बताइएको छ।

# प्रदेश मुकामको खाका तयार

**नेपाल समाचारपत्र**

काठमाडौं

सरकारले सातै प्रदेशका अस्थायी मुकामको खाका तयार पारेको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले प्रदेश प्रमुखको नियुक्ति भएको अवस्थामा तत्काल कार्य सञ्चालनका लागि अस्थायी मुकामको खाका तयार पारेको हो। कार्यालयका अनुसार शहरी विकास मन्त्रालयले गरेको अध्ययन र प्रधानमन्त्री कार्यालयमा भएको छलफलपछि सात वटै प्रदेशका अस्थायी मुकामको खाका तयार पारेको हो।

१ नम्बर प्रदेशको विराटनगर, २ नम्बर प्रदेशको जनकपुर, ३ नम्बर प्रदेशको भक्तपुर ठिमी, ४ नम्बर प्रदेशको पोखरा, ५ नम्बर प्रदेशको दाङ, ६ नम्बर प्रदेशको सुर्खेत र ७ नम्बर प्रदेशको धनगढी अस्थायी मुकाम प्रस्ताव गरिएको बताइएको छ।

शहरी विकास मन्त्रालयका सहसचिव राजेन्द्र पौडेलको टोलीले स्थलगत अध्ययन गरी ती स्थानमा मुकाम प्रस्ताव गरेको थियो। अस्थायी राजधानी तोक्ने अधिकार मन्त्रिपरिषद्को भएको भन्दै कार्यालयले अहिले खाका मात्र तयार गरेको जनाएको छ। संवैधानिकरूपमा प्रदेश राजधानी तोक्ने अधिकार प्रदेशसभामा छ। प्रदेशसभाको दुईतिहाईं बहुमतले प्रदेश राजधानीको अन्तिम टुंगो लगाउन सक्छ।

## रानीपोखरीको...

ठेकेदारले अधिकांश भागमा ढुंगाको पर्खाल लगाउँदा रानीपोखरीको सौन्दर्य नै हराएपछि स्थानीय अभियान्ताले रानीपोखरी पुनर्निर्माण कार्यको कडा विरोध जनाएका थिए। १३ सदस्यीय टोलीमा अधिकांश पुरातत्त्व र संस्कृतिविद्, महानगरपालिका र विभागका प्रतिनिधि छन्। पानीको सतह पत्ता लगाउन र रानीपोखरीको सम्पूर्ण बनोटको अध्ययन गरी सरकारलाई प्रतिवेदन बुझाउन समितिले काम थालेको हो। सोमबार बसेको समितिको बैठकले केही भाग खनेर ऐतिहासिक तथ्य पत्ता लगाउन सुझाव दिएपछि उत्खनन शुरू गरेको हो। रानीपोखरीको उत्तर-पूर्वमा पानी जम्मा गर्न र दक्षिण-पूर्वमा पानी निकाल्न मिल्ने गरी इनार भएको हुनसक्ने अनुमान लगाइएको छ। सोहीअनुसार थप उत्खनन गर्न लागिएको जानकारी दिँदै संस्कृतिविद् तिवारीले भन्नुभयो- 'रानीपोखरीभित्र इनार हुनसक्ने विषयमा पनि उत्खनन गरिनेछ।'

संयोजक कार्कीका अनुसार रानीपोखरी निर्माणको पृष्ठभूमि र प्रयोग भएका सामग्रीको पनि अध्ययन गर्न उत्खनन थालिएको हो। टोलीले मन्दिरको सम्पूर्ण संरचनाको विषयमा अध्ययन गर्नेछ। मन्दिरको जग पनि मल्लकालीन देखिएको छ। मन्दिरको जगमा काठ प्रयोग गरिएको छ। विभागले भने मन्दिरको पुनर्निर्माण जारी राखेको छ। मन्दिरको जगसमेत कामै नलाग्ने गरी प्वाल परेको अवस्थामा मन्दिर मात्र जिर्णोद्धार गर्न नहुने विज्ञले सुझाएका छन्। रानीपोखरी संरक्षण कार्यमा जुटेका स्थानीय अभियन्ता शैलेश शाक्यले हचुवाको भरमा मन्दिर मात्रै पुनर्निर्माण गर्न नहुने बताउँदै उहाँले भन्नुभयो- 'हामीले उत्खनन गर्दा मन्दिरको जगसमेत कामै नलाग्नै भइसकेको अवस्थामा मन्दिर मात्रै जिर्णोद्धार गर्न हुँदैन। शून्य तहदेखि नै मन्दिरको पुनर्निर्माण गर्नुपर्छ।' तत्कालीन राणा प्रधानमन्त्री जुद्ध शमशेरले १९९० सालको भूकम्पपछि मन्दिरको माथिल्लो भाग मात्रै जिर्णोद्धार गरेको पाइएको छ। जग भने मल्लकालीन नै रहेको छ। टोलीले अझै केही दिन उत्खनन गर्ने जनाएको छ।

उता अभियान्ताहरूले रानीपोखरी पुनर्निर्माण शुरू गरेदेखि त्यहाँबाट दर्जनौं ट्रिप बालुवा र इँटा बेचेको आशंका गर्दै आएका छन्। उत्खनन टोलीले समेत ढुंगाको पर्खाल लगाउँदा पुराना इँटा हराएको अनुमान गरेको छ। 'हामी ठेकेदारले कति बालुवा र इँटा बेचेको छ त्यसको समेत छानबिनको माग गरेका छौं, उत्खनन गर्ने समूहले नै मल्लकालीन इँटा हराएको अनुमान गरेपछि हामीले त नखोज्ने कुरै भएन' -अभियन्ता शाक्यको भनाइ थियो।

कामपाको स्वामित्वमा रहेको रानीपोखरी २०७२ साल वैशाख १२ गतेको भूकम्पले क्षतिग्रस्त भएको थियो। लगत्तै ०७३ साल माघ २ गते राष्ट्रपति विद्यादेवी भण्डारीले रानीपोखरी पुनर्निर्माण अभियानको उद्घाटन गर्नुभएको थियो।

राजा प्रताप मल्लले आफ्नो माहिला छोरा चक्रवर्तेन्द्र मल्लको मृत्युलाई शान्त पार्न इस्वी संवत् १६६५ मा निर्माण गरेको सो पोखरीको दक्षिण किनारमा हात्तीको मूर्तिमाथि आफू र आफ्ना दुई छोरा मोहिपतेन्द्र र चक्रवर्तेन्द्रको सालिक छ। १ सय ८० मिलर लम्बाई र १ सय ४० मिटर चौडाई रहेको सो पोखरीले ६२ रोपनी १३ आना क्षेत्रफल ओगटेको छ।

विसं. १९९० को भूकम्पमा मन्दिरको गजुर भत्केपछि जुद्ध शमशेरले रानीपोखरी मन्दिरलाई अहिलेको स्वरूप दिएका हुन्। पोखरीमा नियमित पानीको व्यवस्थापन गर्न छुट्टै बोरिङ गरिएको छ। विज्ञले रानीपोखरीमा पानी जमाउन कुनै समस्या नहुने दाबी गरेका छन्। करिब ३ फिट उत्खनन गर्दा पानी भेटिएको पोखरीमा पानीको मुहान नभएको हल्ला गर्नु बेकार भएको संस्कृतिविद् तिवारीको भनाइ थियो। उता रानीपोखरी पुनर्निर्माणबारे सर्वसाधारणसँग विचार लिनका लागि मंगलबार पाँच दिनका लागि सूचना निकालेको छ। सुझावको आधारमा समितिले प्रतिवेदन बुझाउने भएको छ। विवादमा रहेको रानीपोखरी पुनर्निर्माण प्रताप मल्लकालीन शैलीमै गर्ने निर्णय गर्दै गत पुस १३ गते विशेषज्ञ समिति निर्माण गरिएको थियो। प्रतिवेदन बुझाउन सो समितिलाई १५ दिनको समय दिइएको थियो।

## छिटो...

राष्ट्रिय सभासम्बन्धी अध्यादेशमा राष्ट्रियसभा गठनका लागि संविधानमा प्रदेशसभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहेको निर्वाचक मण्डलको व्यवस्था गरिएको छ।

सो निर्वाचक मण्डलले प्रत्येक प्रदेशबाट कम्तीमा ३ जना महिला, १ जना दलित र १ जना अपांगता भएका व्यक्ति वा अल्पसंख्यकसहित ८ जना निर्वाचित गर्नेछ। र, निर्वाचक मण्डलमा प्रदेशसभा र स्थानीय तहको मतभार फरक-फरक छ। राष्ट्रियसभा सदस्य निर्वाचनका लागि प्रदेशसभा सदस्यको ४८ र स्थानीय तहका प्रमुख र उपप्रमुखको १८ हुने गरी मतभार छुट्याइएको छ।

राष्ट्रिय सभामा महिला कोटाबाट निर्वाचित हुने सदस्य कुनै दलबाट निर्वाचित नहुँदा दलका लागि ३३ प्रतिशत नपुग्ने अवस्थामा प्रतिनिधिससभाको समानुपातिकबाट पुर्‍याउनुपर्ने भएकाले तत्काल समानुपातिकको सिट संख्या सार्वजनिक गर्न नहुने प्रमुख निर्वाचन आयुक्त डा. अयोधिप्रसाद यादवले बताउनुभयो। संविधानको धारा ८३ मा संघीय संसद् भन्नाले प्रतिनिधिसभा र राष्ट्रिय सभा भएको उल्लेख छ।

प्रदेशसभामा निर्वाचित भएको उम्मेदवारको नाम आयोगले प्रदेश प्रमुखलाई पठाउने व्यवस्था संविधानमा रहेकाले पनि प्रदेशसभा सञ्चालनका लागि प्रदेशको प्रमुख नियुक्ति गर्नुपर्ने विषयमा छलफल भएको आयोगका प्रवक्ता दिनेशकुमार घिमिरेले नेपाल समाचारपत्रलाई जानकारी दिनुभयो। प्रदेशसभा सञ्चालका लागि प्रदेशसभा सदस्यको नामावली प्रदेश प्रमुखसमक्ष पठाइ सो नामावली नेपाल राजपत्रमा प्रकाशन गर्नुपर्ने उल्लेख छ।

यसैबीच प्रधानमन्त्री देउवाले राष्ट्रिय सभाको मिति घोषणा गर्नेबारे राजनीतिक दलहरूसँग परामर्श गरिरहनुभएको छ। राजनीतिक दलहरूको सहमतिमा भोलि बिहीबार सरकारले राष्ट्रिय सभाको मिति तोक्न सक्ने प्रधानमन्त्री देउवाका प्रेस सल्लाहकार गोविन्द परियारले जानकारी दिनुभयो।

## सिलवालविरुद्ध...

परिसरले पक्राउ पुर्जी जारी गरेर सांसद सिलवाललाई पक्राउ गर्न सादा पोसाकका प्रहरी उहाँको बालकुमारीस्थित निवासमा पठाएको भए पनि उनीहरू भने रित्तोहात फिर्ता भएका थिए। प्रधानमन्त्री देउवाले केही कानुनविद्सँग छलफल गरेपछि सांसद सिलवाललाई पक्राउ गर्न आदेश दिनुभएको बताइएको छ। सिलवालविरुद्ध पक्राउ पुर्जी जारी भएपछि नेकपा एमालेका अध्यक्ष केपी ओलीले मंगलबार नै वरिष्ठ कानुन व्यवसायीसँग परामर्श गर्नुभएको बताइएको छ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
मध्य पश्चिमाञ्चल क्षेत्रीय सडक निर्देशनालय
डिभिजन सडक कार्यालय
प्यूठान

**वोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मिति २०७४।०९।१९)

यस कार्यालयको सूचना नं. ०२/०७४/७५ मिति २०७४/०७/२० गतेको आर्थिक राष्ट्रिय दैनिकमा प्रकाशित सुचना अनुसार दर्ता हुन आएका वोलपत्रहरुको मुल्यांकन हुंदा तपसिल बमोजिमका निर्माण व्यवसायीहरुको वोलपत्र न्युनतम मुल्याङ्किंत सारभूतरुपमा प्रभावग्राही देखिएको र Bid Document अनुसारको Eligibility Criteria पुरा गरेको हुंदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ बमोजिम सम्वन्धित सवैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिलः-**

| ठेक्का नम्बर | फर्म/कम्पनीको नाम, ठेगाना | कबुल अंक (मु.अ.कर बाहेक) |
|---|---|---|
| DROPT/3373354/074/75-12 | Puskar Nirman Sewa,Talawang-2,Rolpa | 8,484,256.40 |
| DROPT/3373354/074/75-13 | Jaljala Construction Pvt Ltd | 5,164,399.67 |
| DROPT/3373354/074/75-16 | Hariyali Nirman Sewa,Pyuthan | 7,569,374.50 |

डिभिजन प्रमुख

Government of Nepal
**Ministry of Physical Infrastructure and Transport**
**Department of Roads**
**Western Regional Directorate**
**Tamghas Simaltari Pyuthan Road Project**
Tamghas, Gulmi

**RE-INVITATION FOR BIDS**

**Notice No: 01/TSPRP-074/075**
**Date of Publication: 2074/09/19 (January 3, 2018)**

1. Government of Nepal, Ministry of Physical Infrastructure and Transport, Department of Roads (DoR), Western Regional Road Directorate, **Tamghas Simaltari Pyuthan Road Project, Tamghas**, **Gulmi** re-invites open competitive Bidding (Single stage Double Envelop Technical and Financial electronic bids only in the form of Technical and Financial Bids) form eligible Nepalese bidders for the construction of following Works under National Competitive Bidding procedures for the bidders with qualification requirements as stated in Section III. Evaluation and Qualification Criteria of Bidding Documents. It is to notify all the concerned Bidders that the Bidding procedures of Contract No: TSPRP/3371574/073/74-180 has been cancelled.

| S. N. | Contract Identification Number | Description and Location of Works | Minimum Bid Security Amount (NRs.) | Fee For Bid Documents (NRs.) | Bid Validity Period | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1. | TSPRP/3371574/073/74-180(Re) | Construction of Motorable Bridge over Karpata khola along Karpata Ghorle Link Road, Gulmi | 1,200,000.00 | 5,000.00 | 90 days | 120 days |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Tamghas Simaltari Pyuthan Road Project, Tamghas, Gulmi or may visit PPMO's website: **http://www.bolpatra.gov.np/egp.**
3. Bidders may down load the bidding documents for e-submission from PPMO's website: **http://www.bolpatra.gov.np/egp**. Bidders should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (*.pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank : **Rastriya Banijya Bank, Tamghas Branch, Gulmi**
   Name of Office : **Tamghas Simaltari Pyuthan Road, Gulmi**
   Office Code no. : **41-337-02**
   Office Account no. : **1.1.001**
   Rajaswa (revenue) Shirshak no. : **14227**
4. Pre-bid meeting shall be held at **Tamghas Simaltari Pyuthan Road Project, Gulmi** on 2074/10/09 at 13:00 Hours.
5. Electronic bids must be submitted through PPMO's e-GP system **http://www.bolpatra.gov.np/egp** on or before **12:00 hrs of 2074/10/22 (5th Feb 2018)**. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidder's representatives who choose to attend at **13.00** Hrs on **2074/10/22 (5th Feb 2018)** at the office of **Tamghas Simaltari Pyuthan Road Project, Gulmi**.
7. Bids must be valid for a period as mentioned in table above after the bid opening and must be accompanied by a bid security issued by an authorized bank (A class Commercial Bank) . Security in the form of cash should be deposited in the Deposit account **A/C No.: 3010203000000**, **Office Code 41-337-02,** Account Name: **Ko Le Ni Ka,** Gulmi, Bank name: Rastriya Banijya Bank, Tamghas, Gulmi). The scanned copy of the bid security or Bank Voucher ( in *.pdf format), amounting to a minimum as mentioned table above, which shall be valid for 30 days beyond the validity period of the bid.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. Matters not covered by this notice shall be in accordance with Public Procurement Act-2063 with amendment and Public Procurement Regulations-2064 with amendment and other prevailing regulations.

**Project Chief**

नेपाल नागरिक उड्डयन प्राधिकरण
**नेपालगंज नागरिक उड्डयन कार्यालयको**

**बोलपत्र आव्हान सम्बन्धी सूचना**

**(प्रथम पटक प्रकाशित भएको मितिः २०७४।०९।१९)**

यस कार्यालय अर्न्तगत निम्न बमोजिमको कार्य सार्वजनिक खरिद (पहिलो संशोधन) ऐन-२०७३ र सार्वजनिक खरिद (चौथौ संशोधन) नियमावली-२०७३ अनुसार गराउनु पर्ने भएको हुँदा नेपाल सरकारबाट ईजाजत प्राप्त, आन्तरीक राजश्व कार्यालयबाट स्थायी लेखा नं. र मू.अ.कर दर्ता भएका ईच्छुक निमार्ण व्यवसायीहरुबाट निम्नलिखित शर्तको अधिनमा रही रीतपुर्वक बोल पत्र आव्हान गरिन्छ ।

१. बोलपत्र फाराम खरिद गर्न तल उल्लेख भए अनुसारको दस्तुर यस कार्यालयको राजश्व शाखामा बुझाई अध्यावद्धिक कायम रहेको इजाजत पत्र, आयकर दर्ता एवं मू.अ.कर दर्ता प्रमाणपत्र र आ.व. २०७३/०७४ को करचुक्ता प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि संलग्न राखी यस कार्यालयबाट तपसिल बमोजिमको म्यादको कार्यालय समय भित्र बोलपत्र फाराम प्राप्त गर्न सकिने छ । खरिद गर्ने अन्तिम दिन बिदा परेमा सो पछि लगत्तै कार्यालय खुलेको पहिलो दिन बोलपत्र फाराम खरिद गरिसक्नु पर्नेछ ।
२. बोलपत्र फाराम दर्ता तपसिलमा उल्लेखित अन्तिम म्यादको १२:०० बजे सम्म गराई सक्नुपर्ने छ । सो दिन बिदा परेमा लगत्तै कार्यालय खुलेको पहिलो दिनको १२:०० बजे भित्र दर्ता गराई सक्नुपर्नेछ । दर्ता भएको बोलपत्रहरु नेपालगंज नागरिक उड्डयन कार्यालयमा सोहि दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित भए पनि बोलपत्रहरु खोल्न बाधा पर्ने छैन ।
३. बोलपत्र जमानत बापत हुन आउने निम्न बमोजिमको रकमको जमानत रकम बापतको बैंक जमानी पत्र समावेश गर्द बोलपत्रकको लागि नेपालगंज नागरिक उड्डयन कार्यालका नाममा जारी भएका विडवण्ड पेश गनुपर्नेछ । विडवण्डमा बोलपत्रको नाम, कुन कार्यका लागि पेश गरिने हो सोको विवरण उल्लेख गरिनुका साथै विडवण्डको म्याद घटीमा बोलपत्र फाराम दर्ता गर्न तपसिलमा उल्लेखित अन्तिम म्याददेखि ७५ दिनकोलागि जारी भएको वा नगद जम्मा गर्नु परेमा सिद्धार्थ बैंक लिमिटेड नेपालगंज स्थित यस कार्यालयको नाममा रहेको चल्ती धरौटी खाता नं. ०१५५१५०८०४४३ मा रकम जम्मा गरेको सक्कल बैंक भौचर हुनुपर्नेछ । वित्तिय संस्थाको जामानीपत्रलाई मान्यता दिईने छैन । विडवण्डमा जमानत बापत नगद वा चेक मान्य हुने छैन ।
४. बोलपत्र फाराममा अंक र अक्षरमा दररेट स्पष्टसंग बुझिने गरी भरेर शिलबन्दी गरी बाहिर खाममा सम्बन्धीत कार्यको नाम, बोलपत्रदातको नाम, पत्राचारगर्ने ठेगाना स्पष्ट खोलि यस कार्यालयमा बुझाउनु पर्नेछ । अंक र अक्षरमा लेखेको दररेट फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ । साथै रीत नपुगेको वा म्याद नाघी आएको बोलपत्र माथि कारवाही गरिने छैन ।
५. बोलपत्र फारामको परिमाण फाराममा प्रत्येक आईटमको बेग्ला बेग्लै दररेट भनुपर्ने छ। कुनै आईटमको दर रेट उल्लेख गर्न छुट भएका सो कामको दर शुन्य (०) गणना गरिनेछ । तर सो आईटमको सम्पुर्ण कार्य ठेकेदारले आफ्नै खर्चमा पुरा गर्नु पर्ने छ ।
६. बोलपत्र स्वीकृत भए नभएको वा सो सम्बन्धी सूचना यस कार्यालयको सूचना पाटीमा समेत टाँसीने छ । बोल स्वीकृत भैसकेपछि ठेक्काको कुल कबोल अंकको पाँच प्रतिसत हुन आउने परफरमेन्स वण्ड बापतको बैक ग्यारेन्टी वा नगदै जम्मा गर्नु परेमा सिद्धार्थ बैक लिमिटेड नेपालगंज स्थित यस कार्यालयको नाममा रहेको चल्ती धरौटी खाता नं. ०१५५१५०८०४४३ मा रकम जम्मा गरेको सक्कल भौचर सहित ७ दिन भित्र बोलपत्रदाताले नेपालगंज नागरिक उड्डयान कार्यालयमा सम्झौता गर्नुपर्नेछ । अन्यथा नियमानुसार हुनेछ ।
७. कुनै पनि शर्त राखी पेश गरेको बोलपत्र उपर कारबाही गरिने छैन ।
८. एउटा फर्म र संस्थाको नामबाट खरिद गरेको बोलपत्र अर्को फर्म र संस्थाको नामबाट दर्ता गराउन पाईने छैन ।
९. कुनै कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुक्षित रहनेछ ।
१०. बोलपत्र सम्बन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।
११. सूचनमा उल्लेख नभएका अन्य कुराहरुको हकमा बोलपत्र फाराम, सार्वजनिक खरिद (पहिलो संशोधन) ऐन, २०७३ र सार्वजनिक खरिद (चौथो संशोधन) नियमावलि -२०७३ बमोजिम हुनेछ ।
१२. बोलपत्रदाताले लागत अनुमा भन्दा पन्ध्र प्रतिसत सम्म कम अंक कवुल गरेमा कवुल अंकको पाँच प्रतिशत र लागत अनुमान भन्दा पन्ध्र प्रतिशत भन्दा बढि घटेर कवोल गरेको अवस्थामा पन्ध्र प्रतिसत भन्दा जति रमकले घटि कबुल गरेको छ सोको पचास प्रतिसतले हुन आउने रकम कवुल अंकको पाँच प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत राख्नु पर्ने ।
१३. यो सूचना यस विभानस्थलको website www.nepalgunjairport.com.np मा पनि हेर्न सकिने छ ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण र स्थान | बोलपत्र दस्तुर (मु.अ.कर सहित) | स्वीकृत ल.ई. (मु.अ.कर. बाहेक) | धरौटी रकम | बोलपत्र खरिद गर्ने म्याद | बोलपत्र दर्ता गर्ने अन्तिम म्याद |
|---|---|---|---|---|---|---|---|
| १ | 01/2074-075/CAAN/NCAO | Construcation of VIP Hall, at Nepalgunj Airport. | ३३९०।- | २४,९०,३२६।७३ | ७४०००।०० | सूचना प्रकाशित मितिले ३० दिन | बोलपत्र खरिद गर्ने अन्तिम म्यादको भोलिपल्ट |
| २ | 02/2074-075/CAAN/NCAO | RFF Slab Casting & water supply system work At Nepalgunj Airport. | ३३९०।- | ३८,८२,६१९।९८ | ११६०००।०० | सूचना प्रकाशित मितिले ३० दिन | बोलपत्र खरिद गर्ने अन्तिम म्यादको भोलिपल्ट |

# अर्थ

2018, JAN Wednesday 3

सोमबारझैं मंगलबार पनि स्ट्यान्डर्ड चार्टर्ड बैंकको सबैभन्दा धेरै रकमको शेयर कारोबार भएको छ। बैंकको ६ करोड ५८ लाख रुपैयाँको शेयर कारोबार हुँदा मिसन विकास बैंक लगानीकर्ताले सबैभन्दा धेरै ७ दशमलव ४१ प्रतिशत कमाए।

ज्योति

हिमाल स्टील आजको भाउ

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ७७.८५ | ७६.८५ | ७९.३५ | ७८.३५ | ७५.३५ | ७७.८५ | ७७.६५ | ८७.२२ |
| बीरगंज | ७५.९५ | ७४.९५ | ७७.४४ | ७६.४५ | ७३.४५ | ७५.९४ | ७५.७५ | ८५.४२ |
| विराटनगर | ७६.४५ | ७५.४५ | ७७.९४ | ७६.९५ | ७३.९५ | ७६.४४ | ७६.२५ | ८६.०२ |

• अन्त: शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।

RHINO 500D GUARANTEED DUCTILITY

बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरू | राईनो स्टील | | | |
|---|---|---|---|---|
| | ८ एम.एम | १०-२० एम.एम | २५ एम.एम | २८-३२ एम.एम |
| काठमाडौं, भक्तपुर, ललितपुर, बनेपा | ८५ | ८२ | ८५ | ८५ |
| सिमरा, वीरगञ्ज, कलैया, हेटौंडा | ८३।४० | ८०।४० | ८३।४० | ८३।४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ८४ | ८१ | ८४ | ८४ |
| लाहान, विराटनगर, धरान, इटहरी, बुटवल, भैरहवा, कृष्णनगर | ८४ | ८१ | ८४ | ८४ |
| विर्तामोड, दमक, नेपालगञ्ज, धनगढी | ८५ | ८२ | ८५ | ८५ |
| पोखरा, स्याङजा | ८५ | ८२ | ८५ | ८५ |

नोटः उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के. जी. अन्तशुल्क र १३% मु.अ.कर थप लाग्नेछ।
नेपालमा पहिलो पटक, नेपालकै लागि

Available at : Samakhushi (01-4384786), Sanobharang (9841356008), Satungal (9841687562), Dhumbarai (01-4446169), Sanepa (01-5555259, 01-5525049 ), Bhaktapur (01-6616205), Banepa (9851054994), NGT (056-570695), Parsa Chitwan (9855055795), Bardibas (044-550702), Birtamode (9842871718), Balkhu (01-4450166, 9851120096), Pokhara (9845494757), Gwarko (01-5200333, 9851027694), Dakshindhoka, Jorpati (9851007467), Sallaghari (9851118515), Janakpur (9844104194, 9854020183, 9854026965), Birgunj (9855025151), Sitapaila (9851133746), Kalanki (9851152480), Melamchi (9851058093), Sukute (9851089323), Dharan (9852056372), Biratnagar (9852020186, 9842360444), Itahari (9852020953), Hetauda (9855067550, 9845030450)

नेपालकै एक मात्र
यूरोपियन भि आर एम मेसिनबाट उत्पादित
सर्वोत्तम सिमेन्ट
सर्वोत्तम भविष्य
OPC PSC

SAURABH GROUP
लक्ष्मी स्टील
नेपालमै ग्यारेण्टेड नं. 1 क्वालिटी

## क्लिंकर अनलोड विवाद

# रक्सौलको विकल्प खोज्दै भारतीय टोली आयो

रोविन पौडेल, काठमाडौं

भारतबाट आयात हुँदै आएको क्लिंकरलगायत सिमेन्ट उद्योगका कच्चा पदार्थ ढुवानीमा देखिएको समस्या समाधान गर्न भारतीय विज्ञ टोली काठमाडौं आएको छ। रक्सौलबासीमा निम्त्याएको समस्यापछि अवरोधका कारण क्लिंकर आयात रोकिँदा रक्सौलको विकल्प खोज्न भारतीय विज्ञ टोली मंगलबार काठमाडौं आइपुगेको हो।

रक्सौलमा हुँदै आएको क्लिंकर अनलोडमा समस्या देखिएपछि छलफलको माध्यमबाट अनलोड गर्ने यार्डको विकल्पसहितको सुझाव दिन भारतीय विज्ञ टोली नेपाल आएको वाणिज्य मन्त्रालयका प्रवक्ता तथा सहसचिव रवीशंकर सैंजुले बताउनुभयो। नेपाल समाचारपत्रसँग कुरा गर्दै उहाँले भन्नुभयो- 'क्लिंकर अनलोड गर्ने स्थान तत्काल खोजिनुपर्ने भए पनि हामी त्यो गर्न असफल रहँदै आएका छौं। हामी सरोकारवालासँग समय-समयमा डस्टी कार्गो कुन स्थानमा अनलोड गर्ने विषयमा छलफल गरिने भए पनि निष्कर्श भने निकाल्न सकिएको थिएन।'

भारतीय विज्ञ टोलीसँगको छलफलबाट बुधबार साँझसम्ममा क्लिंकर अनलोडको सम्भावित नयाँ यार्ड तय हुनसक्ने उहाँको भनाइ छ। छलफल मुख्य रूपमा नयाँ यार्ड खोज्ने विषयमा केन्द्रित हुने भए पनि थप विषय पनि समावेश हुने प्रवक्ता सैंजुले बताउनुभयो।

रक्सौलबाट क्लिंकर अनलोड नसार्ने विषयमा नेपाली पक्षले अडान लिए पनि त्यो सम्भव नभएपछि लोकेसन परिवर्तन गर्न लागिएको जनाकारी दिनुभयो।

वाणिज्य मन्त्रालयका एक उच्च अधिकारीका अनुसार क्लिंकर आयात गर्न रक्सौल नै सबैभन्दा सस्तो विकल्प थियो। अनलोडको स्थान रक्सौलबाट स्थानान्तरण गरिए वीरगन्ज औद्योगिक करिडोरबाट उत्पादन हुने सिमेन्ट महँगो हुने भएकाले नेपाली पक्षले परिवर्तन गर्न नहुने अडान लिएको थियो। उहाँले भन्नुभयो- 'नेपाली पक्षको अडानले नेपालको सिमेन्ट उत्पादनमै अवरोध भए पछि नेपाली पक्ष केही लचिलो बन्न लागेको हो।'

अनलोडमा तनाव भए पनि भारतको रक्सौलमा अड्किएका क्लिंकर र्‍याकहरू नेपालमा भित्रिरहेको स्थानीय व्यवसायीले जनाएका छन्। वीरगन्ज उद्योग वाणिज्य संघका सचिव मनोज कुमार दासका अनुसार डिसेम्बर २२ भन्दा अगाडि रक्सौलमा अनलोड भएका र्‍याक भने लोडिङ हुने गरेका छन्। क्लिंकर आयातमा समस्याका कारण सिमेन्ट उद्योग बन्द हुने अवस्थामा पुगे पनि नेपाली पक्ष यस विषयमा गम्भीर नहुँदा समस्या जस्ताको त्यस्तै रहेको उहाँको दाबी छ।

यसअघि भारतीय रेल्वे निगमले रक्सौल यार्डमा अनलोड गर्न नदिए पनि बुकिङ भइसकेका क्लिंकरका र्‍याकसमेत नेपाल आउन सकेको थिएन। तर, अहिले तत्कालका लागि रक्सौल यार्डबाट लोड गरेर क्लिंकर नेपाल भित्रिन दिएपछि अड्किएका र्‍याक नेपाल भित्रिएका हुन्।

क्लिंकरको अभावमा वीरगन्ज पथलैया करिडोरका एक दर्जन सिमेन्ट उद्योग बन्द हुने अवस्थामा छन्। नेपालका अन्य स्थानमा रहेका सिमेन्टले आफैं क्लिंकर उत्पादन गर्दै आए पनि यस करिडोरमा रहेका उद्योग भने भारतीय क्लिंकरमा निर्भर छन्। हाल बारा र पर्साका १३ वटा सिमेन्ट उद्योगले यस नाकाबाट कच्चा पदार्थ आयात गर्छन्।

यसअघि क्लिंकर अनलोडसम्बन्धी उत्पन्न समस्या समाधानका लागि भारत तथा नेपाल सरकारका प्रतिनिधि र उद्योगी व्यापारीबीच भएको त्रिपक्षीय छलफल निश्कर्षविहीन निश्किएको थियो। पछिल्लो समय रक्सौलका बासिन्दा यार्ड स्थानान्तरणको माग गर्दै अदालत पुगेका थिए। त्यसपछि सरकारलाई अधिकारिक रूपमा कुनै जानकारी नगराई भारत सरकारले रक्सौलमा हुँदै आएको क्लिंकर अनलोडिङमा रोक लगाउँदै सिर्सियास्थित नेपालको सुख्खा बन्दरगाहमा अनलोड गर्न निर्देशन दिएको थियो।

> क्लिंकर आयात गर्न रक्सौल नै सबैभन्दा सस्तो विकल्प थियो। अनलोडको स्थान रक्सौलबाट स्थानान्तरण गरिए वीरगन्ज औद्योगिक करिडोरबाट उत्पादन हुने सिमेन्ट महँगो हुन जान्छ।

# उद्योग वाणिज्य संघमा कटुवाल

हेटौंडा, (नेस)

मकवानपुर उद्योग वाणिज्य संघको ५१औं साधारणसभाले नयाँ नेतृत्व चयन गरेको छ।

अध्यक्षमा महेन्द्र राउतलाई १ सय ८८ मतअन्तरले पराजित गर्दै कृष्ण कटुवालले चुनाव जित्नुभएको छ। कटुवाललाई १ हजार २६ मत प्राप्त भएको थियो भने राउतलाई ८ सय ३८ मत प्राप्त भएको थियो।

उपाध्यक्षमा वाणिज्यतर्फ कृष्णकुमार गुप्ता अग्रवाल विजयी हुनुभएको छ। उद्योगतर्फ उपाध्यक्षमा माधव न्यौपाने २ सय ३० मत ल्याएर विजयी हुनुभयो। उहाँका प्रतिस्पर्धी रवीन्द्र घिमिरेले १ सय ६७ मत प्राप्त गर्नुभएको थियो।

एसोसिएटतर्फ उपाध्यक्षमा गणेशप्रसाद भेटवालले चुनाव जित्दा वस्तुगत उपाध्यक्षतर्फ रामप्रसाद न्यौपाने निर्विरोध हुनुभएको छ। उद्योगतर्फ सदस्यमा प्रमोदसिंह रानाभाट, रूपकराज दाहाल, सन्तोष अर्याल, नरेन्द्र भण्डारी र प्रतीमा श्रेष्ठ, वाणिज्यतर्फ काव्यमणि अधिकारी, रवि शर्मा काडेल, कुलप्रसाद चौलागाईंलगायत निर्वाचित हुनुभएको छ।

MAXIMUM RETAIL PRICE (MRP) FOR TENT AIR CONDITIONER

| BRAND | MODEL NO | CAPACITY |
|---|---|---|
| CHANGHONG | CRT18CA | 61420 BTU |
| ITEM | MRP | ORIGIN |
| A/C | 1,90,000/- + VAT 13% | CHINA |

BRYNN INTERNATIONAL P. LTD.
Kathmandu, Nepal
Tel: +977 9841737401

# अपर बूढीगण्डकीको काम अघि बढ्यो

सन्तोष अधिकारी, गोरखा

राष्ट्रिय गौरवको १२ सय मेगावाट क्षमताको बूढीगण्डकी आयोजना निर्माणको प्रक्रिया अघि बढिरहेको बेला बूढीगण्डकीमै ३ सय ६० मेगावाट क्षमताको अपर बूढीगण्डकी आयोजना निर्माणको तयारी थालिएको छ।

आईएमएस समूहले एक वर्ष अघि उक्त आयोजना निर्माणको अनुमति लिएको छ। बूढीगण्डकी आयोजना निर्माणस्थलबाट करिब ११ किलोमिटर माथि चुमनुब्री गाउँपालिकाको यारुबगरमा अपर बूढीगण्डकी बन्न लागेको हो। 'हाम्रो ग्रुपले अनुमति लिएसँगै कसरी काम छिटो र छरितो किसिमले गर्न सकिन्छ भनेर स्थलगत अध्ययन पनि शुरू गरिसकेका छौं,' आईएमएस समूहका अध्यक्ष



दीपक मल्होत्राले भन्नुभयो-'डीपीआरको काम एक वर्षमा सकेर अरू काम अघि बढाउँदै छौं।'

उक्त समूहले विदेशी साझेदारसमेत भित्र्याउन लागेको मल्होत्राले बताउनुभयो। 'डीपीआर र पीपीए हामी आफैं गर्छौं' उहाँले भन्नुभयो -'केही विदेशी कम्पनीसँग कुरा भइरहेको छ। त्यसपछि हाम्रो ग्रुपले २० र विदेशी साझेदारी ग्रुपले ८० प्रतिशत शेयर राखेर काम अघि बढाउँछौं।' चीनका दुई कम्पनीसँग उक्त समूहले कुरा गरेको र दुईमध्ये एक सँग आगामी एक वर्षभित्र साझेदारी गरेर आयोजना निर्माणको काम हुने मल्होत्राले भनाइ छ।

उक्त आयोजनाबाट प्रभावितलाई कुन क्षेत्रमा रहेकालाई कति मुआब्जा दिने भनेर पनि समूहले छिट्टै टुंगो लगाउने तयारी गरेको छ। आयोजना समयमै सक्न देशको राजनीति स्थिर हुनुपर्ने मल्होत्राको भनाइ छ। 'हामी यसै नै एक वर्ष ढिलो भइसकेका छौं,' उहाँले भन्नुभयो-'विकट भूगोलमा छ, सामग्री लैजानसमेत गाह्रो छ। यस्तो ठाउँमा काम गर्न सरकारी तबरबाट सहयोग हुनुपर्‍यो। देशमा राजनीति स्थिर हुनुपर्‍यो हालतमा हामी आयोजना सम्पन्न गर्छौं।' अहिले देशको राजनीतिले स्थिरताको छनक दिएपछि कामलाई बृहत् रूपमा नै अघि बढाउन लागेको उहाँले बताउनुभयो।

सौर्य सिमेन्ट्स लि.
सम्पर्क रजिष्टर्ड कार्यालय का.म.न.पा-२२
गणबहाल, काठमाण्डौं, फोन: ०१४२५०००१
कारखाना कारोबार स्थल, कर्जन्हा रामपुर विर्ता -४, सिराहा

वार्षिक साधारण सभा बस्ने बारेको सूचना

मिति २०७४।०९।१४ (तदनुसार २९ डिसेम्बर २०१७) मा बसेको यस कम्पनीको संचालक समितिको बैठकका निर्णयानुसार कम्पनीको ८ औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

सभा बस्ने मिति समय र स्थान
मिति : २०७४ साल माघ १० (तदनुसार २४ जेनवरी २०१८) बुधबार ।
समय : बिहान ११ बजे ।
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय का.जि.का.म.न.पा वडा नं. २२, गणबहाल, काठमाण्डौं ।

छलफल तथा निर्णयका लागि निर्धारित विषय:
१. संचालक समितिको प्रतिवेदन माथि छलफल तथा पारित गर्ने ।
२. कम्पनीको आ.ब. २०७३/०७४ को लेखापरीक्षण प्रतिवेदन माथि छलफल तथा पारित गर्ने ।
३. आर्थिक वर्ष आ.ब.०७४/०७५ को लागि लेखापरीक्षकको नियुक्ति गरी निजको पारिश्रमीक तोक्ने ।
४. विविध ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

बैंक अफ काठमाण्डू लिमिटेड
BANK OF KATHMANDU LTD.

संस्थापक शेयरधनीहरूलाई सूचना

यस बैंक अफ काठमाण्डू लिमिटेडको संस्थापक शेयरधनीहरू मध्ये संस्थापक शेयरधनी श्री गोपाल सुन्दर लाल कक्षपति (1301060000644536) ले आफ्नो नाममा दर्ता कायम रहेको संस्थापक शेयर मध्ये ५,२८५ कित्ता संस्थापक शेयर बिक्रि गर्ने इच्छा गर्नु भएकोले उक्त शेयर खरिद गर्न चाहनु हुने यस बैंकको संस्थापक शेयरधनीहरूले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्र यस बैंकको कम्पनी सचिवको कार्यालयमा सम्पर्क गर्नु हुनको लागि यो सूचना प्रकाशित गरिएको छ । उक्त म्याद भित्र कसैले सम्पर्क गर्न नआउनु भएमा उक्त संस्थापक शेयर कानून बमोजिम बिक्रि भएर जानेछ र सो उपर कसैको दावी उजूर वाजूर नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७४ पुस १९, जनवरी ३, २०१७

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर १ का रू. | १०१।२७ | १०१।८७ |
| युरो १ को रू. | १२२।१९ | १२२।९१ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १३७।१४ | १३७।९५ |
| स्विस फ्रन्क १ को रू. | १०४।२८ | १०४।९० |
| अस्ट्रलियन डलर १ को रू. | ७९।२८ | ७९।७५ |
| क्यानाडियन डलर १ को रू. | ८०।७० | ८१।१८ |
| सिङ्गापुर डलर १ को रू. | ७६।२४ | ७६।६९ |
| जापानी यन १० को रू. | ९।०३ | ९।०८ |
| चिनियाँ युआन १ को रू. | १५।६० | १५।६९ |
| साउदी अरब रियाल १ को रू. | २७।०० | २७।१६ |
| कतारी रियाल १ को रू. | २७।८१ | २७।९८ |
| थाई भाट १ को रू. | ३।१२ | ३।१४ |
| सं. अरब इमिरट दिराम १ को रू. | २७।५७ | २७।७३ |
| मलसियन रिङ्गिट १ को रू. | २५।१९ | २५।३४ |
| दक्षिण कारियन वन १०० को रू. | ९।५४ | ९।६० |

### खरिद दर

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।४४ |
| डेनिस क्रानर १ का रू. | १६।४१ |
| हङकङ डलर १ का रू. | १२।९६ |

नोट : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

## SHARE MARKET

2 JANAURY TUESDAY, 2018

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 55870.00 | 430.00 | 416.00 | 425.00 | 11.00 |
| 2 | Api Power Company Ltd. | 2834.00 | 460.00 | 443.00 | 452.00 | -7.00 |
| 3 | Arun Finance Limited | 680.00 | 170.00 | 168.00 | 168.00 | -2.00 |
| 4 | Arun Kabeli Power Ltd. | 1127.00 | 346.00 | 337.00 | 343.00 | 2.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 2150.00 | 206.00 | 203.00 | 206.00 | 0.00 |
| 6 | Asian Life Insurance Co. Limited | 2506.00 | 1419.00 | 1380.00 | 1381.00 | -22.00 |
| 7 | Bank of Kathmandu Ltd. | 24488.00 | 415.00 | 405.00 | 407.00 | -2.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 120.00 | 197.00 | 194.00 | 195.00 | 1.00 |
| 9 | Best Finance Company Ltd. | 100.00 | 128.00 | 128.00 | 128.00 | 0.00 |
| 10 | Bhargav Bikash Bank Ltd. | 100.00 | 164.00 | 164.00 | 164.00 | 0.00 |
| 11 | Bishal Bazar Company Limited | 70.00 | 1765.00 | 1731.00 | 1765.00 | 1.00 |
| 12 | Bottlers Nepal (Terai) Limited | 110.00 | 7550.00 | 7400.00 | 7400.00 | -144.00 |
| 13 | Butwal Power Company Limited | 8147.00 | 694.00 | 685.00 | 685.00 | -6.00 |
| 14 | Central Finance Co. Ltd. | 1380.00 | 144.00 | 140.00 | 142.00 | -2.00 |
| 15 | Century Commercial Bank Ltd. | 11636.00 | 205.00 | 201.00 | 203.00 | -1.00 |
| 16 | Chhimek Laghubitta Bikas Bank Limited | 3815.00 | 1044.00 | 1000.00 | 1000.00 | -35.00 |
| 17 | Chhyangdi Hydropower Ltd. | 1050.00 | 183.00 | 172.00 | 180.00 | 5.00 |
| 18 | Chilime Hydropower Company Limited | 5932.00 | 928.00 | 895.00 | 895.00 | -20.00 |
| 19 | Citizen Bank International Limited | 20398.00 | 291.00 | 285.00 | 290.00 | 3.00 |
| 20 | Citizen Investment Trust | 1415.00 | 3565.00 | 3530.00 | 3530.00 | -24.00 |
| 21 | Civil Bank Ltd | 20365.00 | 187.00 | 180.00 | 182.00 | 0.00 |
| 22 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 80.00 | 962.00 | 943.00 | 943.00 | -19.00 |
| 23 | Deprosc Development Bank Limited | 3225.00 | 892.00 | 856.00 | 869.00 | -7.00 |
| 24 | Deva Bikas Bank Limited | 3714.00 | 189.00 | 180.00 | 181.00 | -5.00 |
| 25 | Dibyashwori Hydropower Ltd. | 214.00 | 155.00 | 147.00 | 152.00 | 4.00 |
| 26 | Everest Bank Limited | 31454.00 | 895.00 | 845.00 | 861.00 | 26.00 |
| 27 | Everest Bank Limited Con. Pref. | 1116.00 | 772.00 | 709.00 | 735.00 | -52.00 |
| 28 | Everest Insurance Co. Ltd. | 299.00 | 2487.00 | 2430.00 | 2430.00 | -35.00 |
| 29 | Excel Development Bank Ltd. | 738.00 | 389.00 | 384.00 | 389.00 | 12.00 |
| 30 | First Micro Finance Dev. Bank Ltd. | 7945.00 | 863.00 | 835.00 | 836.00 | -24.00 |
| 31 | Forward Com. Mic. Bittiya Sanstha Ltd. | 746.00 | 3370.00 | 3283.00 | 3290.00 | -60.00 |
| 32 | Gandaki Bikas Bank Limited | 3571.00 | 240.00 | 235.00 | 235.00 | -4.00 |
| 33 | Garima Bikas Bank Limited | 4806.00 | 199.00 | 194.00 | 195.00 | -1.00 |
| 34 | Global IME Bank Limited | 10538.00 | 323.00 | 316.00 | 316.00 | -5.00 |
| 35 | Global IME Samunnat Scheme-1 | 541.00 | 9.76 | 9.76 | 9.76 | 0.19 |
| 36 | Goodwill Finance Co. Ltd. | 1974.00 | 156.00 | 150.00 | 150.00 | -3.00 |
| 37 | Guheshowori Mer. Bank & Fin. Co. Ltd. | 105.00 | 195.00 | 192.00 | 195.00 | 3.00 |
| 38 | Gurans Life Insurance Company Ltd. | 6675.00 | 972.00 | 950.00 | 950.00 | -22.00 |
| 39 | Gurkhas Finance Ltd. | 1540.00 | 147.00 | 145.00 | 145.00 | 0.00 |
| 40 | Hamro Bikas Bank Ltd. | 5279.00 | 180.00 | 174.00 | 174.00 | -1.00 |
| 41 | Himalayan Bank Limited | 6209.00 | 655.00 | 637.00 | 650.00 | 14.00 |
| 42 | Himalayan Distillery Limited | 2440.00 | 1284.00 | 1200.00 | 1220.00 | 17.00 |
| 43 | Himalayan General Insurance Co. Ltd | 15278.00 | 524.00 | 505.00 | 516.00 | 7.00 |
| 44 | Himalayan Power Partner Ltd. | 5340.00 | 384.00 | 368.00 | 376.00 | 1.00 |
| 45 | ICFC Finance Limited | 1850.00 | 216.00 | 211.00 | 216.00 | 1.00 |
| 46 | IME General Insurance Ltd. | 2420.00 | 1099.00 | 1045.00 | 1045.00 | -30.00 |
| 47 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 6256.00 | 174.00 | 170.00 | 170.00 | -3.00 |
| 48 | Janaki Finance Ltd. | 2057.00 | 225.00 | 219.00 | 220.00 | -2.00 |
| 49 | Janata Bank Nepal Ltd. | 22294.00 | 200.00 | 192.00 | 193.00 | -4.00 |
| 50 | Janautthan Sam. Lag. Bikas Bank Ltd. | 302.00 | 3083.00 | 3022.00 | 3080.00 | -3.00 |
| 51 | Jebils Finance Ltd. | 200.00 | 140.00 | 138.00 | 140.00 | 4.00 |
| 52 | Jyoti Bikas Bank Limited | 5086.00 | 167.00 | 160.00 | 164.00 | -3.00 |
| 53 | Kabeli Bikas Bank Limited | 121.00 | 342.00 | 336.00 | 342.00 | 6.00 |
| 54 | Kailash Bikas Bank Ltd. | 5221.00 | 237.00 | 229.00 | 229.00 | -6.00 |
| 55 | Kalika Microcredit Dev. Bank Ltd. | 4703.00 | 1820.00 | 1715.00 | 1760.00 | 10.00 |
| 56 | Kamana Sewa Bikas Bank Limited | 9568.00 | 183.00 | 176.00 | 179.00 | -3.00 |
| 57 | Kanchan Development Bank Limited | 10.00 | 235.00 | 235.00 | 235.00 | 4.00 |
| 58 | Kankai Bikas Bank Ltd. | 867.00 | 170.00 | 165.00 | 166.00 | -1.00 |
| 59 | Karnali Development Bank Limited | 3656.00 | 251.00 | 241.00 | 241.00 | -8.00 |
| 60 | Khanikhola Hydropower Co. Ltd. | 528.00 | 159.00 | 153.00 | 159.00 | 6.00 |
| 61 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 783.00 | 1884.00 | 1848.00 | 1870.00 | 22.00 |
| 62 | Kuber Merchant Finance Limited | 20.00 | 198.00 | 195.00 | 195.00 | -6.00 |
| 63 | Kumari Bank Limited | 17781.00 | 295.00 | 283.00 | 289.00 | -2.00 |
| 64 | Lalitpur Finance Ltd. | 530.00 | 193.00 | 181.00 | 181.00 | -9.00 |
| 65 | Laxmi Bank Limited | 14324.00 | 260.00 | 251.00 | 253.00 | -5.00 |
| 66 | Laxmi Equity Fund | 6000.00 | 9.62 | 9.62 | 9.62 | 0.00 |
| 67 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 567.00 | 1299.00 | 1250.00 | 1250.00 | -24.00 |
| 68 | Laxmi Value Fund-1 | 10000.00 | 11.25 | 11.25 | 11.25 | 0.19 |
| 69 | Life Insurance Co. Nepal | 1025.00 | 1995.00 | 1960.00 | 1965.00 | -5.00 |
| 70 | Lumbini Bikas Bank Ltd. | 1545.00 | 181.00 | 178.00 | 180.00 | 0.00 |
| 71 | Lumbini General Insurance Co. Ltd. | 10988.00 | 630.00 | 609.00 | 611.00 | -17.00 |
| 72 | Machhapuchhre Bank Limited | 50583.00 | 281.00 | 273.00 | 276.00 | -3.00 |
| 73 | Mahalaxmi Bikas Bank Ltd. | 7639.00 | 195.00 | 191.00 | 192.00 | 2.00 |
| 74 | Mahila Sahayatra Mic. Bittiya San. Ltd. | 884.00 | 904.00 | 865.00 | 900.00 | 39.00 |
| 75 | Mahuli Samudayik Lag. Sanstha Ltd. | 1540.00 | 3105.00 | 3040.00 | 3100.00 | -50.00 |
| 76 | Manjushree Finance Ltd. | 7756.00 | 143.00 | 141.00 | 141.00 | 0.00 |
| 77 | Mero Microfinance Bittiya Sanstha Ltd. | 201.00 | 1382.00 | 1355.00 | 1380.00 | 1.00 |
| 78 | Mirmire Microfinance Dev. Bank Ltd. | 133.00 | 2950.00 | 2900.00 | 2920.00 | 20.00 |
| 79 | Mission Development Bank Ltd. | 137.00 | 232.00 | 220.00 | 232.00 | 16.00 |
| 80 | Miteri Development Bank Limited | 754.00 | 344.00 | 326.00 | 338.00 | 6.00 |
| 81 | Mithila LaghuBitta Bikas Bank Ltd. | 70.00 | 1170.00 | 1158.00 | 1170.00 | 34.00 |
| 82 | Muktinath Bikas Bank Ltd. | 14125.00 | 445.00 | 417.00 | 428.00 | 7.00 |
| 83 | Nabil Bank Limited | 24418.00 | 1101.00 | 1065.00 | 1080.00 | 15.00 |
| 84 | NABIL Bank Limited Promotor Share | 5893.00 | 864.00 | 850.00 | 854.00 | -4.00 |
| 85 | Nabil Equity Fund | 17600.00 | 10.10 | 10.00 | 10.00 | -0.05 |
| 86 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 687.00 | 2610.00 | 2509.00 | 2563.00 | 13.00 |
| 87 | NagBeli Lag. Bikas Bank Ltd. Pro. Share | 6344.00 | 1300.00 | 1300.00 | 1300.00 | 0.00 |
| 88 | National Hydro Power Company Limited | 31440.00 | 121.00 | 116.00 | 118.00 | -2.00 |
| 89 | National Life Insurance Co. Ltd. | 3095.00 | 1605.00 | 1580.00 | 1580.00 | 5.00 |
| 90 | National Microfinance Bittiya Sanstha Ltd. | 339.00 | 2400.00 | 2353.00 | 2353.00 | -44.00 |
| 91 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 260.00 | 2510.00 | 2505.00 | 2505.00 | 30.00 |
| 92 | Neco Insurance Co. Ltd. | 3175.00 | 875.00 | 848.00 | 865.00 | -5.00 |
| 93 | Nepal Bangladesh Bank Limited | 13258.00 | 280.00 | 271.00 | 278.00 | 3.00 |
| 94 | Nepal Bank Limited | 27142.00 | 363.00 | 350.00 | 352.00 | -4.00 |
| 95 | Nepal Community Dev. Bank Ltd. | 28.00 | 153.00 | 153.00 | 153.00 | -2.00 |
| 96 | Nepal Com. Dev. Bank Ltd. Pro. Share | 20321.00 | 106.00 | 106.00 | 106.00 | 0.00 |
| 97 | Nepal Credit And Com. Bank Limited | 19696.00 | 342.00 | 334.00 | 336.00 | -4.00 |
| 98 | Nepal Doorsanchar Comapany Limited | 19920.00 | 790.00 | 770.00 | 782.00 | 7.00 |
| 99 | Nepal Grameen Bikas Bank Ltd. | 14983.00 | 699.00 | 670.00 | 685.00 | -5.00 |
| 100 | Nepal Hydro Developers Ltd. | 130.00 | 221.00 | 213.00 | 218.00 | 1.00 |
| 101 | Nepal Insurance Co. Ltd. | 1717.00 | 1440.00 | 1400.00 | 1400.00 | -19.00 |
| 102 | Nepal Investment Bank Limited | 22399.00 | 665.00 | 650.00 | 660.00 | 5.00 |
| 103 | Nepal Investment Bank Ltd. Pro. Share | 2424.00 | 589.00 | 580.00 | 586.00 | 4.00 |
| 104 | Nepal Life Insurance Co. Ltd. | 14371.00 | 1761.00 | 1725.00 | 1740.00 | -19.00 |
| 105 | Nepal SBI Bank Limited | 12351.00 | 620.00 | 606.00 | 610.00 | -3.00 |
| 106 | Nerude Laghubita Bikas Bank Limited | 7033.00 | 850.00 | 825.00 | 825.00 | -25.00 |
| 107 | Ngadi Group Power Ltd. | 181.00 | 256.00 | 238.00 | 240.00 | -3.00 |
| 108 | NIBL Pragati Fund | 1510.00 | 10.10 | 10.00 | 10.10 | -0.09 |
| 109 | NIBL Samriddhi Fund 1 | 25434.00 | 12.00 | 11.90 | 11.90 | -0.01 |
| 110 | NIC Asia Bank Ltd. | 11570.00 | 347.00 | 339.00 | 342.00 | -2.00 |
| 111 | Nirdhan Utthan Bank Limited | 4480.00 | 1270.00 | 1234.00 | 1260.00 | 26.00 |
| 112 | NLG Insurance Company Ltd. | 875.00 | 1410.00 | 1380.00 | 1381.00 | -7.00 |
| 113 | NMB Microfinance Bittiya Sanstha Ltd. | 213.00 | 2009.00 | 1940.00 | 1940.00 | -30.00 |
| 114 | NMB Bank Limited | 10550.00 | 472.00 | 460.00 | 465.00 | 1.00 |
| 115 | NMB Hybrid Fund L-1 | 31164.00 | 10.00 | 9.90 | 10.00 | 0.00 |
| 116 | NMB Sulav Investment Fund-1 | 5000.00 | 12.95 | 12.95 | 12.95 | -0.20 |
| 117 | Om Development Bank Ltd. | 7352.00 | 245.00 | 241.00 | 242.00 | -3.00 |
| 118 | Oriental Hotels Limited | 5310.00 | 690.00 | 671.00 | 680.00 | -8.00 |
| 119 | Pokhara Finance Ltd. | 220.00 | 187.00 | 181.00 | 183.00 | -1.00 |
| 120 | Prabhu Bank Limited | 115810.00 | 332.00 | 321.00 | 321.00 | -4.00 |
| 121 | Prabhu Insurance Ltd. | 15232.00 | 836.00 | 794.00 | 822.00 | -18.00 |
| 122 | Premier Insurance Co. Ltd. | 2901.00 | 1468.00 | 1400.00 | 1450.00 | 38.00 |
| 123 | Prime Commercial Bank Ltd. | 17715.00 | 316.00 | 310.00 | 312.00 | -2.00 |
| 124 | Prime Life Insurance Company Limited | 1620.00 | 1824.00 | 1779.00 | 1779.00 | -10.00 |
| 125 | ProgressiveFinance Limited | 660.00 | 220.00 | 214.00 | 220.00 | 4.00 |
| 126 | Prudential Insurance Co. Ltd. | 785.00 | 845.00 | 825.00 | 826.00 | -3.00 |
| 127 | Purnima Bikas Bank Ltd. | 1802.00 | 224.00 | 220.00 | 224.00 | 4.00 |
| 128 | Rastriya Beema Company Limited | 838.00 | 14458.00 | 13916.00 | 13950.00 | -225.00 |
| 129 | Rastriya Beema Com. Ltd Pro. Share | 845.00 | 13770.00 | 13000.00 | 13150.00 | -200.00 |
| 130 | Reliable Microfinance Bittiya Sanstha Ltd. | 169.00 | 1540.00 | 1510.00 | 1540.00 | 0.00 |
| 131 | Reliance Finance Ltd. | 3198.00 | 148.00 | 145.00 | 146.00 | -4.00 |
| 132 | Ridi Hydropower Dev. Co. Ltd. | 1163.00 | 157.00 | 152.00 | 157.00 | 3.00 |
| 133 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 700.00 | 1235.00 | 1142.00 | 1213.00 | 48.00 |
| 134 | Rural Microfinance Dev. Centre Ltd. | 205.00 | 685.00 | 669.00 | 669.00 | -5.00 |
| 135 | Sagarmatha Insurance Co. Ltd. | 2585.00 | 1407.00 | 1370.00 | 1370.00 | -10.00 |
| 136 | Sahayogi Bikas Bank Limited | 70.00 | 250.00 | 246.00 | 250.00 | 7.00 |
| 137 | Sana Kisan Bikas Bank Ltd | 2602.00 | 1199.00 | 1185.00 | 1199.00 | 1.00 |
| 138 | Sanima Bank Limited | 18393.00 | 353.00 | 341.00 | 342.00 | 0.00 |
| 139 | Sanima Mai Hydropower Ltd. | 45236.00 | 504.00 | 470.00 | 485.00 | -15.00 |
| 140 | Saptakoshi Development Bank Ltd. | 1038.00 | 156.00 | 149.00 | 149.00 | -4.00 |
| 141 | Shangrila Development Bank Ltd. | 3030.00 | 203.00 | 194.00 | 200.00 | 3.00 |
| 142 | Shikhar Insurance Co. Ltd. | 3731.00 | 1207.00 | 1170.00 | 1182.00 | -2.00 |

Total Amount Rs. 633,222,412 Total Quantity 1,262,417 Total No of Transactions 6,802

{ एक्स्पोमा चीन, भारत, नर्वे, दक्षिण कोरिया, जर्मनी, अस्ट्रिया, बुल्गेरिया, चेक रिपब्लिक, इटली, स्वीडेन, बेलायत, ब्राजिल लगायत मुलुकका कम्पनी तथा सरोकारवालाको सहभागिता रहने भएको छ।


# साढे ९ लाख पर्यटकले नेपाल भ्रमण गरे

दीपेन्द्र थापा, काठमाडौं

सन् २०१७ मा ९ लाख ४० हजार २ सय १८ पर्यटकले नेपालको भ्रमण गरेका छन्। जुन अघिल्लो वर्षको तुलनामा २८ दशमलव ८८ प्रतिशतले बढी हो।

सन् २०१६ मा ७ लाख २८ हजार ५ सय ५० ले नेपाल भ्रमण गरेका थिए। उक्त तथ्यांक हवाईमार्ग र स्थलमार्गबाट समेतको कुल तथ्यांक रहेको अध्यागमन विभागले जनाएको छ।

सरकारले सन् २०११ मा पर्यटन वर्ष मनाएर वार्षिक १० लाख पर्यटक भित्र्याउने सरकारको लक्ष्य ६ वर्षपछि पूरा हुन सकेको छैन। अहिलेको अवस्थामा वर्ष १० लाखको हाराहारी पर्यटक आगमन हुनु सकरात्मक रहेको नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशी बताउनुभयो। उहाँले भन्नुभयो-' स्थलमार्ग समेतको संख्यालाई सुक्ष्म तरिकाले तथ्यांक राख्ने हो भने १० लाखभन्दा बढी पर्यटकले नेपाल भ्रमण गरेका छन्।'



स्रोत : अध्यागमन विभाग

अध्यागमन विभागका अनुसार सन् २०१६ को तुलनामा २ लाख १० हजार ६ सय ६३ जनाभन्दा बढी पर्यटक नेपाल भित्रिएका छन्। अध्यागमन विभागका शाखा अधिकृत कृष्ण सापकोटाका अनुसार स्थलमार्ग भएर आउने पर्यटकको पनि तथ्यांक समावेश गरिएको बताउनुभयो।

पर्यटनविद् प्रचन्डमान श्रेष्ठका अनुसार अहिलेको अवस्थामा नेपालको पर्यटक आगमन सकरात्मक रहेको छ, नेपालले पूर्वाधार विकास, प्रचारप्रसार र पर्यटन क्षेत्रमा दक्ष जनशक्तिको परिपूर्ति गर्न सकेको खण्डमा नेपालको बारेमा राम्रो सन्देश प्रवाह भएर पर्यटन क्षेत्रले अर्को वर्ष ३० देखि ३५ प्रतिशले वृद्धिहुने बताउनुभयो।

नेपाल घुम्न आउने पर्यटकमा भारतीयको संख्या सबैभन्दा धेरै रहेको छ। विभागका अनुसार भारतबाट यस अवधिमा १ लाख ६० हजार ८ सय ३२ जना पर्यटक नेपाल भ्रमणमा आएका छन्। त्यस्तै चीनबाट १ लाख ४ हजार ६ सय ६४ जना पर्यटक भ्रमणका क्रममा नेपाल आएका छन्।

यसैगरी अमेरिका, बेलायतलगायत देशबाट आउने पर्यटकको संख्या पनि उल्लेख्य रहेको विभागको तथ्यांकले देखाएको छ। यसक्रममा अमेरिकाबाट ७९ हजार १ सय ४६ जना र बेलायतबाट ५१ हजार ५८ जना पर्यटक नेपाल भ्रमणमा आएका छन्। गत वर्ष ७ लाख २९ हजार ५ सय ५५ जना पर्यटक नेपाल भित्रिएका थिए। श्रीलंकाबाट ४५ हजार ३ सय १३ पर्यटकले नेपाल भ्रमण गरेका थिए। त्यस्तै सन् २०१४ मा पर्यटक आगमनको संख्या ४ लाख ४ हजार ५ सय २५ रहेको थियो।

निर्वाचनको बेलामा भएका बम विस्फोटको घटनाले नेपाली पर्यटन क्षेत्रमा असर परेकाले वर्षको अन्त्यमा पर्यटन आगमन घट्दा १० लाखको लक्ष्य पूरा हुन नसकेको प्यासिफिक एसिया ट्राभल एसोसियसन (पाटा) नेपाल चाप्टरका अध्यक्ष सुनील शाक्यले बताउनुभयो। भारतीय नाकाबाट आउने पर्यटकको पनि प्रभावकारी रेकर्ड नराखेकाले यसवर्षको लक्ष्यभन्दा बढी पर्यटक आएको अनुमान गर्न सकिने शाक्यको भनाई छ। उहाँका अनुसार पूर्वाधार विकास गर्न समय लाग्ने भएकाले भएको त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थल २४सौं घण्टा खुल्ला गर्न सकेमा नेपाल आउने पर्यटकमा वृद्धि हुन्छ।

पर्यटकलाई आकर्षित गर्न नेपालको वास्तुकला, ट्रेकिङ रुटलगायतका अन्य संरचना भूकम्पपछि पुनर्जीवन पाउने क्रममा रहेको तथा नेपाल भ्रमण गर्न सुरक्षित छ र नेपालको सौन्दर्य कायमै रहेको सरकारको प्रचारले सकारात्मक प्रभाव पार्न थालेको जोशीको भनाइ छ।

## PRESS RELEASE

### ग्लोबल आईएमई बैंकको कर्पोरेट रजिष्टर्ड कार्यालय स्थापना



काठमाडौं, (नेस)

ग्लोबल आईएमई बैंकको ११औं वार्षिकोत्सवको अवसरमा बैंकको नवनिर्मित कर्पोरेट रजिष्टर्ड कार्यालयको नेपाल राष्ट्र बैंकका गभर्नर डा. चिरन्जीवी नेपालले मंगलबार उद्घाटन गर्नुभएको छ। सन् २००७ मा वीरगन्जमा रजिष्टर्ड कार्यालय राखि स्थापना भएको बैंकले स्थापनाको ११ वर्ष मा नै आफ्नौ कर्पोरेट रजिर्ष्टड कार्यालय स्थापना गर्न सफल भएको हो।

कर्पोरेट रजिर्ष्टड कार्यालय उद्घाटन समारोहमा बोल्दै नेपाल राष्ट्र बैंकका गभर्नर डा. चिरन्जीवी नेपाल, ग्लोबल आईएमई बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले सम्बोधन गर्नु गर्नुभएको थियो। बैंकले नवनिर्मत भवन कमलादीका साथै भक्तपुर जिल्लाको गोठाटार, बैतडी जिल्लाको पुर्चौडी नगरपालिका, गुल्मी जिल्लाको गौडाकोट र झापा जिल्लाको दमक नगरपालिकामा गरी ५ वटा शाखा पनि सञ्चालनमा ल्याएको हो। नयाँ शाखासँगै बैंकको शाखा संख्या ११३ पुगेको छ। बैंकको एटीएम संख्या १२७ पुगेको छ।

### नबिल फाउन्डेसनद्वारा सहयोग

काठमाडौं, (नेस)

नबिल बैंकद्वारा प्रवर्द्धित नबिल फाउन्डेसनले बालिकाको शिक्षाका लागि १ लाख २० हजार रुपियाँ प्रदान गरेको छ। फाउन्डेसनले गार्गी कन्या गुरुकुल प्रतिष्ठानलाई विगतको तीन वर्षदेखि बालिकाको शिक्षा प्रायोजनको लागि पुऱ्याउँदै आएको सहयोगलाई निरन्तरता दिएको हो।

नबिल फाउन्डेसनका अध्यक्ष दयाराम गोपाल अग्रवालले सहयोग रकम बराबरको चेक प्रतिष्ठानकी संरक्षक तथा वरिष्ठ




समाजसेवी अंगुरबाबा जोशीलाई हस्तान्तरण गर्नुभयो। सहयोग हस्तान्तरण गर्दै फाउन्डेसन अध्यक्ष अग्रवालले प्रतिष्ठानको कार्यको सरहाना गर्दै पवित्र उद्देश्य बोकेको यस संस्थालाई सहयोग गर्न पाएकोमा खुशी व्यक्त गर्नुभयो। साथै नबिलको सहयोगले प्रतिष्ठानलाई सामाजिक कार्यका क्षेत्रमा सेवा प्रदान गर्न अझ बढी उत्प्रेरणा मिल्ने विश्वास व्यक्त गर्नुभयो। सोही अवसरमा गुरुकुलकी संस्थापक जोशीले भावी महिला अगुवालाई निरन्तर रूपमा सहयोग गरेकोमा नबिल फाउन्डेसनलाई धन्यवाद दिनुभएको थियो। उहाँले आगामी दिनमा अझ बढी प्रभावकारी सेवा प्रदान गर्न प्रतिष्ठान प्रतिबद्ध रहेको विचार पनि व्यक्त गर्नुभयो।

### टाटा नेक्सनलाई एसयुभी अवार्ड

काठमाडौं, (नेस)

एनडीटिभी कार तथा बाइक अवार्डस् २०१८ मा टाटा नेक्सनलाई वर्षकै उत्कृष्ट सबकम्प्याक्ट एसयुभी अवार्ड प्राप्त गरेको छ।

यस वर्ष टाटा मोटर्स्बाट सबैभन्दा महत्त्वपूर्ण प्रक्षेपण रहेको नेक्सन भारतमा निर्माण गरिएको सब-४ मिटर एसयुभी स्पेस क्षेत्रमा लन्च हुने पहिलो मोडेल रहेको कम्पनीले जनाएको छ। टाटा मोटर्स्को डिजाइनमा आधारित चौथो उत्पादन टाटा नेक्सनलाई टाटाले २१ सेप्टेम्बर २०१७ मा सार्वजनिक गरेको थियो।

टाटा नेक्सनमा रहेका केहि भागका डिजाइन ल्यान्ड रोभर मोडेल, विशेष गरी रेन्ज रोभर इभोकबाट प्रेरित रहेको छ। कर्भ डिजाइन, पृथक स्टाईल र स्मार्ट फिचरका साथ नेक्सनले




कम्प्याक्ट एसयुभी स्पेसको वर्गमा नयाँ आयाम ल्याएको छ।

स्टाईलिङ डुअल कलर विकल्पमा उपलब्ध यस कारमा भएका केही नवीन र चाखलाग्दो स्टाइल तत्त्वले यस कारको लुक्स र शोभा बढाएको कम्पनीको दाबी छ। प्रोजेक्टर हेडल्याम्पस्, एलईडी डे टाइम हेडल्याम्प र एलईडी टेलल्याम्प तथा १६ इन्च एलोए हवीलजस्ता यस कारका महत्त्वपूर्ण विशेषता हुन्। कारको दुई मुख्य विशेषता भनेकै यसमा रहेको ड्यास टप एचडी इन्फोटेन्मेन्ट डिस्प्ले र मल्टी-ड्राईभिङ मोड सिस्टम रहेको छ। टाटा मोटर्सले टाटा नेक्सनलाई नेपाली बजारमा चाँडै लन्च गर्ने लक्ष्य लिएको छ।

## नेप्सेमा झिनो सुधार

काठमाडौं, (नेस)

अघिल्लो दिन ठूलो अंकको सुधार आएको शेयर बजार मंगलबार पनि सुधारिएको छ। साताको तेस्रो दिन मंगलबार नेपाल स्टक एक्सचेन्ज (नेप्से) २ दशमलव ४४ अंकले बढेको हो।

मंगलबार १ हजार ४ सय ३४ दशमलव ८ अंकबाट शुरू भएको बजार १ हजार ४ सय ३७ दशमलव २४ अंकमा पुगेर रोकिएको हो। मंगलबार कारोबार भएको केही समयपछि आधा घण्टा र अन्तिम एक घण्टा बाहेक अन्य समय सुधार देखिएको थियो।

परिसूचक बढ्दा मंगलबार ६३ करोड ३२ लाख २२ हजार ४ सय १२ रुपियाँको कारोबार भएको छ। यसैक्रममा १ सय ६६ कम्पनीका १२ लाख ६२ हजार ४ सय १७ कित्ता शेयर किनबेच भए। कारोबार रकम सोमबारको भन्दा करिब १४ करोड रुपियाँले बढी हो।

परिसूचक बढ्दा मंगलबार कुल बजार पुँजीकरण १६ खर्ब ७२ अर्ब १० करोड रुपियाँमा पुगेको छ। यसदिन लगानीकर्ताको सम्पत्ति करिब ३ अर्ब रुपियाँले बढेको हो। नेप्से परिसूचक बढ्दा मंगलबार 'क' वर्गका कारोबार मापन गर्ने सेन्सिटिभ इन्डेक्स पनि १ दशमलव १४ अंकले बढेर ३ सय ३ दशमलव ४६ अंकमा पुगेको छ।

मंगलबार नेप्सेमा ठूला समूहमा रहेका बैंकिङ, ट्रडिङ र अन्य समूहको परिसूचक बढ्दा नेप्से उकालो लागेको हो। ती समूहको परिसूचक क्रमश: १० दशमलव १३, शून्य दशमलव शून्य ८ र ४ दशमलव ३४ अंकले उकालो लागे। घट्नेमा बीमा समूह सबैभन्दा धेरै ६१ दशमलव ३४ अंकले बढ्यो।

## *हवाई भाडा नबढ्ने*

*काठमाडौं, नेस*

*वायुसेवा सञ्चालक संघले हवाई इन्धमा वृद्धि भए पनि हवाई भाडा वृद्धि नगर्ने जनाएको छ। नेपाल आयल निगमले मंगलबारबाट लागू हुने गरी हवाई इन्धनमा ३ रुपियाँ वृद्धि गरेको थियो।*

*सरकारले हवाई इन्धनको मूल्यमा ४ रुपियाँभन्दा तलमाथि भएमा मात्र मूल्य थपघट गर्न पाउने नियम बमोजिम हिजो निगमले बढाएको मूल्य ४ रुपियाँभन्दा कम भएकाले हवाई भाडा नबढाउने निर्णय संघले गरेको हो। सरकारले २०७२ मंसिर २७ बाट हवाई भाडामा स्वचालित मूल्यसूची लागू गरेको थियो।*

## हाइड्रो एक्स्पो राष्ट्रपतिले उद्घाटन गर्ने

काठमाडौं, (नेस)

हाइड्रो एक्स्पो २०१८ को तयारी पूरा भएको छ।

स्वतन्त्र उर्जा उत्पादकहरूको संस्था नेपाल (इपान) र एक्स्पो एन्ड इभेन्ट म्यानेजमेन्ट सर्भिस प्रालिको आयोजनामा पुस २१ गतेदेखि २३ गतेसम्म काठमाडौंको भृकुटीमण्डपमा हिमालयन हाइड्रो एक्स्पो २०१८ आयोजना हुने भएको हो।

एक्स्पोको उद्घाटन राष्ट्रपति विद्यादेवी भण्डारीबाट हुने तय भएको आयोजकले जानकारी दिएका छन्। एक्स्पोको उद्घाटन कार्यक्रम यही पुष २१ गते शुक्रबार विहान ११ बजे हुनेछ।

७ वर्षमा १७ हजार मेगावाट विद्युत् उत्पादन गर्ने सरकारको लक्ष्यलाई मेलाले सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

राजधानीमा तीन दिनसम्म चल्ने एक्स्पोमा हाइड्रोपावर निर्माता, हाइड्रोपावरका सामान उत्पादक, सप्लायर्स, डिजाइनर्स, कन्सलट्यान्ट, इन्स्योरेन्स कम्पनी, लगानीकर्ता र बैंक, वित्त कम्पनीलगायतको सयवटा भन्दा बढी स्टल रहने छन्। जसमध्ये करिब ५० प्रतिशत स्टल विदेशी कम्पनीको सहभागिता रहने छ।

## तरलताको सम्बोधन गर्न प्रधानमन्त्रीलाई दबाब

नेपाल समाचारपत्र

काठमाडौं

नेपाल उद्योग परिसंघको प्रतिनिधिमण्डलले प्रधानमन्त्री शेरबहादुर देउवासमक्ष भेट गरेको छ। परिसंघका अध्यक्ष हरिभक्त शर्मा नेतृत्वमा गएको टोलीले मुलुकको प्रधानमन्त्रीसामु ज्ञापनपत्र बुझाउँदै वर्तमान अर्थ व्यवस्थामा आएको तरलताको कारणले उद्योग व्यवसायमा परेको समस्याको तत्काल सम्बोधनको लागि पहल गरिदिन आग्रह गरेको हो।

भेटमा व्यवसायीले तरलताको संकटले गर्दा बैकिङ प्रणालीबाट प्रवाहित कर्जाको ब्याजदरमा उल्लेखनीय वृद्धि भई बढ्दो ब्याजदरले उत्पादन लागतमा वृद्धि भएको बताएका थिए। यसले उद्योग र व्यावसायिक क्षेत्रमा प्रतिकूल असर पर्न गएकाले प्रतिस्पर्धात्मक क्षमतामा ह्रास आएको व्यवसायीको भनाइ थियो।

भेटमा अध्यक्ष शर्माले यही अवस्था कायम रहेमा आगामी वर्षभित्रमा मुलुकको व्यवसाय गर्ने लागत छिमेकी मुलुकसँग प्रतिस्पर्धा गर्न नसक्ने स्थितिमा हुने बताउनुभएको थियो। अर्थतन्त्रको आकार बढे अनुरूपको आर्थिक व्यवस्थापन पक्ष कमजोर रहेको र वित्तीय अनुशासन कायम गरी ब्याजदरलाई सीमाभित्र ल्याउनु सम्बन्धित सरोकारवाला निकायले उपयुक्त वित्तीय उपकरण प्रयोग गर्नुपर्नेमा उहाँको जोड थियो। प्रतिनिधिमण्डलले सबै तहको चुनाव सम्पन्न भएको अवस्थामा आर्थिक समृद्धि र लगानीको ठूलो अवसर भएको बताएका थिए।



व्यवासायीको आग्रह सम्बोधन गर्दै प्रधानमन्त्री देउवाले आर्थिक समृद्धि तथा समग्र अर्थतन्त्रको विकासको लागि आफू कटिबद्ध रहेको बताउनुभएको थियो। उहाँले हालको तरलताको समस्या पनि सम्बन्धित सरोकारवालासँग छलफल गरी चाँडै समाधान गर्ने प्रतिबद्धता व्यक्त गर्नु भएको थियो।

एभरेष्ट अर्गानिकचियाविकास सहकारी संस्था लि.
माहांकाल गाउँपालिका वडा नं.५ , चन्दनपुर ललितपुर
अर्गानिक चिया विकास आयोजना सम्बन्धि बोलपत्र आव्हानको सूचना
( प्रथम पटक प्रकासितमिति २०७४।९।१९ )

यस सस्थालाई बोलपत्र फाराममा संलग्न स्पेशिफिसन बमोजिमको अर्गानिक चिया विकास आयोजना सम्बन्धि खरीद तथा निर्माण गर्नु पर्ने भएकाले सप्लाइगर्न ईच्छुक र ईजाजत प्राप्त फर्म/कम्पनि/डिलर/आपुर्ति कर्ताहरुबाट देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रित पुर्वको बोलपत्र पेश गर्नुहन यो सुचना प्रकासित गरीएको छ।

१) बोलपत्र सम्बन्धी कागजीतहरु सुचना प्रकासित भएको मिति देखि ३० औ दिनको कार्यालय समय भित्रफर्म/कम्पनि / डिलर/आपुर्तिकर्ताहरुले लिखित निवेदन साथ सूचनाको बुदा नम्बर ६ को खण्ड क,ख,ग,घ,र ङ मा उल्लेखित कागजातहरु संलग्न गरी यस कार्यालय चन्दनपुरबाट खरीद गर्न सकिनेछ।
२) खरीद गरेको बोलपत्र खरीद गर्ने अन्तिम मितिको भोटिपल्ट दिनको १२:०० बजे सम्म सिलबन्दी गरी खाममा विवरण प्रष्ट खुलाई यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ। दर्ता भएका बोलपत्रहरु कार्यालय प्रतिनिधि तथा बोलपत्रदाता वा निजहरुका प्रतिनिधिहरुको रोहवरमा दाखिला गर्ने अन्तिम दिनको अपरान्ह २:०० बजे खोलिने छ। बोलपत्र दाता वा निजको प्रतिनिधिहरु नभए पनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्नेछैन।
३) धरौटि बापत यस संस्थाको को सानिमा वैक लि सातदोबाट शाखामा रहेको खाता नं ०१४०००००७१६०१ मा आफुले कबोल गरेको अंकले ३ प्रतिशत हुने रकम नगदै जम्मा गरेको सक्कल बैंक भौचर वा बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकबाट यस संस्थाको नाममा जारी भएको विड वण्ड बोलपत्रका साथ पेश गर्नुपर्ने छ।
४) रीत नपुगेको वा ढिलो गरी प्राप्त हुन आएको बोलपत्रउ पर कुनै कारबाहि हुने छैन। साथै दररेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ।
५) बोलपत्र खरीद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा कार्यहरु क्रमश: लगतै कार्यालय खुलेको दिन हुनेछ।
६) बोलपत्र दाताको ग्राह्यताको आधारमा तथा त्यशसतो आधार प्रमाणित गर्न बोलपत्र दाताले सिलवन्दि वोलपत्र साथ देहायका कागज पत्र पेश गर्नु पर्ने छ। (क) फर्म,कम्पनि,संस्थादर्ताको प्रमाण पत्रको प्रतिलिपि (ख) मुल्यअभिवृद्धि कर र स्थायी लेखादर्ता प्रमाणपत्रको प्रतिलिपि (ग) बोलपत्रखरीद कारवाहिमा भाग लिन अयोग्य नभएको,प्रस्तावित खरीद कारवाहिमा स्वार्थ नवाझिएको र सम्बन्धित पेशा वाव्यवसाय सम्बन्धि कसुरमाआफुले सजायनपाएको भनिलिखित रुपमा गरेको घोषणा पत्र (घ) आ. व. २०७३/०७४ को कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि (ङ) बोलपत्रदाता , फर्म वा कम्पनिको power of Attorney (च) मालसामान उत्पादन सम्बन्धि लिखित
७) यस संस्थाको हितलाइ ध्यानमा राखि बोलपत्र स्वीकृत गर्ने नगर्नेआंसिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस संस्थाको सञ्चालक समितिमा सुरक्षित रहनेछ।
८) सुचनामा परेका व्यहोराहरु बाहेक अन्यको हकमा खरीद ऐन २०६३ तथा सार्वजनिक खरीद नियमावली २०६४ अनुसार हुनेछ।
९) बोलपत्र सम्बन्धमा अन्य कुराहरु बुझ्नु परेमा यस संस्थाको कार्यालयमा सम्पर्क राखि बुझ्न सकिनेछ।
तपशिल

| सि. न. | बोलपत्र नम्बर | आयोजानाको नाम | संस्थाको अनुमानितलागत | आवश्यक संख्या | बोलपत्रफारम दस्तुर |
|---|---|---|---|---|---|
| १ | १।२०७४।०७५ | भवननिर्माण | ३३५०००० | १ | ३०००।०० |
| २ | २।२०७४।०७५ | मेसिनरी खरीद | १६४०५०० | टेण्डर फारममा उल्लेखित | ३०००।०० |

अध्यक्ष

नेपाल समाचारपत्र

जि.का.का.द.नं. १४७/०५१/०५२ म.क्ष.हु.द.नं. ०३/०६२/०६३ www.newsofnepal.com

# महिला भलिबललाई रेडबुलको ३३ लाख




काठमाडौं, (नेस)

इनर्जी ड्रिङ्स रेडबुलको प्रायोजनपछि ढोरपाटन महिला डबल लिग भलिबलको १३औं संस्करणमा रेडबुल जोडिएर प्रतियोगिता सञ्चालन गर्ने भएको छ। मंगलबार आयोजक ढोरपाटन स्पोर्टस् क्लबका अध्यक्ष मनवीर छन्त्याल र मुख्य प्रायोजक गोर्खाब्रुअरीका मार्केटिङ मेनेजर इन्द्र रेग्मीबीच सम्झौतापत्र आदानप्रदान भयो। रेडबुलले प्रतियोगिताको लागि प्रत्येक वर्ष ११ लाखका दरले ३ वर्षमा प्रायोजनबापत ३३ लाख उपलब्ध गराउने पत्रकार सम्मेलनमा आयोजक क्लबका अध्यक्ष छन्त्यालले जानकारी गराए।

प्रतियोगिताले सहप्रायोजकका रूपमा युएम आईएमई अर्टोमोटिप्स, सामाखुसी बोडिङ स्कुल (सेब) बीजी मल र जिमी ग्रुपको साथ पाएको छ। युएम आईएमई अर्टोमोटिप्स प्रालिले चार उत्कृष्ट खेलाडी र एक दर्शकका लागि जम्मा ५ स्कुटरको प्रायोजन गर्नेछ। त्यस्तै अर्को सहप्रायोजक सेब स्कुलले नगद २ लाखको प्रायोजन गर्ने भएको आयोजकले जनाए।

नयाँ बसपार्कस्थित ढोरपाटन भलिबल प्रशिक्षण केन्द्रमा माघ ४ देखि १९ सम्म हुने प्रतियोगितामा तीन विभागीय टोली नेपाल एपीएफ, त्रिभुवन आर्मी र नेपाल पुलिस तथा न्यु डायमन्ड एकेडमी, न्यु डायमन्ड स्पोर्ट्स क्लब, पोखराको टप्स हाइ स्कुल, पूर्वाञ्चल क्षेत्रीय महिला भलिबल, काठमाडौंको पारामाउन्ट हाइ स्कुल, भक्तपुरको स्प्रिङडेल इङलिस स्कुल, श्री गाउँ स्पोर्ट्स विकास समिति, मेघौली स्पोर्ट्स फाउन्डेसन र थ्री स्टार एकेडमीको सहभागिता रहनेछ। प्रतियोगितामा डिफेन्डिङ च्याम्पियन रिड मोडल कलेजले भने सहभागिता जनाएको छैन। प्रतियोगितामा सहभागी टिमले विदेशी ४ खेलाडी राख्न पाउने प्रावधान छ। तर प्लेइङ सिक्समा भने ३ खेलाडी मात्र कोर्टमा उत्रन पाउने आयोजकले जनाएको छ।

प्रतियोगिताको विजेताले ३ लाख २५ हजार र उपविजेताले १ लाख ७० हजार र तेस्रो हुनेले ८० हजार नगद पुरस्कार पाउने छन्। यस्तै चौथो हुनेलाई ५० हजार, पाँचौं हुनेले ४० हजार, छैठौं हुनेले ३० हजार र सातौं हुने टिमले २० हजार नगद प्राप्त गर्ने छन्। प्रतियोगिताको अर्को आकर्षकका रूपमा रहेको ५ युएम पावरम्याक्स स्कुटर हो। चार विधामा उत्कृष्ट खेलाडीले युएम पावरम्याक्स स्कुटर पाउने छन्। बेस्ट प्लेयर, राइजिङ प्लेयर, प्लेयर अफ दी इयर र प्लेयर अफ दी सिरिज बन्ने खेलाडीले स्कुटरका हकदार हुने छन्। प्रतियोगिताका बेस्ट स्पाइकर, डिफेन्स, सेटर, सर्भिर, ब्लकर, उत्कृष्ट क्वीकर र उत्कृष्ट कोचलाई जनही ५ हजार पुरस्कार पनि दिइने आयोजकले जनाएको छ।

प्रतियोगिताको १३औं संस्करणमा एक दर्शकले समेत स्कुटर पाउने भएका छन्। प्रतियोगिताको अन्तिम दिन टिकट किनेर खेल हेर्न दर्शकमध्ये एकले लक्की ड्रबाट स्कुटर जित्ने छन्। प्रत्येक दिन एक दर्शकले लक्की ड्रबाट डाइमन्ड मोबाइल पनि पाउनेछन्। नेपाल भलिबल संघको प्राविधिक सहयोगमा हुने प्रतियोगितालाई राष्ट्रिय खेलकुद परिषद्ले सहयोग गरेको छ। पत्रकार सम्मेलन तथा साइनिङ सेरेमनीमा नेपाल भलिबल संघ अध्यक्ष मनोरञ्जन रमण शर्माले बल र नेट ढोरपाटन क्लबका अध्यक्ष छन्त्याललाई हस्तान्तरण गरेका थिए।

# राणा अध्यक्ष ओलम्पिकलाई नै राष्ट्रिय मान्यता

नेपाल समाचारपत्र

काठमाडौं

सर्वोच्च अदालतले रुक्म शमशेर राणा अध्यक्ष भएको नेपाल ओलम्पिक कमिटीलाई नै राष्ट्रिय मान्यता दिने फैसला गरेको छ।

अन्तर्राष्ट्रिय मान्यता प्राप्त नेपाल ओलम्पिक कमिटीले अदालतको निर्णय सच्याउन मुद्दा दायर गरेको थियो। मंगलबार न्यायाधीश दीपकराज जोशी र डम्बरबहादुर शाहीको संयुक्त इजलासले जीवनराम श्रेष्ठ अध्यक्ष भएको ओलम्पिक कमिटीको मुद्दा खारेज गरेको हो।

सो मुद्दा हिजो खारेज भएपछि नेपालमा राणा अध्यक्ष ओलम्पिक कमिटीले कानुनीरूपमा बैधानिकता पाएको छ। जुन सात वर्षअगाडि पनि सोहीअनुसार राणा नेतृत्व ओलम्पिक कमिटी नै नेपालको आधिकारिक हो भनेर सर्वोच्चबाट निर्णय भएको थियो। २०६७ सालमा सर्वोच्चको

> यसअघि २०७२ साल साउन ५ गते नेपालको दुई ओलम्पिक कमिटीबीच सम्झौता भएको थियो। त्यतिबेला दुवै पक्ष मिलेर नेपालको खेलकुद इतिहासमा एउटा नौलो उदाहरण कायम गरिएको थियो।

फैसला बाबजुद तत्कालीन ध्रुवबहादुर प्रधान अध्यक्ष भएको ओलम्पिक कमिटीलाई अन्तर्राष्ट्रिय ओलम्पिक कमिटी (आईओसी ) र ओलम्पिक काउन्सिल अफ एसिया (ओसीए) ले मान्यता दिइरहेको थियो। सो क्रम अहिले पनि रहेकै छ। त्यतिबेलाको निर्णय मान्य छैन भन्दै अन्तर्राष्ट्रिय मान्यता ओलम्पिक कमिटीबाट अदालतमा मुद्दा दर्ता गरिएको थियो। पहिलेकै निर्णयलाई सदर गरेपछि हाल श्रेष्ठ अध्यक्ष ओलम्पिक कमिटीको राष्ट्रिय मान्यता पाउने आशा पनि सकियो।

यसै गरी अन्तर्राष्ट्रिय मान्यता एनओसीका अध्यक्ष जीवनराम श्रेष्ठविरुद्ध अदालतको अवहेलना गरेको भन्दै राखिएको मानहानी मुद्दाको फैसला भने श्रेष्ठको पक्षमा भएको छ।

गत चैतमा राणा अध्यक्ष एनओसीका पदाधिकारीहरू सातदोबाटोस्थित एनओसी भवनमा सुरक्षाकर्मीको पहलमा प्रवेश गरेका थिए। यो प्रकरणले नेपालमा दुई एनओसीबीच विवाद चुलिएको थियो। त्यतिबेला श्रेष्ठले सरकारको हस्तक्षेपले विवाद चुलिएको बताएका थिए। श्रेष्ठ दुई वर्षअगाडि उमेशलाल श्रेष्ठलाई हराएर एनओसीको अध्यक्षमा निर्वाचित भएका हुन्।

## धरहरा

### छोटा कपडा र आइसक्रिम



चिसो मौसमले अहिले सबैलाई हैरान पारेको छ। राजधानीबासीहरू बाक्लो कपडा लगाउने र तातो-तातो खानमा व्यस्त देखिन्छन्। तर एकाथरि युवती भने युवालाई नै लोभ्याउने गरी छोटा मिनिस्कर्ट र छोटो टिसर्ट त्यसमा पनि हातमा आइसक्रिम त्यति भएपछि केटाहरूलाई के चाहियो र? ती ताता युवतीलाई जिस्क्याउन थालेपछि दरबारमार्गमा एकछिन बाटो जाम हुने अवस्था सिर्जना भएको थियो। युवाहरूले अति गरेपछि युवतीहरू एउटा हातमा आइसक्रिमको कोन अर्को हातमा हिलजुत्ता लिएर युवालाई तथानाम गाली गर्दै आक्रमण गर्न कुंदेको दृश्यले ती युवतीहरूलाई एउटा सुझाव दिने अवस्थामा पुगेको छ धरहरा। कम्तीमा पनि ती युवतीले अरू केही ख्याल नगरे पनि जाडोको चाहिँ ख्याल गर्नुपर्ने हो नि! चिसोले राजधानीवासी बिरामी भएर हैरान भएका छन्। ती नानीहरू शरीरमा पनि आधा लुगा, हातमा आइसक्रिम, निमोनिया होला भन्ने डर धरहरालाई लागेको छ। केटाले जिस्क्याउने वातावरण बनाउनु त भएन नि! नानीहरू हातमा हिलजुत्ता लिएर हिँड्नुको सट्टा शरीरभरि कपडा लगाएको भए ती पाजी युवाहरूले कहाँबाट जिस्क्याउन्! हैन त पाठक वृन्द ?

# पुलिसले नतिजा उल्टयायो

काठमाडौं, (नेस)



नेपाल पुलिस क्लबले जारी महिला राष्ट्रिय लिग फुटबल च्याम्पियनसिपमा सुदूरपश्चिमाञ्चलविरुद्ध एक गोलले पछि परेको स्थिति उल्टयाएर जित हात पारेको छ।

सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा मंगलबारको खेलमा पुलिसले क्षेत्रीय टोली सुदूरपश्चिमाञ्चललाई २-१ ले हराएको हो। ५६औं मिनेटसम्म १-० ले पछि परेको विभागीय टोलीका लागि नीरु थापाले ५७औं मिनेटमा बराबरी गोल फर्काइन्। आठ मिनेटपछि निर्मला उपाध्यायले गोल गरेपछि टोलीको जित पक्का भएको थियो। यसअघि खेलको १६औं मिनेटमा चन्द्रा भण्डारीले गोल गरी सुदूरलाई अग्रता दिलाएकी थिइन्।

पुलिसका प्रशिक्षक सञ्जीव जोशीले विपक्षीको खेल राम्रो भएकोले खेलमा फर्कन मुस्किल भएको बताए। उनले भने- 'पहिलो हाफमा प्रतिद्वन्द्वीको प्रदर्शन हाम्रोभन्दा राम्रो थियो। दोस्रो हाफमा हाम्रो टिमवर्क र तालमेलले गर्दा जित हासिल भयो। सुदूरपश्चिम टोली भनेको संस्था जस्तै हो। हामीलाई थाहा उनीहरू धेरै राम्रो खेलिरहेका छन्।'

उता सुदूरपश्चिमका मेनेजर डबलबहादुर थापाले हारे पनि खेलमा सन्तुष्ट भएको बताए। उनले भने- 'खेलाडीको प्रदर्शनमा म खुसी नै छु। हामी सुपर लिग खेल्न योग्य पनि छौं।'

त्यस्तै हिजै भएको अर्को खेलमा मध्यमाञ्चलले पूर्वाञ्चललाई ४-० गोलअन्तरले हरायो। यो मध्यमाञ्चलको प्रतियोगितामा पहिलो जितसमेत हो। टोलीको जितमा रश्मीकुमारी घिसिङले दुई गोलको योगदान दिएकी थिइन्। जसमा उनले छैठौं मिनेटमा टोलीलाई अग्रता दिलाइन् भने खेल सकिन ९ मिनेट छँदा अर्को गोल थपेकी थिइन्। कप्तान मेनुका नगरकोटीले ३२औं मिनेटमा पेनाल्टीमा गोल गर्दा सविता राना मगरले ६१औं मिनेटमा गोल गरेकी थिइन्।

# गोल्डकप फागुन ५ देखि

हेटौंडा, (नेस)। खेलपत्रकार स्व. सुमन भोम्जनको स्मृतिमा सुमन भोम्जन स्मृति खेलकुद प्रतिष्ठानले तेस्रो हेटौंडा अन्तर्राष्ट्रिय गोल्डकप फुटबल प्रतियोगिता फागुन ५ गतेदेखि १२ गतेसम्म आयोजना गर्ने भएको छ। हेटौंडामा हुने भएको छ। प्रतियोगितामा मनाङ-मर्स्याङ्दी, थ्रीस्टार, एपीएफ सहभागी हुनेछन् भने हेटौंडाको विजय युथ, खप्तड, झापा-११ तथा साहारा क्लबको पनि सहभागिता रहनेछ। प्रतियोगिता सञ्चालन गर्न कुल ६० लाख लागत अनुमान गरिएको छ।

# आयोजक फाइनलमा

लमजुङ, (नेस)

लमजुङमा जारी रहेको त्रिवेणी कप फुटबल प्रतियोगितामा आयोजक त्रिवेणी युवा क्लब फाइनलमा प्रवेश गरेको छ। सुन्दरबजार युवा क्लब लमजुङलाई पेनाल्टीमा हराउँदै त्रिवेणी फाइनलमा पुगेको हो। अर्को सेमिफाइनल खेलमा पनि पेनाल्टीबाट बेंसीशहर युथ सोसाइटी विजयी भई फाइनलमा प्रवेश गऱ्यो। बुधबार फाइनल खेल हुनेछ।

# युनाइटेड दोस्रो स्थानमा

लन्डन, (एजेन्सी)

म्यानचेस्टर युनाइटेड इङ्लिस प्रिमियर लिग फुटबलअन्तर्गत पुनः दोस्रो स्थानमा उक्लिएको छ।

सोमबार राति भएको खेलमा म्यानचेस्टर युनाइटेडले एभर्टनलाई उसैको घरेलु मैदानमा २-० ले पराजित गर्दै अंक तालिकाको दोस्रो स्थानमा फेरि कब्जा जमाएको हो। जितपछि २२ खेलबाट ४७ अंक जोडेको युनाइटेडले चेल्सीलाई तेस्रोमा धकेलेको हो। एक खेल कम खेलेको चेल्सी ४५ अंकका साथ तेस्रो स्थानमा छ। युनाइटेड अझै पनि शीर्ष स्थानको म्यानचेस्टर सिटीभन्दा १२ अंकले पछाडि रहेको छ।

युनाइटेडको जितमा एन्थोनी मार्सियाल र जेसे लिन्गार्डले एक-एक गोल गरेका थिए। पहिलो हाफ गोलरहित बनेको उक्त खेलको ५७औं मिनेटमा पाउल पोग्बाको पासमा मार्सियालले गोल गर्दै युनाइटेडलाई अग्रता दिलाएका थिए। यसै गरी खेलको ८१औं मिनेटमा पोग्बाकै पासमा लिन्गार्डले गोल गरेपछि युनाइटेडले २-० को जित सुनिश्चित गऱ्यो।

यसै गरी अर्को खेलमा लिभरपुल पनि विजयी भएको छ। लिभरपुलले बर्नलीलाई २-१ गोलअन्तरले हराएको हो। बर्नलीको घरेलु मैदानमा भएको उक्त खेलमा पहिलो हाफ गोलविहीन बनेको थियो। ६१औं मिनेटमा साडियो मानेले गोल गर्दै लिभरपुललाई अग्रता दिलाए पनि बर्नलीका जोहान गुड्मन्सनले ८७औं मिनेटमा बराबरी गोल फर्काए। तर, इन्जुरी समयको चौथो मिनेटमा डिफेन्डर राग्नार क्लाभानले गोल गरेपछि लिभरपुलको जित सम्भव बन्यो। जितका बाबजुद लिभरपुल अंक तालिकाको चौथो स्थानमा यथावत् नै रहेको छ।


साधनाको नयाँ अंकका विशेष आकर्षणहरु




सर्वत्र बजारमा उपलब्ध

**होसियार ! एलर्जीले दीर्घरोगी बनाउला**

एलर्जीको उपचार समयमै नगरे जीवनभर पछुताउनुपर्छ । समयमै उपचार गरेको खण्डमा अब कुनै पनि बिरामीले एलर्जी भयो भनेर आत्तिनुपर्दैन । खोप र औषधिका माध्यमबाट यसको उपचार नेपालमै शुरू भैसकेको छ । उपयोगी रिपोर्ट ।

**नसा च्यापिंदाको पीडा : उपचार के छ त ?**

नसा च्यांपिदा नसाको काम अवरूद्ध हुन पुग्छ । त्यसैले कम्मर दुख्ने, च्यापिएको नसा गएको हात-खुट्टातिर दुख्ने, हातखुट्टा निदाउने, झमझमाउने, लाटो हुने, बिस्तारै हातखुट्टा तथा ढाड चलाउन नसक्ने, ढाडमा अधिक पीडा हुनेजस्ता समस्या आइपर्छ । आखिर के छ त उपचार ? पढ्नै पर्ने लेख ।

**होल बडी चेकअप : कहाँ कति ?**

होल बडी चेक गरेपछि त्यसको रिपोर्टले सामान्यतया सम्भावित रोग र रोग लाग्न नदिने उपायहरूका बारेमा समेत पूर्वजानकारी गराउँछ । होल बडी चेक अप गर्दा के-के चेक गरिन्छ र यसबापत कुन अस्पतालले कति रूपियाँ लिन्छन् ? सन्देशमूलक रिपोर्टिङ ।

**कुपोषण हटाउने सरकारी प्रयास : स्थानीय खानेकुरामा बेवास्ता**

स्वास्थ्य मन्त्रालय गर्भवतीलाई क्याल्सियम र प्रोटिन खानुपर्छ भनेर महँगो औषधि बाँडदै हिंड्छ, साथै केवल बालभिटा बाँडेर बालबालिकाको कुपोषण कम गर्न चाहन्छ । यस्ता क्याल्सियम र बालभिटाका प्याकेट होइन, वरिपरिको स्थानीय खाना खान समुदायलाई सिकाउनुपर्नेमा जोडदार कुरा उठाइएको पोषणविद् डा. अरूणा उप्रेतीको लेख ।

**पेट घटाउन योगाभ्यास**

पेट बढ्नु स्वास्थ्य र सौन्दर्य दुवैका दृष्टिकोणले राम्रो मानिदैन । खानपानमा सावधानी अपनाएर योगाभ्यास गर्ने गरेमा बढेको पेट घटाउन सकिन्छ । पेट बढेकाहरूका लागि योग चिकित्सक डा. क्षितिज बराकोटीको उपयोगी लेख ।

**स्मार्ट देखिन हेयर कट गर्नेको लर्को**

सौन्दर्यको कुरा गर्नुपर्दा अनुहार मात्र सबै थोक होइन । सुन्दर कपाल अनि उसको हेयर कट तथा स्टाइलले पनि मानिसको व्यक्तित्व अझ खुलेको देखिन्छ । त्यसैले स्मार्ट देखिन ब्युटिपार्लरमा हेयर कट गर्नेको लर्को लाग्ने गरेको छ । अनुभवी ब्युटिसियनको लेख ।

**रोग र दु:ख मुक्तिका लागि बुद्ध मेडिसिन**

सुख र शान्ति प्राप्त गर्नका लागि अनुशासनहीन मनलाई नियन्त्रण गर्ने विज्ञान नै बुद्ध-मनोविज्ञान हो । यस विज्ञानको अनुशरण गर्ने हो भने मानिस सुखी र निरोगी हुन धेरै मद्दत मिल्छ । एक मनोविद्को सन्देशमूलक लेख ।

**के डाइटरी सप्लिमेन्ट लिन जरूरी छ ?**

डाइटरी सप्लिमेन्ट न खाद्यपदार्थ हो, न त औषधि नै हो ? यो एउटा उत्पादन हो, जसमा खाद्यपदार्थमा पाइने तत्व रहेको हुन्छ । के यो तत्व पाइने ट्याब्लेट खानु जरूरी छ त ? पोषण विज्ञ डा. जया प्रधानको स्वास्थ्योपयोगी लेख ।

- गर्भमा बच्चा उल्टो बसेमा ज्यानकै खतरा
- नाइटिङ्गेलको जीवनीले नर्सिङ अध्यापिका बनायो
- मधुमेहले आँखामा असर पुऱ्यायो कि ?
- स्खलनपछिको शारीरिक सम्पर्क
- बढी खान नहुने ७ पदार्थ

साथमा तपाईंका घरमा हाम्रा डाक्टर, इन्ट्रेस्टिङ हेल्थ फ्याक्टस्, हेल्थ न्यूज, हेल्थ टिप्सलगायतका स्थायी स्तम्भहरू।


कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ